# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०६६/०६७





नेपाल सरकार

कृषि तथा सहकारी मन्त्रालय

**पशु सेवा विभाग**

हरिहरभवन, ललितपुर,

फोनः ५५३०९४४/५५२५४७८/५५२२०५६/५५२१६१०

फ्याक्सः ९७७-१-५५४२९१५

E-mail: dls@ntc.net.np



२०६८ जेठ

# पशु सेवा विभागको परिचय

## ऐतिहासिक पृष्ठभूमि

नेपालको कृषि प्रणालीमा पशु व्यवसायको महत्व अनादिकालदेखि आजसम्म रहिआएको छ र भोलि पनि रहने छ । बर्तमान अबस्थामा यो व्यबसाय कृषि उत्पादनको पूरक अंग मात्र नभएर जनसाधारणको आय आर्जन गर्ने प्रमुख आधार भएको छ । पशु पालन व्यवसायको विकासको प्रयास दरबारमा भएका उन्नत पशुहरूको सुरक्षार्थ होमियोप्याथी प्रणाली अनुसार एक बिदेशी डाक्टर झिकाई काठमाण्डौमा डिस्पेन्सरी खोली शुरू भएको देखिन्छ । त्यसपछि पशु सेवामा क्रमिक रूपमा विस्तार र आधुनिकिकरण हुदै गएको पाइन्छ । यस क्रममा बि.सं. १९९६ मा पहिलो पटक काठमाण्डौमा एलोप्याथिक प्रणाली अनुसार एक भेटेरिनरी डिस्पेन्सरीको स्थापना भयो र उक्त डिस्पेन्सरी बि.सं. १९९७ मा पशु चिकित्सालयमा परिणत भयो । परम्परागत पशुपालन पद्धति अपनाउंदा उत्पादनमा ह्रास आउनाको साथै माहामारीको रूपमा रोगको समेत सामना गर्नु पर्ने संभावना भएको हुंदा उन्नत पशुपालन बारे प्रचार प्रसारको साथै उक्त समयमा भएको गौगोटी रोगमा भएको प्रकोप समेत प्रतिकार गर्ने उद्देश्यले वि.सं. २०१४ साल सम्ममा १० जिल्लाहरूमा पशु अस्पतालहरूको स्थापना भयो । तैपनि पशु स्वास्थ्य सेवाको आवश्यकता बढ्दै गएकोले भारत, FAO / OXFAM को सहायतामा देशव्यापी रूपमा सेवा पुर्‍याउन ३३ वटा अस्पताल, २१ डिस्पेन्सरी र १८ वटा चेकपोष्ट वि.सं. २०२१ सम्ममा स्थापना हुन पुगे । यसै समयमा ५ वटा पशु विकास फार्महरू पनि खोलिए ।

माथि उल्लेखित पशु सेवाका लागि स्थापित संस्थाहरू तत्कालिन कृषि विभाग अन्तर्गत राखिएका थिए । वि.सं. २०२३ सालमा पशु विकास तथा पशु स्वास्थ्य विभागको स्थापना गरी पाचौं पंचबर्षिय योजनादेखि पशु स्वास्थ्य, पशु आहारा, पशु प्रजनन् तथा पशुपालन व्यबस्थापन सेवालाई एकीकृत रूपमा कृषकहरूको घर दैलोमा पुर्‍याउने उद्देश्यले समन्वयात्मक पशु सेवा कार्यक्रम संचालन गरियो । यस बिभाग मार्फत विभिन्न भौगोलिक क्षेत्रमा उन्नत पशुपंक्षीको आपूर्ति गर्ने, पशु विकास फार्महरूको स्थापना र जनसाधारणमा शुलभ तरिकाले पशु स्वास्थ्य सेवा पुर्‍याउने प्रयासहरू भए । बि.सं. २०२९ सालमा कृषिका सम्पूर्ण कार्यहरू समन्वयात्मक रूपमा लानको लागि पशु विकास तथा पशु स्वास्थ्य विभागलाई पुन: कृषि विभागमा गाभियो ।

पशुपालन ब्यबसायको बढ्दो माग पूरा गर्न पशु सेवामा आएको कमीलाई महशूस गरी बि.सं. २०३६ मा पुन: पशु विकास तथा पशु स्वास्थ्य विभाग (पछि पशु सेवा विभागको नाममा) पुनर्गठन गरियो । त्यसपछि क्रमिक रूपमा ७५ वटै जिल्लाहरूमा पशु सेवा कार्यलयहरू, ग्रामिणस्तरमा सेवा केन्द्रहरू, प्रयोगशाला तथा फार्महरूको सुदृढीकरण र केही नयां फार्महरू स्थापना भए । पशु सेवा कार्यक्रमलाई टेवा दिन केन्द्रीयस्तरमा महाशाखा र शाखाहरू गठन भए । वि.सं. २०४९ सालमा पुन: कृषि क्षेत्रका सबै सेवात्मक निकायहरूलाई समेटी कृषि विकास विभागको गठन भयो । तत्पश्चात व्यबस्थापन पक्षमा जटिलता र सेवामा शिथिलता आएको महसूस गरी पुन: २०५२ साल श्रावण १ गते पशु सेवा विभागको गठन भयो । यस विभागले निम्न अनुसारको उद्देश्य पूरा गर्न निरन्तर रूपमा अधिराज्यभर स्थापित अन्तर्गतका निकायहरू मार्फत् पशुजन्य उद्योग व्यवसायको विकास तथा विस्तारमा महत्वपूर्ण योगदान पुर्‍याउदै आएको छ

## पशु सेवा विभागको दीर्घकालीन उद्देश्य

पशु पालन व्यबसायलाई विविधिकरण, व्यबसायीकरण, आयमूलक तथा सम्मानित पेशाको रूपमा विकास गरी राष्ट्रिय उत्पादनमा योगदान पुऱ्याउने पशु सेवा विभागको प्रमुख हो भने अन्य उद्देश्यहरू निम्न प्रकारका छन् ।

- पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याउने र यसको सन्तुलित सेवनबाट कुपोषणको समस्या हटाउँदै लाने ।
- ग्रामीण अर्थतन्त्रलाई टेवा पुऱ्याउन र क्षेत्रीय सन्तुलन कायम गर्न पशुपालन व्यवसायलाई विशेष ध्यान दिने ।
- पशुपंछीपालनबाट गरीब तथा सामाजिक दृष्टिकोणबाट पिछडिएका वर्ग र महिला वर्गको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याउन विशेष योगदान पुऱ्याउने ।
- उन्नत पशुपालन पेशालाई कृषक परिवारको प्रमुख आयश्रोतको रूपमा विकास गरी वातावरण संरक्षण तथा सन्तुलन कायम गर्न सहयोग पुऱ्याउने ।
- देशको पशुधनको सुरक्षा र जनस्वास्थ्य संरक्षणमा योगदान पुऱ्याउन विशेष पशु रोगहरूको नियन्त्रण सेवामा विस्तार गर्ने ।
- आयात प्रतिस्थापन तथा निर्यातमूलक पशुपंछी उत्पादनबाट उद्योगलाई कच्चा पदार्थ उपलव्ध गराई सहयोग पुऱ्याउने ।
- व्यवसायीक पशुपंछीपालन, त्यसको श्रोत विकास तथा संरक्षण सेवा तथा वजार व्यवस्थापनमा निजि क्षेत्रलाई संलग्न गराउने ।
- पशुपंछी उत्पादन क्षेत्र र सम्वन्धित उद्योग र व्यापारलाई प्रोत्साहन दिई स्वरोजगारको अवसरमा वृद्धि ल्याउने ।
- पशुपंछी उद्योग व्यवसायसंग सम्बन्धित सामाग्रीहरूको गुणस्तर निर्धारण तथा नियन्त्रण सेवामा विस्तार गर्ने।
- लोपोन्मुख पशुपंछीहरूको पहिचान, संरक्षण, संवर्द्धन र विकास गर्दै लैजाने ।

## पशु सेवा विभागको दीर्घकालीन रणनीति

### (क) पशु स्वास्थ्य सेवा

१. पशुपंछीलाई आवश्यक पर्ने भ्याक्सिनहरू स्वदेशमै उत्पादन गर्ने ।
२. पशुपंछी उपचार तथा प्राविधिक परामर्श सेवाहरूमा निजी क्षेत्रको संलग्नता वढाउँदै लैजाने ।
३. वढी क्षती गर्ने संक्रामक रोगहरूको नियन्त्रण तथा उन्मूलन गर्ने ।
४. जनसाधारणमा पशुपंछी रोग निदान सेवा उपलब्ध गराउने ।
५. रोगको प्रवाह वढ्न नदिन र प्रभावकारी उपचार पुऱ्याउन रोगहरूको देशव्यापी सर्भिलेन्स गर्ने ।
६. पशुपंछीमा प्रयोग हुने औषधि तथा भ्याक्सिनको नीति तय गरी गुणस्तर कायम गर्ने ।
७. विदेशबाट रोग भित्रिन नदिन पशु क्वारेन्टाइन सेवा प्रभावकारी रूपमा कार्यान्वियन गर्ने ।
८. पशुपंछीबाट मानिसमा सर्ने रोगहरू (Zoonosis) को नियन्त्रण गर्ने ।
९. पशु वधशाला तथा मासु जांच ऐन कृयाशिल गर्ने र वधशाला स्थापना र संचालन निजी क्षेत्रबाट गराउन प्राविधिक तथा आवश्यक पूर्वाधार विकासमा सहयोग पुऱ्याउने ।
१०. निजी क्षेत्रबाट पुऱ्याउने पशुपंछी उपचार सेवालाई गुणस्तरयुक्त बनाउन सहयोग गर्ने ।
११. विश्व व्यापार संगठन तथा O.I.E. को मापदण्ड अनुसार पशु स्वास्थ्य सेवालाई आधुनिकिकरण गर्ने

## (ख) पशु उत्पादन सेवा

१. पशु विकास फार्महरूमा घांसको मूल वीउ, पशुपंछीका उन्नत नश्ल (Nucleus Herd) स्थापना गरी जिल्लाका श्रोतकेन्द्रहरूमा वितरण गर्ने र देशमा उपयुक्त नश्ल स्थापित गराउन प्रजनन् नीति तय गर्ने ।
२. पशुपंछीको दाना तथा दानामा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर व्यवस्थापन गर्ने ।
३. सामुदायीक खर्क चरण उपभोक्ता समुह मार्फत् उत्पादनशील बनाई प्रयोगमा ल्याउने ।
४. कवुलियती तथा सामुदायीक वन उपभोक्ता समुहमा उपलव्ध गराई घांस/चरनको आपूर्ति बढाउने ।
५. व्यक्तिगत वा सामुदायीक, हैसियत विग्रेका, प्रयोगमा नआएका जग्गाहरू जस्तै: राजमार्गको किनारा, हाइटेन्सन लाइनमुनिको जग्गा, नहरको डील, पहिरो गएको क्षेत्र आदिमा घांस विकास कार्यक्रम संचालन गर्ने ।
६. गुणस्तरीय घांसको वीउ उत्पादन तथा विक्रि वितरणमा निजी क्षेत्रलाई संलग्न गराई आपूर्ति वढाउने।
७. निजी क्षेत्रबाट पशुपंछी हाटवजारहरू उपयुक्त स्थानमा स्थापना गरी संचालन गराउन प्राविधिक तथा पूर्वाधार विकासमा आवश्यक सहयोग उपलव्ध गराउने ।
८. लोपोन्मूख घरपालुवा पशुपंछीको नश्लको संरक्षण गर्ने ।
९. निजी क्षेत्रको सहभागितामा पोल्ट्री विकास वोर्ड जस्ता आवश्यक संस्थाहरू स्थापना गराई व्यवसायीक रूपमा स्थापना भएका पशुजन्य उद्योगहरूको प्रवर्द्धन गर्ने ।
१०. पशुजन्य पदार्थको उत्पादनको लागत घटाई अन्तराष्ट्रिय वजारको लागि उपयुक्त गुणस्तरको पदार्थ उत्पादन गराउने ।
११. छाला संकलन तथा प्रशोधनको लागि आवश्यक प्राविधिक तथा पूर्वाधार विकास गर्ने ।
१२. व्यवसायीक पशु विकास गरिने क्षेत्रमा वातावरण संरक्षण, वैकल्पिक उर्जा तथा माटोको उर्वराशक्तिमा सन्तुलन कायम गर्न गोवर ग्यांस उत्पादन जस्ता विशेष कार्यक्रम निजी क्षेत्रको सहभागितामा प्रवर्द्धन गर्ने ।
१३. पशुपंछी व्यवसायमा जोखिम घटाई कृषकलाई राहत दिन वीमा कार्यक्रम प्रवर्द्धन गर्ने ।
१४. कर्जा सर्वसुलभ गराउन वित्तिय संस्थाहरूसंग समन्वय गरी कार्यक्रम संचालन गर्ने ।

## (ग) पशु सेवा तालीम तथा प्रसार सेवा

१. कृषकमा नयां प्रविधि हस्तान्तरण गर्न तालीमको व्यवस्था गर्ने ।
२. समूह मार्फत आयोजनाको रूपमा कार्यक्रम संचालन गरी पशुजन्य पदार्थको उत्पादनमा वृद्धि ल्याउने ।
३. प्रत्येक जिल्लामा साना साना आयोजनाहरू एक आपसमा आवद्ध गरी एउटा भूपर्यावरणीय क्षेत्र (Ecological region) भित्र प्रतिस्पर्धात्मक रूपमा विशेष पशुजन्य वस्तुको व्यवसायीकस्तरमा उत्पादन गराउने ।

# पकेट प्याकेजको अवधारणा

दीर्घकालीन कृषि योजनाको लक्ष्य अनुरूप आगामी २० बर्षभित्र दूध, मासु र फुल उत्पादनमा आत्मनिर्भरता हासिल गरी निकासी प्रबर्द्धन समेत गरिने छ । यसै अबधिभित्र पशुजन्य उत्पादनको बार्षिक बृद्धि दर हालको ३.९ प्रतिशतबाट ६.७ प्रतिशत पुऱ्याई पशुपालन क्षेत्रबाट राष्ट्रिय कृषि ग्रार्हस्थ उत्पादनमा हालको ३१ प्रतिशतबाट ४५ प्रतिशत पुऱ्याउने दीर्घकालिन लक्ष्य रहेको छ ।

आ.व. २०५४/५५ बाट दीर्घकालीन कृषि योजना (एपिपि) शुरूवात भई जिल्लास्तरमा सडक, सिंचाई, बिद्युतिकरण, कृषि/पशु प्रसार तथा अनुसन्धान, भूमिसुधार, बन, ऋण, बजार, साना तथा मझौला खालका कृषि उद्योगलाई एकिकृत रूपमा बिकास गर्ने प्रकृयाको बाताबरण तयार भएको छ । तर एकै पल्ट सबै स्थानमा एकिकृत रूपमा कृषि बिकास गर्न श्रोत र साधनले नभ्याउने देखिएकोले जिल्लाहरूलाई बिभिन्न पकेटहरूमा बिभाजन गरी क्रमबद्ध रूपमा बिकास गर्ने उद्देश्यले पकेट प्याकेजको रणनीति अपनाईएको छ । यस रणनीति अनुसार जिल्लाहरूलाई उपलब्ध श्रोत र सुबिधाको आधारमा पकेटलाई बिभाजन गरी बिभिन्न कार्यक्रमहरूमा एकिकृत रूपमा लगानी गरी सबै भन्दा छिटो लगानीको प्रतिफल दिने पकेट स्थललाई पहिलो प्राथमिकता दिई कार्यक्रम संचालन गरिएको छ । बिभिन्न भौगोलिक क्षेत्रहरूमा एपिपिले पहिचान गरेका प्राथमिकता प्रदत्त उपजहरू तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.– १**

**भौगोलिक क्षेत्र अनुसार एपिपिले पहिचान गरेका प्राथमिकता प्रदत्त उपजहरु**

| बिकास क्षेत्र | हिमाली क्षेत्र | पहाडी क्षेत्र | तराई क्षेत्र |
|---|---|---|---|
| पूर्बान्चल | दुध उत्पादन, याक, बंगुर, भेडा | दुध उत्पादन, खसि, बाखा, बंगुर, | बढि मोल जाने कृषि बस्तु, बस्तुभाउको पोषण सुधार गर्नको लागि घांसेबाली । |
| मध्यमान्चल | याक, भेंडा, गाई गोरू । | दुध उत्पादन, खसि, बाखा, बंगुर, | बढी मोल जाने कृषि बस्तु, बस्तुभाउको पोषण सुधार गर्नको लागि घांसेबाली । |
| पश्चिमान्चल | भेडा, खसि, बाखा । | दुध उत्पादन, खसि, बाखा, । | बढि मोल जाने कृषि बस्तु, बस्तुभाउको पोषण सुधार गर्नको लागि घांसेबाली । |
| मध्य पश्चिमान्चल | भेंडा, याक, खसी/बाखा । | दुध उत्पादन, खसि, बाखा, । | बढि मोल जाने कृषि बस्तु, बस्तुभाउको पोषण सुधार गर्नको लागि घांसेबाली । |
| सुदुर पश्चिमान्चल | खसी/बाखा, दुध उत्पादन । | दुध उत्पादन, खसी/बाखा | बढी मोल जाने कृषि बस्तु, बस्तुभाउको पोषण सुधार गर्नको लागि घांसेबाली । |

पशु सेवा कार्यक्रम संचालनार्थ प्राथमिकता अनुसार दुध (भैंसी/गाई), मासु (बाखा, कुखुरा, वंगुर, रांगो, भेडा) र फुल (कुखुरापालन) उत्पादनलाई राखिएको थियो । कार्यक्रमलाई मुख्य ४ भाग: व्यवसायीक, व्यवसायोन्मुख, आय आर्जन र व्यवसायीक सुदृढीकरण कार्यक्रममा बिभाजन गरिएको थियो । आय आर्जन कार्यक्रम अन्तरगत गरिवी निवारण कार्यक्रम, महिला विकास कार्यक्रम र दलित जनजाती बिकास कार्यक्रम संचालन भएको थियो । पकेट प्याकेज कार्यक्रमहरूको वस्तुगत संख्यात्मक विवरण अनुसुचि १६ मा दिइएको छ । पकेट प्याकेजका प्रमुख कार्यनीतिहरू निम्न प्रकारका छन् ।

## कार्यनीति

१) सडक सुविधा (राजमार्ग तथा सहायक मार्ग) र बजारको पूर्वाधार तथा पहुंच, संकलन केन्द्र/प्रशोधन केन्द र कृत्रिम गर्भाधान सुबिधा भएका जिल्लाहरूमा संभाव्यताको आधारमा व्यवसायीक पशु विकास कार्यक्रम पकेट प्याकेज कार्यक्रमको रूपमा संचालन गरिएको छ ।

२) पुरानो समुहहरू संचालन भएको पकेट क्षेत्रमा समुहहरूलाई समितीमा आवद्ध गराई पशु विकास पकेट प्याकेज कार्यक्रमको अवधारणा अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ।

३) बजारको मांग र ट्रेकिंग रूटलाई दृष्टिगत गरी व्यवसायीक कुखुरा एवं बाख्रा/भेंडाको कार्यक्रम साथसाथै बिषय बिशेष विविधिकरण कार्यक्रम संचालन गरिएको छ ।

४) पशु बिकास कार्यक्रमहरू बिगतका आ.ब.हरूमा बिभिन्न कृषक समूह मार्फत संचालन हुदै आएको थियो भने आ.ब २०५६/५७ मा कृषक समितीहरू मार्फत पकेट प्याकेज कार्यक्रम संचालन गरिएको छ । यस्तो समिति गठन गर्दा कार्यक्रमको संभाबना भएका गा.बि.स.हरूमा ५ वटा कृषक समुहहरू गठन गर्ने र उक्त समुहबाट समिती गठन गरी बिभिन्न कार्यक्रमहरू समिती मार्फतै संचालन गर्दै लगेर ५ बर्षमा पूरा गा.बि.स.लाई नै पकेट क्षेत्र बनाउने लक्ष्य रहेको छ । यसरी समिती मार्फत् कार्यक्रम संचालन गराउंदा नेपाल सरकारबाट दिइने बिभिन्न प्रकारका अनुदानहरू समितीमा घुम्ती कोषको रूपमा स्थापना गरी समिती मार्फत् नै संचालन गरिएको छ ।

५) पशुजन्य पदार्थको बजार बिकास तथा बिस्तारको लागि पशुजन्य पदार्थको प्रशोधन संबन्धि तालिम तथा प्राबिधिक सहयोग उपलब्ध गराइदै आएको छ ।

६) मासु उत्पादन (बाख्रापालन) कार्यक्रम सामुदायीक बन विकास कार्यक्रमसंग आवद्ध गराई विशेष मासु उत्पादन कार्यक्रमको रूपमा सञ्चालन गर्न प्राथमिकता दिइएको छ ।

७) एकिकृत रूपमा पशु विकास कार्यक्रम संचालन गर्न सम्वद्ध सहकारी संस्था, दुग्ध विकास संस्थान, राष्ट्रिय दुग्ध विकास बोर्ड, कृषि विकास बैंक एवं अन्य वित्तिय संस्थाहरू, महिला विकास महाशाखा र शाखाहरूमा समन्वय गरी कार्यक्रम संचालन गरिएको छ ।

८). पशु सेवा कार्यक्रमका उन्नत प्रविधि तथा सेवालाई समस्त कृषक बर्ग समक्ष पुऱ्याउनको लागि ग्रामिण क्षेत्रमा तालिम प्राप्त कार्यकर्ता तयार गर्न क्षेत्रीय पशु सेवा तालीम केन्द्र तथा संभाव्य जिल्लाहरूमा थप तालीम कार्यक्रम कार्यालय समयको अतिरिक्त समयमा (विहान, बेलुका) सञ्चालन गर्ने व्यवस्थाको साथै स्थलगत तालीम, गोष्ठी (सेवा केन्द्र स्तर) लाई विशेष ध्यान दिइएको छ ।

९) गरिवी निवारण तथा महिला विकास कार्यक्रममा व्यापकता ल्याउन प्रत्येक सेवा केन्द्रमा पकेट प्याकेज कार्यक्रमको अवधारणालाई ध्यानमा राखी कार्यक्रम तर्जुमा गरिएको छ ।

१०) नेपाल सरकारको निर्णय बमोजिम निर्धारित जिल्लाहरूमा कृत्रिम गर्भाधान सेवामा निजीक्षेत्रलाई सहभागी गराउन कृ.ग. तालीम तथा सेवा सुविधा पाईलट कार्यक्रमका रूपमा कार्यान्वयन गरिएको छ ।

११) नेपाल सरकारको निर्णय अनुसार निर्धारित क्षेत्र (व्यवसायीक क्षेत्र) का पशु स्वास्थ्य सेवामा निजीक्षेत्रलाई सहभागी गराउनको लागि सेवा सुविधा उपलब्ध गराउन ध्यान दिनुको साथै पशु स्वास्थ्य सेवा सम्वन्धि विनियोजित घुम्ती कोषलाई कार्य नीतिमा उल्लेख गरे अनुरूप प्रभावकारी रूपमा संचालन गराइएको छ ।

१२) भ्याक्सीन उत्पादन तथा यसको सुदृढिकरण कार्यक्रम नियमित रूपमा संचालन गर्न आवश्यक व्यवस्था मिलाईएको छ ।

# त्रि–बर्षिय योजना अवधिमा पशु बिकास कार्यक्रमका प्रमुख उपलव्धी
## (२०६४/६५ –२०६६/६७)

**पशुजन्य पदार्थको उत्पादन तर्फ**

| क.श | पशुजन्य पदार्थ | एकाई | ०६४/६५मा उत्पादन | ०६५/६६मा उत्पादन | ०६६/६७ मा उत्पादन | बार्षिक बृद्धि दर प्रतिशतमा |
|---|---|---|---|---|---|---|
| १ | दुध | मे.टन | १३८८७३० | १४४५४१९ | १४९७४२९ | ३.४४ |
| २ | मासु | मे.टन | २३३९०० | २४१६९० | २५०२१३ | ३.२५ |
| ३ | अण्डा | ह्जार गोटा | ६३१२५३ | ६२९९४० | ६४८१०० | १.७५ |
| ४ | ऊन | के.जि | ५८५२५५ | ५८३७७६ | ५८२४४७ | -०.३३ |

**तालिम कार्यकम तर्फ**

| क्र.श | तलिकस्तर | नियमित कार्यकममा सहभागी संख्या | साभ्रेदारी कार्यकममा सहभागी संख्या | कुल सहभागी संख्या |
|---|---|---|---|---|
| १ | अधिकृतस्तर | ३०७ | | ३०७ |
| २ | सहायकस्तर | ७३७ | ५५ | ७९२ |
| ३ | कृषक/व्यवसायी/उद्यमी | २३२१ | १०२ | २४२३ |
| ४ | ग्रा.प्र.स्वा.का पुनर्ताजगी | ८९ | २० | १०९ |
| ५ | ग्रा.प्र.स्वा.का ३५ दिने | ५७ | ६६८ | ७२५ |
| ६ | ग्रा.प. सेवा सहायक | १५७ | ८९ | २४६ |
| ७ | पशु औषधी व्यवसायी ३५ दिने | १७२ | | १७२ |
| | **जम्मा** | ३८४० | ९३४ | ४७७४ |

**अन्य कार्यकम तर्फ**

| क.श | पशुजन्य पदार्थ | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | कुल |
|---|---|---|---|---|---|
| १ | कृत्रिम गर्भाधान संख्या | ८६६४९ | ९८२६५ | १४९२६१ | ३३४१७५ |
| २ | पशु खोप हजार संख्या | १०८० | ९४८ | ८५९.७ | २८८७.७ |
| ३ | पशु उपचार हजार संख्या | ४१०७ | ११७९ | ८५९.७ | ६१४५.७ |
| ४ | प्रयोगशाला परिक्षण हजार संख्या | २६६.२ | १७० | १०५ | ५४१.२ |
| ५ | रेबिज रोग बिरद्ध खोप उत्पादन डोज | २२००० | २३०६४ | २२३२६ | ६७३९० |
| ६ | अन्य बिभिन्न खोप उत्पादन हजार मात्रा | २०७७३ | १७०१८ | २४१८० | ६१९७१ |
| ७ | उन्नत जातका बिभिन्न पशु उत्पादन संख्या | १६०८ | १५३८ | १५९३ | ४७३९ |
| ८ | कुखुराको चल्ला उत्पादन हजार संख्या | १५८ | १६३.५ | २१०.४ | ५३१.९ |

# त्रि-बर्षिय योजना अवधिमा पशु बिकास कार्यक्रमका उत्पादन लक्ष्य
(२०६७/६८ –२०६९/७०)

**उद्देश्य**

पशु तथा पशुजन्य उत्पादनको बृद्धि एवं पशु पालन तथा पशुजन्य उद्योग व्यवसायलाई आधुनिकिकरण एवं व्यवसायिकरणद्वारा प्रतिस्पर्धात्मक बनाई कृषि क्षेत्रमा रोजगारीको अवसर बृद्धि गर्नुको साथै पशुसेवा व्यवसायमा विविधिकरण ल्याई देशको समष्ध्गित सामाजिक र आर्थिक विकासमा टेवा पुयाउनु ।

**उत्पादन लक्ष्यः**

त्रि–बर्षिय योजनामा पशु बिकास कार्यकमका उत्पादन लष्य तालिका नं. २ मा दिइएको छ।

**तालिका नं. - २**

**त्रि–वर्षीय योजना अवधिको उत्पादन लक्ष**

| सि.नं | उत्पादन विवरण | ईकाइ | ०६६/६७ को उत्पादन | ०६७/६८ को लक्ष | ०६८/६९को लक्ष | ०६९/७०को लक्ष |
|---|---|---|---|---|---|---|
| १ | दुध | हजार मे.ट. | १४९७ | १५८१ | १६७६ | १७७४ |
| २ | मासु | हजार मे.ट. | २५० | २५९ | २७५ | २८७ |
| ३ | फुल | करोड गोटा | ६५ | ७२ | ८३ | ९३ |

उत्पादन औषत वृद्धिः – दुध ५.८ प्रतिशत, मासु ४.९ प्रतिशत र फुल १४.३ प्रतिशत

# विभाग अन्तर्गतका निर्देशनालयहरू, शाखाहरू र कार्यालयहरूको प्रमुख कार्य तथा अधिकार

## निर्देशनालयहरुको अधिकार

- प्रत्यक्ष मातहतमा रहेका निकायहरूको प्रशासनिक नियन्त्रण गर्ने र कार्यक्रम संशोधन वा विनियोजित वजेटको शीर्षकगत रकमान्तरका वारेमा मातहतका निकायवाट अनुरोध भई आए पछि सिफारिस साथ विभागमा पेश गर्ने ।
- प्रत्यक्ष मातहतका निकायका अधिकृत तथा कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकन फाराममा प्रचलित कानून अनुसार सुपरिवेक्षण र पुनरावलोकन गर्ने ।
- प्रत्यक्ष मातहतका कुनै अधिकृत वा कर्मचारीलाई प्रोत्साहित वा दण्डित गर्नु पर्ने भएमा विभाग समक्ष सिफारिस गर्ने ।
- तालीम, अध्ययन आदिमा सहभागी गराउन मनोनयनका लागि विभाग समक्ष सिफारिश प्रस्तुत गर्ने ।
- निर्देशनालयले आफनो वा प्रत्यक्ष मातहतका निकायका कार्यकमको कार्यान्वयनको सिलसिलामा आयोजना गर्ने वैठक, गोष्ठी वा सेमिनारमा क्षेत्रिय निर्देशनालय वा जिल्ला स्तरीय कार्यालयका कुनै अधिकृत वा कर्मचारीलाई सहभागी गराउनु परेमा सम्वन्धित क्षेत्रीय निर्देशनालयमा जानकारी दिई सम्वन्धित कार्यालय प्रमुख मार्फत् आमन्त्रण गर्न सक्ने । निर्देशनालयको विषय क्षेत्रमा काम गर्ने जिल्ला स्तरका कार्यालयमा कार्यरत कुनै अधिकृत वा कर्मचारीलाई प्रोत्साहित गर्नु परेमा विभाग समक्ष सिफारिश गर्न सक्ने र सोको वोधार्थ सम्वन्धित क्षेत्रीय निर्देशनालयलाई दिर्ने ।
- क्षेत्रीय निर्देशनालयहरूले कार्यक्रम निर्देशनालय मातहतका निकायलाई निर्देशन दिन सक्ने: ।

क्षेत्रीय निर्देशनालयको आफनै कार्यक्रम वा जिल्ला स्तरीय कार्यालयको कार्यक्रम वा कुनै विशेष कार्यक्रम कार्यान्वयनको सिलसिलामा कार्यक्रम निर्देशनालयको मातहतमा रहेका निकायका कुनै अधिकृत वा कर्मचारीको संलग्नता वा सहभागिता आवश्यक भएमा क्षेत्रीय निर्देशनायले ती निकायहरूलाई आवश्यक निर्देशन दिनेछ र सोको वोधार्थ कार्यक्रम निर्देशनालयलाई दिनेछ । साथै यस प्रकारको संलग्नता वा सहभागिताको सिलसिलामा क्षेत्रीय निर्देशनालयले सुपरिवेक्षण गर्न सक्ने छ । हरेक निर्देशनालयको अधिकार छुट्टाछुट्टै रूपमा तल प्रस्तुत गरिएको छ ।

## १. पशु उत्पादन निर्देशनालय, हरिहरभवन

आफ्नो विषय क्षेत्रमा प्राविधिक आधिकारिक निकाय (Technical Authority) को रूपमा काम गर्ने र तत्सम्वन्धी सम्पूर्ण जिम्मेवारी बहन गर्ने गरी निर्देशनालयको अन्य कार्य विवरण देहाय वमोजिम रहेको छ ।

- सम्वन्ध स्थापित भएको अर्न्तराष्ट्रियस्तरका विशिष्ट निकायहरूको स्वदेशमा सम्पर्क विन्दु (Focal Point) को रूपमा कार्य गर्ने ।
- समान विषयका स्वदेशी गैर सरकारी संस्थाहरूसंग सम्वन्ध कायम गरी सहभागितात्मक रूपमा कार्यक्रम संचालन गर्ने ।
- राष्ट्रिय नीति, रणनिति, योजना तथा बार्षिक कार्यक्रम तर्जुमा गर्ने कार्यमा अग्रसरता देखाउँदै सो प्रयोजनको लागि विभाग र मन्त्रालयको निर्देशनमा रही कार्य गर्ने ।
- वैदेशिक सहायता प्राप्तिको लागि आयोजना प्रस्ताव तयार पारी विभाग समक्ष प्रस्तुत गर्ने ।
- निर्देशनालयको प्रत्यक्ष मातहतका निकायहरूको वार्षिक कार्यक्रमहरूलाई समन्वय गरी संचालनको व्यवस्था मिलाउने ।
- पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको गुणस्तर निर्धारण, नियन्त्रण, प्रर्वद्धन आश्वासन र व्यवस्थापन गर्ने ।

- अनुवंशिकी श्रोतको पहिचान गरी संरक्षण तथा सम्वर्द्धन गर्ने ।
- निर्देशनालयले आफै संचालन गर्ने कार्यक्रम र प्रत्यक्ष मातहतमा रहेका निकायबाट कार्यान्वियन हुने कार्यक्रमहरूको नियमित सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन र समिक्षाको व्यवस्था गर्ने र तालुक निकायमा प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने ।
- अनुसन्धान सम्वन्धि निकायसंग समन्वय राखी सहकार्य गर्ने ।
- सफल प्रविधिको अनुशरण वा प्रसारको आवश्यक व्यवस्था मिलाउने ।
- राष्ट्रिय एवं अर्न्तराष्ट्रिय गोष्ठी, वैठक आदिको आयोजना गर्ने र सहभागी हुने ।
- आवश्यक सूचना, जानकारी, तथ्याङ्क आदिको राष्ट्रिय स्तरमा अद्यावधिक अभिलेख राख्ने।
- कार्यरत विषय विशेषज्ञहरूको राष्ट्रिय स्तरमा रोष्टार तयार पार्ने ।
- अन्तर्गत निकाय समन्वयका लागि आवश्यक व्यवस्था गर्ने ।

यस निर्देशनालय अन्तर्गत रहेका कार्यगत शाखाहरू र तिनका कार्य तथा अधिकार निम्न प्रकारका छन् ।

क) लाईभष्टक श्रोत तथा गुण व्यवस्थापन शाखा

- पशु श्रोत संरक्षण, संवर्धन गर्ने ।
- पशु श्रोत क्षेत्र पहिचान गरी तोक्ने ।
- पशु श्रोत संरक्षण, संवर्द्धन र विकासको लागि आवश्यक नीतिनियम तर्जुमा गर्न सहयोग गर्ने ।
- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रहिरूको गुणस्तर तर्जुमा, अंगिकार र पुनपरिक्षण गरी कार्यान्वियन गर्ने गराउने ।
- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरूका उत्पादन, भण्डारण र ढुवानी सम्वन्धि व्यवहारिक संहिता तर्जुमा, अंगिकार र पुनरिक्षण गरी कार्यान्वियन गर्ने गराउने ।
- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरूको गुणस्तर र व्यवहारिक संहिता कार्यान्वियनको लागी आबश्यक पर्ने निरिक्षण तथा सुपरिवेक्षण आयोजना तर्जुमा गरी कार्यान्वियन गर्ने गराउने ।
- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरूको गुणस्तर र व्यवहारिक संहिताको उपदेयता र महत्ववोध गराउन विभिन्न प्रबर्द्धनात्मक कार्य गर्ने ।
- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरूको निर्धारित गुणस्तर र व्यवहारिक संहिता अनुरूप भए नभएको निश्चित गर्न गुण आश्वासन र गुण प्रमाणिकरण सम्वन्धि कार्य गर्ने ।
- पशु पालन तथा पशुजन्य उद्योगहरूमा गुण व्यवस्थापन प्रणाली कार्यान्वियन गर्न सघाउन विभिन्न Quality तथा Operating Manuals तयार गरी वितरण गर्ने ।
- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरूसंग सम्वन्धित राष्ट्रिय र अर्न्तराष्ट्रिय गुणस्तर र व्यवहारिक संहिताहरू डकुमेन्ट गरी आवश्यकतानुसार कार्यान्वियन गर्ने ।
- गुण व्यवस्थापन प्रणालीको अवधारणा, कार्यान्वियन तथा प्रणाली प्रमाणिकरण सम्वन्धि सूचनामूलक सामाग्री तयार गरी बितरण गर्ने ।

ख) पशुपंक्षी उत्पादन प्रवर्द्धन शाखा

- पशु पंक्षी उत्पादन सम्वन्धि राष्ट्रिय नीति, रणनीति, योजना तथा वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।
- आवश्यक सूचना, जानकारी, तथ्याङ्क आदिको अभिलेख अद्यावधिक गर्ने ।
- अनुसन्धान सम्वन्धि निकायसंग सहकार्य गर्दा सफल प्रविधिको प्रचार प्रसारको लागी आवश्यक व्यवस्था मिलाउने ।
- अनुवंशिकी श्रोत पहिचान, संरक्षण र संवर्द्धन गर्ने ।
- प्रजनन् योग्य पशु पंक्षीको श्रोत विकास, विस्तार तथा व्यवस्थापन गर्ने ।
- योजना तर्जुमा, गोष्ठी, सेमिनार संचालनमा सहयोग पुऱ्याउने/सहभागी हुने ।

ग) योजना तथ्याङ्क तथा समन्वय शाखा

- निर्देशनालय, अर्न्तगतका फार्म तथा कार्यालयहकरूको वार्षिक कार्यक्रम तथा वजेट तर्जुमाको लागी समन्वय गर्ने ।
- प्रस्तावित कार्यक्रमहरू स्वीकृतीको लागी माथिल्लो निकायमा पेश गर्ने ।
- संचालित कार्यक्रमहरूको अनुगमन तथा मुल्याङ्कन गर्ने ।
- अनुगमन तथा मुल्याङ्कनको आधारमा संचालित कार्यक्रमहरूको पुरावलोकन गर्ने।
- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरूको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने।

यस निर्देशनालय अन्तर्गतका केन्द्र, कार्यालय तथा फार्महरूको कार्य तथा अधिकार निम्न प्रकारका छन् ।

## १.१ राष्ट्रिय पशु प्रजनन् केन्द्र, पोखरा

- हाल पशु प्रजनन तथा कृत्रिम गर्भाधान शाखाले अधिराज्यभर संचालित कृत्रिम गर्भाधान कार्यक्रमकोलागि आवश्यक तरल नाइट्रोजन, सिमेन तथा कन्टेनर, रेफ्रि, आदि उपकरणहरू उपलव्ध गराउने र तत्सम्बन्धी क्रियाकलापहरूको अनुगमन र मूल्यांकन गर्ने कार्यमा वढी केन्द्रित हुंदै आएको । कृत्रिम गर्भाधान कार्यक्रमलाई वढी प्रभावकारी र व्यापकता ल्याउनको निम्ती कृत्रिम गर्भाधान इकाई पोखरामा सार्ने नीतिगत निर्णय भएकोले मौजुदा शाखालाई हाल अधिराज्यका ४१ जिल्लामा संचालित कृत्रिम गर्भाधान कार्यक्रमकोलागि आवश्यक पर्ने गुणस्तरीय सिमेन देशभित्र उत्पादन गर्न आवश्यक पूर्वाधार सहितको संरचना पोखरामा स्थापित भैसकेकोले हालको सिमेन बैंक, भैरहवालाई समायोजन गरी सघन रूपमा कृत्रिम गर्भाधान संचालनकोलागी आवश्यक पर्ने सिमेन, तरल नाइट्रोजन, एवं अन्य उपकरणहरू समयमा नै उपलव्ध गराई जिल्ला जिल्लामा संचालित कृ.ग. कार्यहरूको अनूगमन समेत गर्नुको साथै कृषकलाई आवश्यक पर्ने उन्नत गाई भैंसी स्वदेश भित्रै उत्पादन गर्न उपयुक्त प्रजनन् नीति तर्जूमा गर्न यो कार्यालयको नयां नामाकरण प्रस्तावना भएको ।

### व्यवस्थापन/वितरण शाखा

- सघन रूपमा कृत्रिम गर्भाधान संचालनको लागि आवश्यक पर्ने सिमेन, तरल नाईट्रोजन एवं अन्य उपकरणहरू समयमा नै उपलव्ध गराई जिल्ला जिल्लामा संचालित कृ.ग. कार्यहरूको अनुगमन समेत गर्ने ।
- ब्रिडर कृषक समुह परिचालन, प्राकृतिक तथा कृत्रिम गर्भाधानको अनुगमन गरी अभिलेख राख्ने ।
- पशुहरूको प्रजनन् मूल्यको आधारमा उच्च प्रजनन् योग्य जनावरहरूको छनौट गरी सम्बन्धीत फार्मलाई न्यूक्लियस हर्ड पुर्नस्थापनमा सहयोग गर्ने ।
- भ्रुण प्रत्यारोपण कार्यकम व्यवस्थापन गर्ने गराउने ।
- दुध बिदा घटाउन तथा कृ.ग. सेवा संचालन हुने संभाब्य पकेट क्षेत्रहरूमा एककालिक कृ. ग. सेवा संचालन गर्न प्राविधिक सहयोग उपलब्ध गर्ने गराउने ।
- कृ.ग. तालीम संचालन स्थलको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।
- नार्क अन्तर्गतको पशु प्रजनन महाशाखासंग कार्यगत समन्वय राख्ने ।
- प्रजनन् बिकृती कम गर्न कार्यकम संचालन गर्ने गराउने ।

### वीय/तरल नाइट्रोजन शाखा

- सिमेन तथा नाइट्रोजन उत्पादन, गर्ने ।
- सांढे/रांगो पालन व्यवस्थापन गर्ने ।
- सिमेन तथा नाइट्रोजन को रेकर्ड अध्यावधिक राख्ने ।

यस कार्यालय अन्तर्गत निम्न कृत्रिम गर्भाधान कार्यालयहरू रहेका छन् ।

पशु प्रजनन् कार्यालय, नेपालगंज

पशु प्रजनन् कार्यालय, लाहान

हालको सिमेन बैंकको कार्य सम्बन्धित क्षेत्रका जिल्लाहरूमा कृत्रिम गर्भाधानको लागि आवश्यक सिमेन, तरल नाईट्रोजन वितरण गर्नमा मात्र सीमित भएकोले यसको कामको दायरालाई फराकिलो पारी हाल गरी आएको कार्यको अतिरिक्त निम्न अनुसारको कार्य गर्ने ।

- सिमेन तथा नाइट्रोजन समय समयमा उपलव्ध गराउने र रेकर्ड अध्यावधिक राख्ने।
- सिमेन उत्पादन, ब्रिडर कृषक समुह परिचालन, प्राकृतिक तथा कृत्रिम गर्भाधानको अनुगमन गरी अभिलेख राख्ने ।
- प्रजनन् बिकृती कम गर्न कार्यक्रम संचालन गर्ने गराउने ।

उच्च प्रजनन् क्षमता तथा मूल्य भएका पशुहरूको पहिचान, रेकर्डिङ्ग तथा त्यसबाट जन्मेको संतानहरूलाई पशु प्रजनन्मा प्रयोग गर्न व्यवस्थापन सम्बन्धी प्राविधिक सेवा उपलव्ध गराउने आदि समेत कार्य गर्न यो नामाकरण परिवर्तन गरीएको हो ।

## १.२ प्रजनन् तथा बीउ बृद्धि फार्महरु

पशु सेवा कार्यक्रमको लागि आवश्यक उन्नत नश्लका पशुपंछी, घांसको विउ वेर्ना उत्पादनको लागि ब्रिडर कृषक समुह/सहकारीलाई आवश्यक पर्ने गुणस्तरीय एवं प्रमाणित मूल विउ तथा उत्कृष्ट पशुपंछी ( Nucleus Herd) उत्पादन तथा व्यवस्थापन गरी प्रजनन्को लागि मांग अनुसार उपलब्ध गराउने । फार्ममा उत्पादित पशुपंक्षी तथा घांसको वीउ वेर्नाको उत्पादकत्व एवं लाभ सम्वन्धि लागत आंकलन गरी विभागीय नीति निर्माणमा सहयोग पुऱ्याउने । कृषकस्तरमा उन्नत पशुपंक्षीको श्रोत केन्द्र स्थापना तथा विकासमा जिल्ला पशु सेवा कार्यालयहरूसंग सहकार्य गरी आवश्यक प्राविधिक सल्लाह तथा सेवा उपलब्ध गराउने । फार्म र तिनका कार्यहरू निम्न अनुसारको छ ।

### १.२.१ पशु विकाश फार्म, पोखरा

- भैंसीको न्यूक्लियस हर्ड व्यवस्थापन गर्ने ।
- न्यु हेम्पसायर तथा ब्लैक अष्ट्रोलोप कुखुराको न्यूक्लियस हर्ड व्यवस्थापन गर्ने ।
- बंगुरको लैंडरेस, योर्कसायर र ड्यूरक जातहरूको न्यूक्लियस हर्ड व्यवस्थापन गर्ने ।
- कागे भेंडाहरूको न्यूक्लियस हर्ड व्यवस्थापन गर्ने ।
- घांसेबालीको मूल बीउ उत्पादन व्यवस्थापन गर्ने ।
- जैविक विविधता संरक्षण कार्यक्रम व्यवस्थापन गर्ने ।
- न्यूक्लियस हर्डहरूको नीजिस्तरमा बाह्य श्रोत व्यवस्थापन गर्ने ।
- बिषयगत तालीम संचालन स्थलको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।

### १.२.२ पशु विकाश फार्म, जिरी

- जर्सी गाईको न्यूक्लियस हर्ड व्यवस्थापन गर्ने ।
- बंगुरको लैंडरेस, योर्कसायर जातहरूको न्यूक्लियस हर्ड व्यवस्थापन गर्ने ।
- घांसेबालीको मूल बीउ उत्पादन व्यवस्थापन गर्ने ।
- जैविक विविधता संरक्षण कार्यक्रम संचालन गर्ने ।
- न्यूक्लियस हर्डहरूको नीजिस्तरमा बाह्य श्रोत व्यवस्थापन गर्ने ।
- बिषयगत तालीम संचालन स्थलको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।

### १.२.३ बाख्रा विकाश फार्म, चित्लाङ्ग
- डेरी बाख्राको न्यूक्लियस हर्ड व्यवस्थापन गर्ने ।
- जर्मन अंगोराको न्यूक्लियस हर्ड व्यवस्थापन गर्ने ।
- न्यूक्लियस हर्डहरूको नीजिस्तरमा बाह्य श्रोत व्यवस्थापन गर्ने ।
- जैविक विविधता संरक्षण कार्यक्रम संचालन गर्ने ।
- घांसेबालीको मूल बीउ उत्पादन व्यवस्थापन गर्ने ।
- बिषयगत तालीम संचालन स्थलको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।

### १.२.४ बाख्रा विकाश फार्म, धनगढी
- खरी बाख्राको न्यूक्लियस हर्ड व्यवस्थापन गर्ने ।
- खरी बाख्राको न्यूक्लियस हर्डहरूको नीजिस्तरमा बाह्य श्रोत व्यवस्थापन गर्ने ।
- जैविक विविधता संरक्षण कार्यक्रम संचालन गर्ने ।
- घांसेबालीको मूल बीउ उत्पादन व्यवस्थापन गर्ने ।
- बिषयगत तालीम संचालन स्थलको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।

### १.२.५ भेडा विकाश फार्म, पानसयखोला
- बरूवाल भेंडाको न्यूक्लियस हर्ड व्यवस्थापन गर्ने ।
- न्यूक्लियस हर्डहरूको नीजिस्तरमा बाह्य श्रोत व्यवस्थापन गर्ने ।
- जैविक विविधता संरक्षण कार्यक्रम संचालन गर्ने ।
- लेकाली घांसेबालीको मूल बीउ उत्पादन व्यवस्थापन गर्ने ।
- बिषयगत तालीम संचालन स्थलको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।

### १.२.६ याक विकास फार्म, स्याङ्गवोचे
- याक, नाक चौरीकालागी न्यूक्लियस हर्ड व्यवस्थापन गर्ने ।
- लेकाली घांसेबालीको मूल बीउ उत्पादन व्यवस्थापन गर्ने ।
- पर्यटन व्यवसायको लागि याक र झोप्का उत्पादन गर्ने ।
- जैविक विविधता संरक्षण कार्यक्रम संचालन गर्ने ।
- न्यूक्लियस हर्डहरूको नीजिस्तरमा बाह्य श्रोत व्यवस्थापन गर्ने ।
- बिषयगत तालीम संचालन स्थलको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।

### १.२.७ कुखुरा विकास फार्म, खजुरा, बांके
न्यु हेम्पसायर तथा ब्लैक अष्ट्रोलोप कुखुराको न्यूक्लियस हर्ड व्यवस्थापन गर्ने ।

## १.३ लाइभष्टक गुण व्यवस्थापन प्रयोगशाला, हरिहरभवन
- पशु आहारालाई आवश्यक पर्ने कच्चा पदार्थहरू (पशुजन्य सामाग्री) तथा पशुजन्य पदार्थहरूको मापदण्ड तयार गरी गुणस्तर निर्धारण गर्ने ।
- पशुजन्य पदार्थ, भुईं तथा डाले घांसहरूको पोषक तत्वहरूको गुणस्तर विश्लेषण गर्ने।
- दाना तथा कच्चा पदार्थको गुणस्तर प्रवर्द्धन गर्ने ।
- दाना ऐन क्रियाशील गर्न प्रयोगशालाको पूर्वाधार विकास गर्ने ।
- बिषयगत तालीम संचालन स्थलको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिकहरूको लागि पशुजन्य पदार्थ विविधिकरण तालीम संचालनमा सहयोग गर्ने।

## १.४ केन्द्रीय भेडा बाख्रा प्रबर्द्धन कार्यालय, हरिहरभवन

- भौगोलिक क्षेत्रको आवश्यकतानुसार भेंडा र वाखा विकासको नीति तर्जूमा गर्ने।
- कृषकहरूको आवश्यकतानुसार नीजिस्तरको व्यवसायिक भेंडा र वाखा फार्महरूलाई श्रोत व्यवस्थापन गर्न ठाउा सुहाउंदो योजना वनाई फार्म संचालन गर्न लगाउने र प्राविधिक सहयोग पुऱ्याउने।
- भेंडा वाखा सम्वन्धी संपूर्ण कार्यक्रमको प्राविधिक नर्मस् तयार गरी अनुमोदन गराउने, सामूहिक छनौट प्रजनन् प्रणाली लागू गरी नीजि तथा सरकारी फार्महरूमा उच्च प्रजनन् मूलका स्थानीय भेंडा वाखाबाट उत्पादकत्व वढाउने उद्धेश्यले बिशेष कार्यक्रम तर्जूमा गरी लागू गर्ने ।
- फार्महरूमा न्यूक्लियस हर्डको प्रजनन् व्यवस्थापन वारे आवश्यक प्राविधिक सहयोगको लागि समन्वय गर्ने।
- भेंडा वाखा सम्वन्धी आवश्यक राष्ट्रिय मापदण्ड, गुणस्तर र सो सम्वन्धी सूचना प्रवाह गर्ने कार्यमा पशु उत्पादन निर्देशनालयलाई सहयोग गर्ने ।
- पशु सेवा प्रसार कार्यक्रम मार्फत् संचालन भएको पकेट प्याकेज अन्तरगत समुहगत भेंडा वाखा कार्यक्रमहरूको रेकर्ड अध्यावधिक गर्ने तथा अनुगमन तथा मूल्यांकनको आधारमा नीति तथा निर्देशिका परिमार्जन गर्ने ।
- नेपाल कृषि अनुसन्धान परिषद्संग समन्वय गरी भेंडा वाखाको जात, जातीय शुद्धता तथा छनौट सम्वन्धी प्रमाणित प्रविधि हस्तान्तरण गर्ने र समसामयिक समस्या वारे Collaborative अनुसन्धान गर्ने ।
- राष्ट्रियस्तरको संघ संस्थाहरूसंग संपर्क एवं समन्वय गरी प्रविधि हस्तान्तरण गर्ने ।
- भेंडा वाखा फार्महरू लगायत पकेट प्याकेज कार्यक्रमहरूको सुपरिवेक्षणमा सहयोग र समन्वय गर्ने ।
- खसी बोका उत्पादन कार्यलाई व्यावसायिक गर्ने कार्यक्रम संचालन गरी आयात प्रतिस्थापन गर्ने ।
- बिषयगत तालीम संचालनमा बिषय बिशेषज्ञको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।
- पोखरा काठमाण्डौ जस्ता शहरी क्षेत्र र पर्यटन स्थलका निकटतम क्षेत्रमा बाख्राको दुधबाट चिज बनाउने कार्यक्रमलाई प्राथमिकता दिई लागू गर्ने ।
- छनौट गरिएका स्थानीय र उन्नत भेडा बाख्राको श्रोतहरू संभाबित क्षेत्रहरूमा स्थापना गराउन ब्रिडर कृषकहरूलाई तालीम र अन्य सेवा प्रदान गर्ने ।
- बजारदेखि टाढाको क्षेत्रमा परम्परागत पशुपालन पेशामा सुधार ल्याउन हाल कृषकहरूले भोगीरहेको समस्या समाधान गर्न नार्कसंग संयुक्त अनुसंधान गर्ने ।
- अति दुर्गम क्षेत्रमा पालिएका स्थानीय भेडा बाख्राहरूको उत्पादन क्षमतामा बृद्धि ल्याउन प्रजनन्, पशु स्वास्थ्य, आहार, चरन तथा व्यबस्थापनमा एकिकृत सुधार कार्यक्रमहरू संचालन गर्न स्थानीय निकायलाई सहयोग गर्ने ।
- अति गरीव पिछडिएका बर्ग तथा महिलाहरूको पारिवारिक आय बृद्धि गराउन स्थानीय भेडा र बाख्रा पालन कार्यक्रम संचालन गर्न सहयोग गर्ने ।

## १.५ केन्द्रीय बंगुर कुखुरा प्रवर्द्धन कार्यालय, हरिहरभवन

- वंगुर विकास कार्यक्रम सम्वन्धी राष्ट्रिय नीति तथा कार्यक्रम तर्जूमा गर्ने ।
- बंगुर तथा बदेलको बढदो मांसुको मागको आपुर्ति गर्न व्यवसायिक स्तरमा आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धन गर्ने कार्यक्रम तर्जूमा गरी संचालन गर्ने ।
- प्रविधि विकास तथा हस्तान्तरण गर्नलागि Collaborative Research नार्क (नेपाल कृषि अनुसन्धान परिषद)संग गर्ने ।
- अधिराज्यका विभिन्न क्षेत्रमा पालिएका स्थानीय वंगुरहरूको उत्पादन क्षमतामा बृद्धि ल्याउन, प्रजनन, स्वास्थ्य, आहारा तथा व्यवस्थापनमा सुधार ल्याउने खालका कार्यक्रमहरू संचालन गर्ने ।
- अति गरीव पिछडिएका जन जाती तथा महिलाहरूको आर्थिकस्तरमा बृद्धि ल्याउन संभाव्यता तथा रूचिको आधारमा वंगुर पालन कार्यक्रमहरू संचालन गर्ने ।
- बंगुर विकासको लागी विषय विशेषज्ञको सेवा उपलव्ध गराउने ।

- वंगुर विकास संग सम्वन्धीत नीजि क्षेत्रका व्यवसायीहरूलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरू तयार गरी संचालन गर्ने ।
- फिल्ड स्तरमा वंगुर कार्यक्रम कार्यन्वयनको लागि आवश्यक प्राविधिक निर्देशिका परिमार्जन गरी उपलव्ध गराउने ।
- वंगुर विकाससंग सम्वन्धी क्षेत्र फार्महरू संग फार्म प्लान तयार गराई कार्यन्वयन तथा सुपरीभीजन गर्ने वंगुर विकासको लागि आवश्यक genetic Materials को श्रोत विकास गर्ने ।
- जिल्लास्तरको वंगुर विकास कार्यक्रमको अनूगमन तथा मूल्यांकन गर्ने र नीति तथा नर्मसमा समसामयिक परिमार्जन गर्ने ।
- अधिराज्यभरी वंगुरको पकेट प्याकेजहरूको तथ्याङ्ग संकलन, विश्लेषण गरी रेकर्ड अध्यावधिक राख्ने ।
- बिषयगत तालीम संचालनमा बिषय बिशेषज्ञको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।
- शहरी क्षेत्र र मूख्य पर्यटन क्षेत्रहरूमा प्राथमिकताको आधारमा बंगुर तथा बदेलको बिकास कार्यक्रम संचालन गर्ने ।
- बंगुर तथा खरायो पालनको लागि चाहिने उन्नत पशुपंक्षिहरूको श्रोत बिकास कार्यक्रम संचालन गराउने ।
- व्याबसायिक रूपमा बंगुर, तथा खरायोपालन पेशामा लागेका कृषक उद्यमीको कार्य क्षमतामा सुधार ल्याउन गोष्ठी, तालीम, कृषक भ्रमण आदिको व्यबस्था गर्न सहयोग गर्ने ।
- अति गरीव पिछडिएका जाती तथा महिलाहरूको आर्थिकस्तरमा बृद्धि ल्याउन संभाव्यता तथा रूचिको आधारमा बंगुर तथा खरायो पालन कार्यहरू संचालन गर्न प्राबिधिक सहयोग पुराउने । साथैं छनौट गरीएका उन्नत नश्लका पशुपंक्षीहरूको उपलव्धी पशु सेवा प्रसारको लागी उपलब्ध गराउने ।
- बिषयगत तालीम संचालनमा बिषय बिशेषज्ञको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।
- पंछीहरूको स्वदेश भित्रै विकास गर्न पंछी प्रजनन् नीति तर्जूमा गर्नमा राष्ट्रिय पोल्ट्री विकास बोर्डलाई सहयोग गर्ने।
- कुखुरापालन तथा कुखुराको मासु र फूलबाट तयार गरीने खाद्य पदार्थमा विविधिकरण सम्बन्धी नविनतम प्राविधिको जानकारी नियमित रूपमा संकलन गरी प्रसार कार्यक्रम मार्फत व्यवसायिक कुखुरापालक तथा उद्यमिहरूलाई उपलव्ध गराउने।
- व्यवसायिक कुखुरापालन प्रवर्द्धन गर्नकोलागि व्यवसायसंग सम्वन्धीत सरकारी, अर्ध सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रका निकायहरूसंग समन्वय राखी कार्यक्रम कार्यन्वयन गर्ने ।
- देशमा कुखुरा, चल्ला, फूल, कुखुराको मासुको मांग तथा आपुर्ती सम्वन्धी तथ्यांक संकलन, विश्लेषण गरी सो को आधारमा व्यावसायिक कुखुरापालन सम्वन्धी नीति तर्जूमा गर्न सहयोग गर्ने ।
- अधिराज्यका पुर्वाधार विकास भईसकेका दूर्गम जिल्लाहरूमा कुखुराको मासु तथा फूल उत्पादन कार्यक्रम मार्फत स्वरोजगार प्रवर्द्धन र आयमूलक पेशाको रूपमा कार्यान्वयन गर्ने ।
- सरकारी तथा नीजि व्यवसायिक फार्म तथा ह्याचरी व्यवस्थापन सम्वन्धी नीति, निर्देशिका तर्जूमा गर्नुको साथै नवीनतम प्राविधिक सेवा पूर्‍याउने ।
- नेपाल कृषि अनूसन्धान परिषद संग समन्वय राखी Collaborative Research गर्ने
- जिल्लाबाट संचलित व्यावसायिक पकेट प्याकेज कार्यक्रमको मूल्यांकन गर्दै पर्यटकीय क्षेत्रको दूर्गम पर्यटक मार्ग वरपर कुखुराको मासु तथा फूल उत्पादन कार्यक्रम संचालन गर्न विशेष पहल गर्ने ।
- शहरी क्षेत्रको वरपर फूल तथा मासु उत्पादनको लागि कुखुरापालन व्यवसाय प्रवर्द्धन गर्ने ।
- मुलुकमा कुखुराको साथै व्यवसायिक रूपमा टर्कि, बट्टाई, अष्ट्चिपालन जस्ता कार्यक्रम नीजि क्षेत्रका व्यावसायिहरूमा प्रविधि सम्वन्धी जानकारी उपलव्ध गराउने।
- स्थानीय नश्लका कुखुराको उत्पादन तथा उपादकत्वमा बृद्धि गर्ने ।
- बिषयगत तालीम संचालनमा बिषय बिशेषज्ञको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।
- शहरी क्षेत्र र मूख्य पर्यटन क्षेत्रहरूमा प्राथमिकताको आधारमा कुखुरा बिकास सम्बन्धी नीति तथा कार्य पद्धती तयार गरी कार्यक्रम संचालन गर्ने ।

- कुखुरा पालनको लागि चाहिने उन्नत पशुपंक्षिहरूको श्रोत बिकास कार्यक्रम संचालन गराउने ।
- व्यबशायिक रूपमा कुखुरा पालन पेशामा लागेका कृषक उद्यमीको कार्य क्षमतामा सुधार ल्याउन गोष्ठी, तालीम, कृषक भ्रमण आदिको व्यबस्था गर्न सहयोग गर्ने ।
- अति गरीब पिछडिएका जाती तथा महिलाहरूको आर्थिकस्तरमा बृद्धि ल्याउन संभाव्यता तथा रूचिको आधारमा कुखुरा पालन कार्यहरू संचालन गर्न प्राबिधिक सहयोग पुराउने र सार्थै छनौट गरीएका उन्नत नश्लका पंक्षीहरूको उपलब्धी पशु व्यबस्थाको लागि सुधार ल्याउने ।
- किसानहरूको क्षमतामा बृद्धि ल्याउन बृहत गोष्ठी तथा कृषक भ्रमण गराउन आबश्यक सहयोग पुराउने ।
- बिषयगत तालीम संचालनमा बिषय बिशेषज्ञको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।

## १.६ केन्द्रीय गाई भैंसी प्रबर्द्धन कार्यालय, हरिहरभवन

- दुध तथा मासुको उत्पादन लागत घटाउने तथा उत्पादन र उत्पादकत्व वढाउने कार्यक्रम संचालन गर्ने गराउने।
- उन्नत नश्लका गाई भैंसी स्वदेशमा नै उत्पादन गर्न र क्रमश: आयात प्रतिस्थापन गर्न सरकारी तथा नीजि क्षेत्रमा श्रोतकेन्द्र स्थापनाको कार्यक्रम संचालन गर्ने र सोको तथ्यांक संकलन गरी अद्यावधिक गर्दै लैजाने ।
- गाई भैंसीको उन्नत नश्ल विकास गर्न नार्क तथा अन्य संस्थासंग Collaborative Research गर्ने र प्रविधि हस्तान्तरण गर्ने कार्यक्रम संचालन गर्ने ।
- अधिराज्यमा छरिएर रहेका नीजिस्तरका गाई भैंसी पालन व्यवसायीहरूलाई संगठीत गराउंदै लान गाई भैंसी पालन कार्यनीति तथा कार्यक्रम तर्जूमा गरी लागू गर्ने ।
- स्थानीय याक, नाक, चौंरी तथा भैंसी गाई पालन पेशामा संलग्न कृषकहरूको सस्थागत विकास गर्न कार्यक्रम संचालन गर्ने ।
- बिषयगत तालीम संचालनमा बिषय बिशेषज्ञको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।
- शहरी क्षेत्र र मूख्य मूख्य राजमार्गको आसपासमा गाई भैंसी पालन समुह मार्फत् दूग्ध उत्पादन कार्यक्रम सघन रूपमा संचालन गराउने र सो कार्यक्रमको अनुगमन गर्ने ।
- दुध उत्पादन लागत घटाउन र सुख्खा मौसममा दुध उत्पादन बृद्धि गराउने प्रबिधि किसानहरूमा पुऱ्याउने व्यबस्था गर्ने गराउने र सो कार्यक्रमको अनुगमन गर्ने ।
- किसानहरूलाई सफा दुध उत्पादन गर्न प्रसार कार्यक्रम मार्फत् जागरूक गराउने ।
- दुध उत्पादन रेकर्डिङ्ग कार्यक्रम किसान स्तरमा संचालन गरी उत्पादनशील पशुहरूको छनौट गर्ने गराउने र सो कार्यक्रमको अनुगमन गर्ने ।
- बिद्यमान दुधको बजार समस्या समाधान गर्न कृषकस्तरमा खुवा, पनिर आदि उत्पादन तथा बजार व्यबस्थापन गर्न सहयोग गर्ने गराउने र सो कार्यक्रमको अनुगमन गर्ने।
- राजमार्ग तथा शहरी क्षेत्रदेखि टाढा रहेको जिल्लाहरूमा जिल्ला सदरमुकामको आसपासलाई प्राथमिकता दिई गाई भैसी बिकास सम्बन्धि बिशेष कार्यक्रम संचालन गर्ने गराउने ।
- उत्तरी भेगका चिज उत्पादन क्षेत्रहरूमा याक तथा चौंरी संरक्षण तथा बिकास कार्यक्रम संचालन गर्न प्राबिधिक सेवा पुराउने ।
- परम्परागत रूपमा तयार गर्ने गरेका दूग्ध पदार्थहरूको गुणस्तरमा बृद्धि गराउने कार्यक्रम संचालन गर्न सहयोग पुराउने र सो कार्यक्रमको अनुगमन गर्ने ।
- उच्च प्रजनन् मूलका भारतबाट आयातित दुहुना भैंसीहरू थाकेपछि मासुको लागि बिक्री हुने भैंसीहरूलाई पुर्नस्थापन गर्न तत्काल कार्यक्रम तर्जूमा गरी लागू गर्ने ।
- बिषयगत तालीम संचालनमा बिषय बिशेषज्ञको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।

## १.७ राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र, हरिहरभवन

- चरन तथा खर्क बिकास सम्बन्धि राष्ट्रिय नीति तर्जुमा गर्ने ।
- राष्ट्रिय घांसेवाली (हिउंदे, वर्षे, बहुबर्षे) सम्बन्धी नीति तर्जुमा गर्ने ।
- कृषि उप–पदार्थ प्रयोग र पशु आहारा सम्बन्धि राष्ट्रिय नीति तर्जुमा गर्ने ।
- यस केन्द्र अर्न्तगतका फार्महरूमा मूल वीउ उत्पादन र गुणस्तर सम्बन्धी कार्यमा समन्वय गर्ने ।
- राष्ट्रियस्तरमा हुने चरन, घांसेवाली तथा कृषिजन्य उप–पदार्थको उपभोग, उपयोग तथा पशु आहारा सम्बन्धी प्रयोगात्मक अनुसंधानमा समन्वय तथा सहयोग गर्ने ।
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ, संस्थाहरूसंग समन्वय गरी चरन तथा पशु आहाराको विकास सम्बन्धी आवश्यक कार्यहरू गर्ने ।

यस केन्द्रमा देहाय बमोजिमका प्राबिधिक शाखाहरू र कर्मचारी तथा आर्थिक प्रशासन शाखा रहने छन् ।

### घाँसेवाली शाखा

- बहुवर्षीय चरन घांसको वीउ उत्पादन ब्यबस्थापन गर्ने ।
- लेकाली चरन खर्क ब्यबस्थापन गर्ने ।
- वन चरन ब्यबस्थापन गर्ने: वन बिभागसंग समन्वय गरी सिल्भी पास्चर तथा हाईटेन्सन लाईनमुनि, सामुदायिक वन र सामुहिक चरन क्षेत्रहरूमा उपभोक्ता समुहहरूलाई परिचालन गरी चरन विकासका कार्यक्रमहरू संचालन गर्ने ।
- अधिराज्यभरिका बहुवर्षीय चरन घांस उत्पादन तथा संरक्षण, खर्क सर्वेक्षण, खर्क सुधार, नियन्त्रीत चरीचरन, आदि कार्य गर्ने ।
- केन्द्रीय तथा तथा जिल्लास्तरमा चरन विकास सम्बन्धी कार्य गर्न दक्ष जनशक्तीको उत्पादन र उपयोग गर्ने ।
- प्रत्येक गा.वि.स.हरूमा रहेका सामुदायिक गौचरन क्षेत्रहरूको पहिचान गरी तिनीहरूको ब्यबस्थापन स्थानीय उपभोक्ताहरूबाट गराउने ।

### वीउ विजन व्यवस्थापन शाखा

- तराई, पहाड, मध्यपहाड क्षेत्रहरूमा हुने हिउंदे तथा बर्षे घांसेबालीहरूको घांस विकास र वीउ ब्यबस्थापन गर्ने ।
- उत्पादित घांसेबाली वीउको न्युनतम गुणस्तर कायम गर्ने, गुण प्रबर्द्धन, गुण नियमन र गुण नियन्त्रणका लागि आवश्यक कार्यहरू गर्ने ।
- घांसेवाली बीउबृद्धि फार्महरूलाई आवश्यक पर्ने मुल बीउको ब्यबस्थापन गर्ने ।
- घांसेबाली बिकासका लागि कृषकहरूको मांग अनुसार आवश्यक पर्ने प्रमाणित बीउको श्रोतकेन्द्र विकास गरी बीउ उत्पादन र विक्रि वितरणको कार्यलाई सहज बानाउने ।
- नेपाल कृषि अनुसंधान परिषद्बाट उन्मोचन गरी सिफारिस गरिएका गुणस्तरीय घांसेबाली वीउ वीजनको उत्पादन तथा संरक्षण गर्ने ब्यबस्था मिलाउने ।
- दुग्ध उत्पादक सहकारी संघ संस्थाका सदस्यहरूलाई परिचालन गरी बाह्रै महिना हरियो घांस उत्पादन गराई घांसेबाली प्रणालीमा आधारित पशु पालन ब्यबसाय अपनाउन प्रोत्साहित गर्ने ।
- स्थानीय स्तरमा ब्यापकता पाएको गाईबस्तुले बढी रूचाउने खालको स्थानीय घांसहरूको पहिचान, संरक्षण तथा उत्पादन गर्न जोड दिने ।
- घांसेवाली उत्पादन तथा बीउ बृद्धि कार्यमा प्राबिधिक सहयोग गर्ने ।
- कृषिजन्य उपपदार्थहरूको उपयोग सम्बन्धी कार्य गर्ने ।
- दाना, दानाको गुणस्तर तथा विभिन्न किसिमका पशु आहाराहरूको विकास तथा ब्यबस्थापन गर्ने ।
- पशु आहारा तथा उपपदार्थ विकास सम्बन्धी प्राबिधिक सहयोग पु¥याउने ।

- केन्द्रको वार्षिक कार्य योजना वनाउने कार्यमा समन्वय गर्ने ।
- केन्द्रको प्रगति बिवरण कम्पायल गर्ने तथा प्रगति बिबरण तयार गर्ने ।
- केन्द्रबाट संचालित कार्यक्रमहरूको तथ्यांक राख्ने तथा अद्यावधिक गर्ने ।

यस कार्यालय अन्तर्गत रहेका कार्यगत फार्म तथा प्रयोगशाला र तिनका कार्यहरू निम्न प्रकारका छन् ।

**१.७.१ चरन तथा घाँसेवाली विउबृद्धि फार्म, जनकपुर**

- जै घासको मूल बीउ उत्पादन गर्ने ।
- अन्य उष्ण प्रदेशीय घांसको मूल बीउ उत्पादन गर्ने ।
- घांसेबालीको प्रमाणित बीउ उत्पादन गर्न बाह्य श्रोत केन्द्रहरूको स्थापना गर्ने ।
- बिषयगत तालीम संचालनमा बिषय बिशेषज्ञको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।
- फार्मबाट उत्पादित उपपदार्थको सदुपयोग गर्न प्रजनन् योग्य जनावर पालन गर्ने ।
- बिषयगत तालीम संचालनमा बिषय बिशेषज्ञ तथा तालीम स्थलको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।

**१.७.२ चरन तथा घाँसेवाली विउबृद्धि फार्म, रंजितपुर**

- टियोसेन्टी र स्टाईलो घांसको मूल बीउ उत्पादन गर्ने ।
- अन्य उष्ण प्रदेशीय घांसको मूल बीउ उत्पादन गर्ने ।
- घांसेबालीको प्रमाणित बीउ उत्पादन गर्न बाह्य श्रोत केन्द्रहरूको स्थापना गर्ने ।
- फार्मबाट उत्पादित उपपर्दाथको सदुपयोग गर्न प्रजनन् योग्य जनावर पालन गर्ने ।
- बिषयगत तालीम संचालनमा बिषय बिशेषज्ञ तथा तालीम स्थलको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।

**१.७.३ चरन तथा घाँसेवाली विउबृद्धि फार्म, गौघाट**

- बरसिम तथा स्टाईलो घांसको मूल बीउ उत्पादन गर्ने ।
- अन्य उष्ण प्रदेशीय घांसको मूल बीउ उत्पादन गर्ने ।
- घांसेबालीको प्रमाणित बीउ उत्पादन गर्न बाह्य श्रोत केन्द्रहरूको स्थापना गर्ने ।
- फार्मबाट उत्पादित उपपर्दाथको सदुपयोग गर्न प्रजनन् योग्य जनावर पालन गर्ने ।
- बिषयगत तालीम संचालनमा बिषय बिशेषज्ञ तथा तालीम स्थलको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।

**१.७.४ राईवोवियम तथा बीउ विजन प्रयोगशाला, जनकपुर**

- राईजोबियम उत्पादन तथा बिक्री बितरण गर्ने ।
- घांसेबाली बीउ बिजनको परिक्षण र प्रमाणिकरण गर्ने ।
- राईजोबियमको बिभिन्न घांसेबालीमा नतिजा प्रर्दशन र प्रबर्द्धन गर्ने ।
- बिषयगत तालीम संचालनमा बिषय बिशेषज्ञको रूपमा कृषकस्तरीय एवं मध्यमस्तरीय प्राविधिक तालीम संचालनमा सहयोग गर्ने ।

# २ पशुपंक्षी वजार प्रवर्द्धन निर्देशनालय, हरिहरभवन

आफ्नो विषय क्षेत्रमा प्राविधिक आधिकारीक निकाय (Technical authority) को रूपमा काम गर्ने र तत्सम्वन्धि संपूर्ण जिम्मेवारी वहन गर्ने गरी यस निर्देशनालयको अन्य कार्य विवरण देहाय वमोजिम हुनेछ ।

- सम्वन्धन स्थापित भएका अन्तराष्ट्रियस्तरका विशिष्ट निकायहरूको स्वदेशमा संपर्क विन्दु (Focal Point) को रूममा कार्य गर्ने ।

- समान विषयका स्वदेशी गैर सरकारी संस्थासंग सम्वन्ध कायम गरी सहभागितात्मक रूपमा कार्यक्रम संचालन गर्ने ।
- राष्ट्रिय नीति, रणनीति, योजना तथा वार्षिक कार्यक्रम तर्जूमा गर्ने कार्यमा अग्रसरता देखाउँदै सो प्रयोजनका लागि विभाग र मंत्रालयको निर्देशनमा रही कार्य गर्ने ।
- ऐन नियमको मस्यौदा तयार पारी पेश गर्ने ।
- कार्यक्रम तर्जूमाको सिलसिलामा मार्गदर्शन तर्जूमा गरी कार्यक्रम कार्यन्वयन गर्ने निकायहरूलाई उपलव्ध गराउने ।
- स्वीकृत नीति, योजना वा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने निर्देशिका तथा नर्मस् तयार पारी स्वीकृत गराई कार्यक्रम कार्यन्वयन गर्ने निकाय समक्ष पठाउने ।
- वैदेशिक सहायता प्राप्तिका लागि आयोजना प्रस्ताव तयार पारी विभाग समक्ष प्रस्तुत गर्ने ।
- कार्यक्रम निर्देशनालय आफैले कार्यान्वियन गर्ने वार्षिक कार्यक्रमहरूको तर्जूमा गरी स्वीकृती प्राप्त भएपछि कार्यान्वयनको जिम्मेवारी वहन गर्ने ।
- निर्देशनालयको प्रत्यक्ष मातहतका निकायहरूको वार्षिक कार्यक्रमहरूलाई समन्वय गरी संचालनको व्यवस्था मिलाउने ।
- निर्देशनालयको विषय क्षेत्र समेटिने गरी जिल्लास्तरमा तर्जूमा/कार्यान्वयन गरिने कार्यक्रमका लागि विषयगत प्राविधिक निर्देशिका उपलब्ध गराउने । संचालित कार्यक्रमहरूको राष्ट्रिय स्तरमा अद्यावधिक जानकारी राख्ने ।
- कार्यक्रम कार्यान्वयनको सिलसिलामा आवश्यक पर्ने सामग्री आपूर्तिको व्यवस्था मिलाउने।
- निर्देशनालयले आफै संचालन गर्ने कार्यक्रम र प्रत्येक्ष मातहतमा रहेका निकायवाट कार्यन्वयन हुने कार्यक्रमहरूको नियमित सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन र समिक्षाको व्यवस्था गर्ने र तालुक निकायमा प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने ।
- अनुसन्धानसम्वन्धी निकायसंग समन्वय र सहकार्य गर्ने ।
- सफल प्राविधिको अनुसरण वा प्रसारको आवश्यक व्यवस्था मिलाउने ।
- राष्ट्रिय एवं अन्तराष्ट्रिय गोष्ठी, वैठक आदिको आयोजना गर्ने र सहभागि हुने ।
- आवश्यक सूचना, जानकारी, तथ्याङ्क आदिको राष्ट्रीयस्तरमा अध्यावधिक अभिलेख राख्ने।
- कार्यरत विषय विशेषज्ञहरूको राष्ट्रिय स्तरमा रोष्टर तयार पार्ने ।
- अन्तर निकाय समन्वयका लागि आवश्यक व्यवस्था गर्ने ।
- मंत्रालय वा विभागवाट विशेष रूपमा सुम्पिएका अन्य कार्यहरू सम्पादन गर्ने ।

यस निर्देशनालय अन्तर्गत रहेका शाखा तथा तिनका कार्यहरू निम्न प्रकारका छन् ।

## व्यवसाय प्रवर्द्धन शाखा

पशुजन्य पदार्थसंग सम्वन्धित वजार विकास तथा व्यापार प्रवर्द्धन कार्यक्रम संचालन गर्नुको साथै मासु, दुध, छाला, ऊन जस्ता पशुजन्य पदार्थहरूको प्रशोधन, उद्योग व्यवस्थापन तथा विकासको लागि प्रवर्द्धनात्मक कार्यक्रमहरू संचालन गर्न समेत यस शाखाको मुख्य दायित्व हुनेछ । अन्य कार्यविवरण निम्नानुसार हुनेछ ।

- गैर सरकारी संस्था तथा स्थानीय निकायहरूसंग सहकार्यको आधारमा पशुपंक्षी हाटवजार तथा उत्पादित दुध, मासु जस्ता पशुजन्य पदार्थको व्यवस्थित वजार स्थापना गर्न आवश्यक पूर्वाधार विकासका कार्यक्रमहरू संचालन गर्ने ।
- पशुपंक्षी तथा पशुजन्य उपभोग्य वस्तुहरूको स्थानीय माग, आपूर्ति र वजार मूल्यसम्वन्धि सूचना संकलन तथा विश्लेषणद्धारा सुसूचित गरी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम संचालन गर्ने ।
- आधारभूत कार्यनीतिको परिधिभित्र रही वजार विकासका आवधिक योजना, कार्यक्रम तथा नर्म्स निर्देशिका तयार गरी कार्यन्वयनको लागि पेश गर्ने ।
- कार्यक्रमहरूको अनुगमन तथा निरिक्षण गरी सुझावसहित प्रतिवेदन पेश गर्ने ।
- संलग्न जनशक्तिहरूको व्यावसायीक एवं प्राविधिक दक्षता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गर्ने ।

- गैर–सरकारी संस्था तथा स्थानीय निकायहरूसंग सहकार्यको आधारमा पशु वधशाला, मासु तथा दुग्ध प्रशोधन तथा भण्डारण उद्योग/व्यवसायको वृद्धि विकासका लागि पूर्वाधार निर्माणका कार्यक्रमहरू संचालन गर्ने ।
- पशुजन्य उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थहरूको व्यवस्थापन तथा उद्योग स्थापनाका संभावनाहरूको पहिचान गर्ने साथै उद्योग व्यवसायसम्वन्धि सूचना संकलन तथा लाभ–लागत विश्लेषण गरी सर्वसाधारणमा सुसूचित गर्ने व्यवस्था गर्ने।
- आयात प्रतिस्थापन तथा निर्यात योग्य पशुजन्य उद्योगहरूलाई प्रोत्साहित गर्ने खालका आवधिक योजना, कार्यक्रम तथा नर्मस्/निर्देशिका तयार गरी कार्यन्वयनको लागि पेश गर्ने ।
- कार्यक्रमहरूको अनुगमन तथा निरिक्षण गरी सुझावसहित प्रतिवेदन पेश गर्ने ।
- संलग्न जनशक्तिहरूको उद्योग व्यापारमा आधारित व्यावसायीक एवं प्राविधिक दक्षता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गर्ने ।

## योजना तथ्यांक तथा विश्लेषण शाखा

पशुपंक्षी तथा मासु, दुध, फुल, छाला, ऊन जस्ता पशुजन्य पदार्थमा आधारित उद्योग व्यवसाय तथा वजारको प्रवर्द्धन गर्न सम्वन्धित शाखाहरूसंग संमन्वय राखी योजना तथा वजार विकास कार्यक्रम तर्जूमा गर्ने र संचालित कार्यक्रमहरूको अनुगमन र विश्लेषण गरी तथ्यांकहरू अध्यावधिक राख्ने र सम्प्रेषण गर्ने यस शाखाको मुख्य दायित्व हुनेछ । शाखाको अन्य कार्य विवरणहरू निम्न प्रकारका छन् ।

- प्रशोधित पशुजन्य पदार्थको उत्पादन, प्रशोधन, भण्डारण तथा निर्यात व्यवसाय सम्वन्धी लाभ–लागतको तथ्याङ्क अध्यावधिक राखी आर्थिक विश्लेषण गर्ने र सम्वन्धित व्यवसायी तथा उद्यमी पक्षलाई सुसूचित गराउने ।
- संभाव्य क्षेत्रहरूको लागि पशुपंक्षी तथा पशुजन्य पदार्थमा आधारित उद्योग व्यवसाय प्रवर्द्धन तथा वजार सुदृढीकरण गर्न आवधिक आयोजनाहरूको मस्यौदा तयार गर्न सहयोग पुर्‍याउने ।
- पशुपंक्षी हाटवजार, वधशाला तथा पशुजन्य उद्योग व्यवसाय प्रवर्द्धनको लागि प्रचार प्रसारका कार्यक्रमहरू संचालन गर्न नर्मस्/निर्देशिका तयार गर्ने ।
- निर्देशनालयको वार्षिक वजेट कार्यक्रम तथा योजना तर्जुमा गर्ने र संचालित कार्यक्रमहरूको अनुगमन गरी प्रगति प्रतिवेदन तयार गरी सम्वद्ध निकायमा पठाउने।
- हाटवजार तथा प्रशोधन उद्योगहरूवाट उत्पादित पशुजन्य पदार्थको खरिद/विकि, वजार मूल्य सम्वन्धमा कृषक, व्यवसायी र सर्वसाधारण उपभोक्ताहरूको जानकारीको लागि संचार माध्यमबाट सूचना प्रवाह गर्ने ।
- पशुजन्य उद्योग र वजार व्यवस्थापन प्रविधि सम्वन्धि जनशक्ति तयार गर्ने ।

# ३. पशु सेवा तालीम तथा प्रसार निर्देशनालय, हरिहरभवन

पशु सेवा तालीम तथा प्रसारसम्बन्धि विषयमा प्राविधिक आधिकारीक निकाय (Technical Authority) को रूपमा काम गर्ने र तत्सम्वन्धी सम्पूर्ण जिम्मेवारी वहन गर्ने । यस निर्देशनालयको अन्य कार्य विवरण देहाय वमोजिम हुनेछ ।

- सम्वन्ध स्थापित भएका अन्तराष्ट्रिय स्तरका विशिष्ट निकायहरूको स्वदेशमा सम्पर्क विन्दु (Focal Point) को रूपमा कार्य गर्ने ।
- समान विषयका स्वदेशी गैर–सरकारी संस्थासंग सम्बन्ध कायम गरी सहभागितात्मक रूपमा कार्यक्रम संचानल गर्ने ।
- राष्ट्रिय नीति, रणनीति, योजना तथा वार्षिक कार्यक्रम तर्जुमा गर्ने कार्यमा अग्रसरता देखाउदै सो प्रयोजनका लागि विभाग र मन्त्रालयको निर्देशनमा रही कार्य गर्ने ।
- ऐन/नियमको मस्यौदा तयार पारी पेश गर्ने ।

- कार्यक्रम तर्जुमाको सिलसिलामा मार्गदर्शन तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूलाई उपलव्ध गराउने ।
- स्वीकृत नीति, योजना वा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने निर्देशिका तथा नर्मस् तयार पारी स्वीकृत गराई कार्यक्रम कार्यान्वयन गर्ने निकाय समक्ष पठाउने ।
- वैदेशिक सहायता प्राप्तिका लागि आयोजना प्रस्ताव तयार पारी विभाग समक्ष प्रस्तुत गर्ने ।
- कार्यक्रम निर्देशनालय आफैले कार्यान्वयन गर्ने वार्षिक कार्यक्रमहरू तर्जुमा गरी स्वीकृती प्राप्त भएपछि कार्यान्वयनको जिम्मेवारी वहन गर्ने ।
- निर्देशनालयको प्रत्यक्ष मातहतका निकायहरूको वार्षिक कार्यक्रमहरू बीच समन्वय गरी संचालनको व्यवस्था मिलाउने ।
- निर्देशनालयको विषय क्षेत्र समेटीने गरी जिल्ला स्तरमा तर्जुमा/कार्यान्वयन गरिने कार्यक्रमका लागि विषयगत मार्गदर्शन/निर्देशिका उपलव्ध गराउने । संचालित कार्यक्रमहरूको राष्ट्रिय स्तरमा अद्यावधिक जानकारी राख्ने ।
- कार्यक्रम कार्यान्वयनको सिलसिलामा आवश्यक पर्ने सामग्री आपूर्तिको लागि समन्वय गर्ने ।
- निर्देशनालयले आफै संचालन गर्ने कार्यक्रम र प्रत्यक्ष मातहतमा रहेका निकायवाट कार्यान्वयन हुने कार्यक्रमहरूको नियमित सुपरिवेक्षण, अनुगमन, मूल्यांकन, समीक्षाको व्यवस्था गर्ने र तालुक निकायमा प्रतिवेदन पेश गर्ने ।
- अनुसन्धान गर्ने निकायहरू (Research Institutions) संग समन्वय र सहकार्य गरी सफल प्रविधिको अनुसरण वा प्रसारको आवश्यक व्यवस्था मिलाउने ।
- राष्ट्रिय एवं अन्तरराष्ट्रिय गोष्ठी, वैठक आदि आयोजना गर्ने तथा सहभागी हुने ।
- आवश्यक सूचना, जानकारी, तथ्यांक आदिको राष्ट्रिय स्तरमा अद्यावधिक अभिलेख राख्ने ।
- विषय विशेषज्ञहरूको राष्ट्रियस्तरमा रोष्टर तयार पार्ने ।
- अन्तरनिकाय समन्वयका लागि आवश्यक व्यवस्था गर्ने ।
- मन्त्रालय वा विभागवाट विशेष रूपमा सुम्पिएका अन्य कार्यहरू सम्पादन गर्ने ।

## तालीम तथा जनशक्ति शाखा

पशु सेवा प्रसार कार्यक्रम कृषक समूह/समितिको माध्यमवाट संचालित भैरहेको र यस्ता कृषक संस्थाहरूको संस्थागत विकास/सहकारीकरण, क्षमता अभिवृद्धि, आत्मनिर्भरता सम्वन्धि कार्यक्रमहरूको पहिचान, नर्मस्हरूको तर्जुमा एवं प्राविधिक सरसल्लाह उपलव्ध गराउने ।

- पशुपालक कृषक, उद्यमी, फिल्ड स्तरमा कार्यरत प्राविधिकहरू (प्रसारकर्मीहरू) लाई आवश्यक एवं उपयोगी हुने प्रचार प्रसार एवं शैक्षिक कार्यक्रम संचालनमा समन्वय गर्ने । रेडियो, टेलिभिजन मार्फत् लक्षती समुहको लागि दुरशिक्षा कार्यक्रम पहिचान, संचालन एवं समन्वयको व्यवस्था मिलाउने ।
- पशुपालन क्षेत्रका प्रविधिहरू कृषक/उद्यमीहरू समक्ष पुऱ्याउन अनुसंन्धान संस्थाहरूसंग सहकार्य गरी प्रसार र अनुसंन्धानको अन्तरसम्वन्धमा प्रभावकारीता ल्याई स्तरीय सेवा प्रवाहमा टेवा पुऱ्याउने ।
- तालीम निर्देशनालय एवं क्षेत्रीय तालीम केन्द्रहरूवाट संचालन हुने अधिकृत, प्रा.स./ना.प्रा.स., उद्यमी तथा कृषक स्तर तालीमको लागि तालीम म्यानुएल एवं श्रव्य/दृष्य सामाग्रीहरू तयार गर्ने र प्रकाशन तथा वितरणको व्यवस्था मिलाउने ।
- अन्तरराष्ट्रिय संघ/संस्था तथा गैर–सरकारी संघ/संस्थाहरूसंग सम्पर्क एवं समन्वय राखी पशु सेवा सम्वन्धी ज्ञान/सीप एवम् अनुभवको आदानप्रदानद्धारा सेवा प्रवाहमा स्तरीयता वढाउन टेवा पुऱ्याउने ।
- पशु सेवा तालीम कार्यक्रमलाई प्रभावकारी बनाउन तालीमको: आवश्यकता पहिचान, संचालन तथा प्रभावकारिता आंकलन प्रकृया तय गर्ने । कृषक, उद्यमी, फिल्ड स्तरमा कार्यरत प्राविधिकहरूको तालीम नर्मस्हरू बनाउने एवं तालीमसम्बन्धि प्राविधिक सरसल्लाह उपलव्ध गराउने ।
- पशुपालक कृषक, उद्यमी, फिल्ड स्तरमा कार्यरत प्राविधिक र बिषय बिशेषज्ञहरूको सीप एवम् दक्षता अभिबृद्धि गर्न आवश्यक एवं उपयोगी तालीम कार्यक्रम संचालन एवम् समन्वय गर्ने ।
- पशु सेवा तालीमको पाठ्यक्रम तर्जुमा, परिमार्जन एवम् नियमनसम्बन्धि कार्यहरू संयोजन गर्ने ।

- तालीम निर्देशनालय एवं क्षेत्रीय तालीम केन्द्रहरूवाट संचालन हुने अधिकृत स्तर, प्रा.स./ना.प्रा.स., उद्यमी र कृषक स्तर तालीमको म्यानुएल एवं श्रव्य/दृष्य सामाग्रीहरू तयार तथा परिमार्जन कार्यमा सहयोग गर्ने ।
- अन्तरराष्ट्रिय संघ/संस्था र गैर सरकारी संघ/संस्थाहरूसंग सम्पर्क एवं समन्वय राखी तालीम सम्वन्धी ज्ञान/सिप एवम् अनुभवको आदानप्रदानबाट तालीमको समग्र स्तरीयता वढाउने ।

यस निर्देशनालय अन्तर्गत रहेका क्षेत्रीय पशु सेवा तालीम केन्द्र र तिनका कार्यहरू निम्न प्रकारका छन् ।

४.१ क्षेत्रीय पशु सेवा तालीम केन्द्र, विराटनगर
४.२ क्षेत्रीय पशु सेवा तालीम केन्द्र, जनकपुर
४.३ क्षेत्रीय पशु सेवा तालीम केन्द्र, पोखरा
४.४ क्षेत्रीय पशु सेवा तालीम केन्द्र, नेपालगंज
४.५ क्षेत्रीय पशु सेवा तालीम केन्द्र, धनगढी

### क्षेत्रीय पशु सेवा तालीम केन्द्रका कार्यहरु

- क्षेत्र अन्तरगत पशु सेवा सम्बन्धी कृषक स्तरीय एवं प्रा.स./ना.प्रा.स.स्तरीय तालीम संचालन गरी उन्नत पशुपालन सम्वन्धी ज्ञान/सीप हस्तान्तरण गर्ने ।
- विषयगत विशिष्टताका आधारमा राष्ट्रीयस्तरको तालीम सचालन गर्ने Venue को रूपमा कार्य गर्ने ।
- जिल्ला स्तरमा संचालन हुने कृषक तालीमको लागि तालीम आवश्यकता पहिचान, पाठ्यक्रम तर्जूमा एवं तालीम संचालन सम्वन्धी प्राविधिक सेवा उपलव्ध गराउने ।
- संचालित तालीमको फलोअप, सुपरिवेक्षण तथा मूल्यांकन गरी तालीम प्रभावकारीतामा बृद्धि ल्याउने ।
- पशु सेवा सम्वन्धी तालीम संचालन, प्रमावकारीता अध्ययन, प्रशिक्षार्थी एवं प्रशिक्षक छनौटका आधारहरू तय गर्न अन्य सरकारी तथा गैर–सरकारी निकायहरूसंग सम्पर्क तथा समन्वय गर्ने ।
- पाठ्यक्रम परिमार्जन, प्रशिक्षण सामाग्री तथा विधिहरूको उपयोगीता सम्वन्धमा तालीम निर्देशनालयलाई समायानुकूल पृष्ठपोषण उपलव्ध गराई निरन्तर सुधारमा टेवा पुर्‍याउने ।

## ४. पशु स्वास्थ्य निर्देशनालय, त्रिपुरेश्वर

पशु स्वास्थ्यको क्षेत्रमा आधिकारिक राष्ट्रिय भेटेरिनरी निकाय (National Veterinary Authority) को रूपमा काम गर्ने र तत्समबन्धी सम्पूर्ण जिम्मेवारी वहन गर्ने । यस निर्देशनालयको अन्य कार्य विवरण देहाय वमोजिम हुनेछ ।

- पशु स्वास्थ्यसम्बन्धी नीति, निर्देशिका तथा नर्मस् तर्जुमा गर्ने ।
- जनस्वास्थ्यसंग सम्वन्धित तथा आर्थिक दृष्टिकोणले महत्वपूर्ण रोगहरूको नियन्त्रण तथा उन्मूलन गर्ने कार्यक्रम तर्जुमा गरी लागू गर्ने ।
- पशु स्वास्थ्यसम्वन्धी आवश्यक ऐन, नियमहरूको प्रस्तावना गर्ने र विद्यमान ऐन, नियमहरूमा समय सापेक्ष परिमार्जन गर्ने ।
- पशुपंक्षीका आकस्मीक रोगहरूको अन्वेषण, उपचार, रोकथाम, नियन्त्रण तथा उन्मूलनको कार्ययोजना तयार गरी लागू गर्ने ।
- नेपाल कृषि अनुसन्धान परिषद् लगायत अन्य अनुसन्धान संस्थाहरूसंग समन्वय राखी समन्वयात्मक पशु स्वास्थ्य अन्वेषण तथा अनुसन्धानमा सहभागी हुने ।
- अधिराज्यका पशु सेवा कार्यालय तथा पशु स्वास्थ्यसंग सम्बन्धित निकायहरूलाई प्राविधिक सहयोग तथा समन्वय गरी क्षमता विकास गर्ने ।
- पशु स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय संघ/संस्थाहरूसंग समन्वय गरी प्रविधि, श्रोत तथा सूचनाहरूको आदानप्रदान गर्ने ।

यस निर्देशनालयका शाखाहरू र तिनका कार्यहरू निम्न प्रकारका छन् ।

## क) रोग नियन्त्रण तथा पशु कल्याण शाखा

- माहामारीको रूपमा देखा पर्ने पशुपंक्षीका रोगहरूको रोकथाम, नियन्त्रण तथा उल्मूलनका कार्य योजनाहरू तर्जुमा गर्ने ।
- उन्मूलन भैसकेका रोगहरू पूनरूत्थान हुन नदिन आकस्मिक तयारी (Emergency preparedness) रहने व्यवस्था मिलाउने ।
- Transoundary Animal Diseases (TADs) को रोकथाम र नियन्त्रणकोलागि व्यवस्था मिलाउने ।
- पशुपंक्षि प्रति हुने निर्दयीता (Animal Cruelty) र Animal Welfare सम्वन्धी नीति निर्देशिका तर्जुमा गरी कार्यान्वियन गर्ने ।

## ख) सेवा समन्वय तथा नियमन शाखा

- केन्द्रीय, क्षेत्रीय तथा जिल्लास्तरमा संचालन हुने पशु स्वास्थ्य सेवा सम्वन्धी कार्यक्रमहरूको समन्वय गर्ने ।
- पशुस्वास्थसम्बन्धि ऐन/नियम कार्यान्वियन गर्ने ।

## ग) योजना तथा मूल्यांकन शाखा

- पशुस्वास्थ कार्यक्रमहरूको तर्जुमा गर्ने
- पशुस्वास्थ कार्यक्रमहरूको पशु सेवाका अन्य कार्यक्रमहरूसंग समन्वय गर्ने र अभिलेख राख्ने ।
- पशुस्वास्थ्यसम्बन्धि जनशक्ति विकास गर्ने ।

यस निर्देशनालय अन्तर्गत रहेका कार्यालयहरू र तिनका कार्यहरू निम्न प्रकारका छन् ।

## ४.१ केन्द्रीय पशु चिकित्सालय, त्रिपुरेश्वर

- पशु चिकित्सामा विशेषज्ञ सेवा उपलव्ध गराउने ।
- पशु चिकित्सकहरूलाई विशेष चिकित्सा प्रविधि हस्तान्तरण गर्ने
- पशु चिकित्सा सेवा विस्तार गर्न सरकारी तथा निजी क्षेत्रका पशु चिकित्साकर्मीलाई तालीम दिने ।
- पशुपंक्षीलाई शल्य चिकित्सा सेवा उपलव्ध गराउने ।
- आधुनिक शल्य चिकित्सा प्रविधि अनुसरण र प्रसारण गर्ने ।
- पशुपंक्षीका रोगव्याधिको निदान गर्ने ।
- पशुपंक्षीलाई औषधोपचार सेवा उपलव्ध गराउने ।
- आधुनिक मेडिकल चिकित्सा प्रविधि अनुसरण र प्रसारण गर्ने ।
- पशुपंक्षीलाई थेरिओजेनोलोजिकल विशेष उपचार सेवा उपलव्ध गराउने ।
- आधुनिक थेरिओजेनोलोजिकल चिकित्सा प्रविधि अनुसरण र प्रसारण गर्ने ।

## ४.२ भटेरिनरी ईपिडेमियोलोजी केन्द्र, त्रिपुरेश्वर

- पशु रोग तथा जनस्वास्थ्यसंग सम्वन्धीत रोगहरूको बस्तुस्थिति (Epidemiological Status) अध्यावधिक राख्ने ।
- पशु रोग नियन्त्रणमा प्रभावकारी रणनीति विकास गर्ने ।
- विदेशमा देखिएका नयां संक्रामक रोगहरू (Emerging, Re-emerging & Transboundry Animal Disease) भित्रिई हुने संभावित खतराको विश्लेषण गरी समयमै सूचना प्रवाह गर्ने ।
- विश्व पशु स्वास्थ्य संगठन (OIE) लगायत अन्य अन्तर्राष्ट्रीय संघ संस्थाहरूद्वारा निर्धारित पशु स्वास्थ्य सम्बन्धी सूचना नियमित रूपमा आदानप्रदान गर्ने ।
- पशु स्वास्थसम्बन्धि अभिलेख अद्यावधिक गरी राख्ने ।
- अभिलेखहरूको विश्लेषण गरी आवश्यकतानुसार राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका सम्बन्धित निकायमा जानकारी गराउने ।

## ४.३ भेटेरिनरी गुणस्तर तथा औषधी व्यवस्थापन कार्यालय, त्रिपुरेश्वर

**भेटेरिनरी गुणस्तर प्रयोगशाला**

- आयातित तथा स्वदेशमा उत्पादन हुने भेटेरिनरी औषधी, भ्याक्सिन, एण्टीजेन, सिरम, डाएग्नोष्टिक्स आदिको गुणस्तर परिक्षण तथा विश्लेषण गर्ने ।
- गुणस्तर कायम गर्न Protocol तयार गरी लागू गर्ने ।
- भेटेरीनरी गुणस्तर नियमनसम्बन्धी कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने ।
- प्रचलित ऐन/नियमहरूको पालना गर्न गराउन आवश्यक प्राविधिक सहयोग पुऱ्याउने ।
- पशुपंक्षी तथा पशुजन्य उत्पादन र पशुपंक्षीको स्वास्थमा प्रत्यक्ष प्रभाव पार्ने औषधि, भ्याक्सीन, डायग्नोस्टिक्स तथा बायोलोजीकल्स जस्ता उत्पादन सामाग्रीहरूको गुणस्तर कायम राख्न मापदण्ड तयार गर्ने ।
- पशुपंक्षी तथा पशुजन्य उत्पादन र पशुपंक्षीको स्वास्थमा प्रत्यक्ष प्रभाव पार्ने उत्पादन सामग्रीहरूको गुणस्तरीयता प्रयोगशालामा परिक्षण गर्ने ।

**औषधी व्यवस्थापन शाखा**

- भेटेरिनरी औषधि, जैविक पदार्थ, खाद्य योगशिल वा बृद्धिवर्धक पदार्थहरूको आयात निर्यात तथा उपयोगसम्बन्धी नीति तर्जुमा गर्ने ।
- पशुपंछिका रोगको निदान, उपचार वा रोकथाम गर्न, शारिरिक बनावट वा प्रकृयालाई असर पार्न प्रयोग गरिने पशु औषधि, जैविक पदार्थ, खाद्य योगशिल वा बृद्धिवर्धक पदार्थ उत्पादन गर्ने उद्योगहरू र त्यसका उत्पादनहरूको नियमन गर्ने ।
- भेटेरिनरी औषधि, जैविक पदार्थ, खाद्य योगशिल वा बृद्धिवर्धक पदार्थहरूको उत्पादन मापदण्ड अनुरूप भए नभएको नियमन तथा अनुगमन गर्ने ।
- भेटेरिनरी औषधि, जैविक पदार्थ, खाद्य योगशिल वा बृद्धिवर्धक पदार्थको उत्पादन, बिक्री बितरण, आयात निर्यात नियमन गर्न सिफारिस तथा अनुमति पत्र प्रदान गर्ने।

## ४.४ भटेरिनरी जनस्वास्थ्य कार्यालय, त्रिपुरेश्वर

- पशुपंक्षी तथा मानिस विच सर्ने जुनोटिक रोगहरूको पहिचान, रोकथाम, नियन्त्रण तथा उन्मूलन गर्ने कार्य योजना तय गर्ने ।
- पशुपंक्षी तथा पशुपंक्षीजन्य उत्पादनबाट जनस्वास्थमा पर्ने प्रतिकुल प्रभावको रोकथाम गर्न जनचेतना अभिवृद्धि गर्ने ।
- पशुजन्य भोजनमा आधारित तथा जुनोटिक रोगहरूको अभिलेख अद्यावधिक राख्ने ।
- पशु बधशाला तथा मासु जांच ऐनको प्रभावकारी कार्यान्वयन गर्ने ।

## ४.५ केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर

पशु रोग अन्वेषण तथा निदानको क्षेत्रमा आधिकारिक राष्ट्रिय निकाय (National Technical Authority) को रूपमा काम गर्ने र तत्सम्बन्धी सम्पूर्ण जिम्मेवारी वहन गर्ने । यस प्रयोगशालाको अन्य कार्य विवरण देहाय वमोजिमको छ ।

- पशु रोग अन्वेषणको लागि रिफरल सेन्टरको रूपमा कार्य गर्ने ।
- रोग निदान सेवालाई प्रभावकारी तथा विस्तार गर्न नीति तथा कार्ययोजना तर्जुमा गर्ने ।
- प्रयोगशाला प्रविधिलाई Standardize गरी सरकारी तथा निजी क्षेत्रको समेत संलग्नतामा सेवा विस्तार गर्ने ।
- रोग निदान प्रविधिलाई समय सापेक्ष विकास गरी प्रभावकारी बनाउने ।
- पशुपंक्षिका रोग निदान गर्न आवश्यक Reagents तथा Diagnostics तयार गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयोगशालाहरूसंग समन्वय गरी रोग निदान, अन्वेषण तथा नियन्त्रण प्रकृयालाई Harmonize गर्ने ।
- जनस्वास्थ्य तथा राष्ट्रिय दृष्टिकोणबाट सम्वेदनशील देखिएका जैविक तत्वहरूको संरक्षण, संचय तथा समुचित उपयोगको व्यवस्था मिलाउने ।

- रोग परिक्षणको लागि अधिराज्यबाट संकलन गरिने विभिन्न जातीका राष्ट्रिय जैवीक श्रोतहरूको ( सिरम, एण्टिजेन) संकलन, समन्वय र समुचित उपयोग गर्ने व्यवस्था मिलाउने ।
- नेपाल कृषि अनुसन्धान परिषद् लगायत अन्य अनुसन्धान संस्थाहरूसंग समन्वय राखी पशु रोग अन्वेषण तथा अनुसन्धानमा सहभागी हुने ।

यस प्रयोगशालाका शाखाहरू र तिनका कार्यहरू निम्न प्रकारका छन् ।

क) माइक्रोवायोलोजी: जीवाणु, विषाणु तथा ढुसीबाट उत्पन्न रोगको नीदान, अन्वेषण र पहिचान गर्ने ।
ख) प्याथोलोजी: शव परिक्षण, तन्तु परिक्षण गरी पशु पंक्षीका रोग नीदान गर्ने
ग) प्यारासाईटोलोजी: पशु पंक्षीको रगत, बाहृय तथा आन्तरीक परजीविको पहिचान तथा नीदान गर्ने ।
घ) सिरोलोजी: अधिराज्यका विभिन्न स्थानबाट संकलन हुने सिरमको परिक्षण र भण्डारण गर्ने । पशुपंक्षीका महत्वपूर्ण रोगहरूको अनुगमन तथा सर्वेक्षण गर्ने
ङ) वायोकेमेष्ट्रि तथा हेमाटोलोजी: यस शाखा अन्तरगत विभिन्न मिनरल, शुक्ष्मतत्व, विषादी, एन्टीवायोटिक अवशेषको परिक्षण गर्ने । रक्त परिक्षण गर्ने ।
च) मलिकुलर वायोलोजी: मलीकुलर वायोटेक्नोलोजीको माद्यमबाट पशुपंक्षीका रोगको छिटो र सुरक्षित तरिकाले विशेष परिक्षण गर्ने ।
छ) प्रशिक्षण प्रयोगशाला: पशु स्वास्थ सेवा संग सम्बन्धित अधिकृत, टेक्नीसियनलाई प्रयोगशाला प्रविधिको तालिम दिने ।
ज) रेविज: रेविज रोगको निदान गर्ने ।

यस प्रयोगशाला अन्तर्गत अधिराज्यका विभिन्न स्थानमा रहेका प्रयोगशालाहरू र तिनका कार्यहरू निम्न प्रकारका छन् ।

## ४.५.१ राष्ट्रिय पंक्षी रोग अन्वेषण प्रयोशाला, चितवन

कुखुरापालनमा भएको व्यावसायीकरणको साथै नयां रोगहरूको प्रकोपको कारण कुखुरापालक कृषक तथा उद्यमीहरूबाट रोग निदान सेवाको लागि लामो समयदेखि एक छुट्टै प्रयोगशालाको माग हुंदै आएको साथै नवौं योजनामा पनि पंक्षी रोग निदान प्रयोगशाला सेवा उपलव्ध गराउने अवधारण अनुरूप चितवन जिल्लामा प्रयोगशाला स्थापना गरी अधिराज्यभर विषय विशेषज्ञ सेवा पुऱ्याउन यो कार्यालय प्रस्तावना भएको हो । यसका प्रमुख कार्यहरू तल उल्लेख गरिएको छ ।

- पंक्षी रोगहरूको अन्वेषण गर्ने ।
- पंक्षी रोग अन्वेषणको लागि रिफरल प्रयोगशालाको रूपमा कार्य गर्ने ।

४.५.२ क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, विराटनगर
४.५.३ क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, जनकपुर
४.५.४ क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, पोखरा
४.५.५ क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, नेपालगंज
४.५.६ क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, धनगढी

क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाहरूको प्रमुख कार्यहरू:

- पशु रोग अन्वेषण गर्ने ।
- क्षेत्रीय स्तरमा रोग अन्वेषणको निम्ती Protocol तयार गर्ने ।
- उच्चस्तरको रोग अन्वेषण प्रविधि कार्यान्वयन गर्ने ।
- पशुपंक्षीका रोग नियन्त्रण गर्ने कार्यमा सहयोग गर्ने ।
- प्रयोगशाला प्रविधि हस्तान्तरण गर्ने ।

## ४.६ केन्द्रीय जैविकी उत्पादन प्रयोगशाला, त्रिपुरेश्वर

भेटेरिनरी भ्याक्सीन तथा जैविक पदार्थको उत्पादन तथा विकासको लागि राष्ट्रिय निकाय (National Institute for Biologicals) को रूपमा काम गर्ने र तत्सम्बन्धी सम्पूर्ण जिम्मेवारी वहन गर्ने । यस प्रयोगशालाको विस्तृत कार्य विवरण देहाय वमोजिमको छ ।

- राष्ट्रिय आवश्यकता अनुसार भेटेरिनरी भ्याक्सीन तथा सिरमको आवश्यकता परिपूर्ति गर्ने ।
- भ्याक्सीन उत्पादनमा विविधिकरण तथा गुणस्तर सुधार गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयोगशालाहरूसंग समन्वय गरी भ्याक्सीन उत्पादन प्रविधिलाई Harmonize तथा Standardize गरी परिमार्जित Production Protocal तयार गर्ने ।
- भ्याक्सीन तथा सिरम उत्पादन गर्न आवश्यक सिडहरूको संरक्षण तथा व्यवस्थापन गर्ने ।
- भ्याक्सीन उत्पादन गर्न चाहने निजी उद्यमीहरूलाई प्रविधि हस्तान्तरण गर्न सहयोग गर्ने ।
- भ्याक्सीन तथा सिरम उत्पादन, आयात निर्यातको राष्ट्रिय नीति तथा मापदण्ड तयार गर्न सहयोग गर्ने ।
- राष्ट्रिय आवश्यकता अनुसार जनस्वास्थ्यसंग सरोकार राख्ने अन्य भ्याक्सीनहरूको उत्पादन गर्ने ।
- भ्याक्सीन तथा सिरम आपूर्ति व्यवस्था गर्ने ।
- पशुपंक्षीको प्रमुख संक्रामक रोग विरूद्ध खोपहरू उत्पादन गर्ने ।
- खोप उत्पानका नविनतम प्रविधिहरूको विकास गरी नयां खोपहरूको उत्पादन गर्ने ।
- पशु रोग नियन्त्रणका लागि चाहिने जैविक पदार्थहरू उत्पादन गर्ने ।
- भ्याक्सीन तथा जैविक पदार्थ आपूर्ति गर्ने ।
- खोपको आवश्यक सिड तथा सेल लाइनहरूको संरक्षण र सम्वर्धन गर्ने ।
- खोपहरू उत्पादनको लागि आवश्यक कच्चा पदार्थहरूको खरिद तथा संचयको व्यवस्थागर्ने
- पंक्षीहरूको खोप उत्पादन कार्य गर्ने ।
- टिस्यूकल्चर र विषाणुजन्य खोप उत्पादन गर्ने ।
- जीवाणुजन्य खोपहरू उत्पादन गर्ने ।
- रोग नियन्त्रण गर्न विभिन्न प्रकारका सिरमहरूको उत्पादन गर्ने ।
- प्रयोगशाला जनावरहरूको प्रजनन् तथा पालन पोषणको व्यवस्था मिलाउने ।
- आवश्यकता अनुसार विभिन्न प्रयोगशालालाई ल्याव एनिमल आपूर्ति गर्ने ।
- वार्षिक कार्यक्रमहरू तय गर्ने ।
- प्रगती प्रतिवेदन तयार पार्ने ।
- खोपहरूको विक्री वितरणसम्वन्धि आवश्यक व्यवस्था गर्ने ।
- उत्पादित खोपहरूको विक्री वितरण व्यवस्था गर्ने ।
- वजार विस्तार तथा प्रचारप्रसार कार्य गर्ने ।

## ४.७ रेबिज भ्याक्सीन उत्पादन प्रयोगशाला, त्रिपुरेश्वर

- रेबिज भ्याक्सीन उत्पादन गर्ने ।
- रेबिज भ्याक्सीन उत्पादनका लागि टिस्यूकल्चर प्रविधिको विकास गर्ने ।
- रेबिज भ्याक्सीन आपूर्ति व्यवस्था गर्ने ।

## ४.८ राष्ट्रिय खोरेत तथा महामारी रोग प्रयोगशाला, बढानिलकण्ठ

- खोरेत रोगको भाईरसको टाईपिंग गरी क्यारेक्टराईजेशन गर्ने ।
- खोरेत भ्याक्सीन आपुर्तिको व्यवस्था मिलाउने ।
- खोरेत तथा अन्य माहामारी रोगको रोकथाम तथा नियन्त्रणको लागि कार्ययोजना तयार पार्ने ।
- माहामारी रोग सम्बन्धि सूचना संकलन तथा सम्प्रेषण गर्ने ।
- माहामारी रोगको पहिचान, रोकथाम तथा नीयन्त्रण गर्ने ।

## ४.८ केन्द्रीय पशु क्वारेन्टाईन कार्यालय, त्रिपुरेश्वर

पशु क्वारेन्टाईनको क्षेत्रमा कानूनी तथा प्राविधिक आधिकारिक राष्ट्रिय निकाय (National Technical Authority) को रूपमा काम गर्ने र सो सम्बन्धी सम्पूर्ण जिम्मेवारी वहन गर्ने गरी यस कार्यालयको कार्य विवरण देहाय वमोजिम हुनेछ ।

- निर्धारित गुणस्तर अनुसारका पशुपंक्षी तथा पशुजन्य पदार्थको मात्र आयात निर्यात गर्ने व्यवस्था मिलाउने ।
- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको माध्यमबाट भित्रिन सक्ने पशुरोगहरूको प्रवेश रोक्न विद्यमान ऐन नियमको कार्यान्वयनको साथै पशु क्वारेन्टाईनको समुचित व्यवस्थापन गर्ने ।
- विश्व व्यापार संगठन (WTO) को Sanitary and Phyto-sanitary मापदण्ड अनुरूप पशु क्वारेन्टाइन प्रकृयालाई अद्यावधिक गरी पशुपंक्षी र पशुजन्य पदार्थको गुणस्तर नियमन, मापदण्ड निर्धारण, ऐन नियमको प्रस्तावनाको साथै सो सम्वन्धी नीति तय गर्ने ।
- रोगहरू एक ठांउबाट अर्को ठांउमा सर्न नदिन आन्तरिक क्वारेन्टाइनलाई प्रभावकारी रूपमा संचालन गर्ने ।
- पशु क्वारेन्टाईन कार्यालय, चेकपोष्ट, स्थल (होल्डिंग यार्ड) र नाकाहरूको समयानुकुल स्थापना तथा स्थानान्तरण गर्न आवश्यक व्यवस्था मिलाउने ।

यस कार्यालय अन्तर्गत निम्न क्वारेन्टाईन कार्यालयहरू रहनेछन् ।

४.९.१ पशु क्वारेन्टाईन कार्यालय, काकडभिट्टा (ईलाम, झापा, ताप्लेजुंग)
४.९.२ पशु क्वारेन्टाईन कार्यालय, विराटनगर (मोरंग, सुनसरी, सप्तरी, सिराहा)
४.९.३ पशु क्वारेन्टाईन कार्यालय, जनकपुर (धनुषा, महोत्तरी, सर्लाही)
४.९.४ पशु क्वारेन्टाईन कार्यालय, काठमाण्डौ (त्रि.अ. विमानस्थल, तातोपानी, रसुवा, चितवन)
४.९.५ पशु क्वारेन्टाईन कार्यालय, विरगंज (रौतहट, बारा, पर्सा)
४.९.६ पशु क्वारेन्टाईन कार्यालय, भैरहवा (नवलपरासी, कपिलवस्तु, रूपन्देही)
४.९.७ पशु क्वारेन्टाईन कार्यालय, नेपालगंज (दांग, बांके, बर्दिया)
४.९.८ पशु क्वारेन्टाईन कार्यालय, गड्डाचौकी (कैलाली, कन्चनपुर, डडेल्धुरा, वैतडी, दार्चुला)

नोट: उत्तरी सिमावर्ती क्षेत्रका क्वारेन्टाइन नाकाहरू नेपाल-चीन संयुक्त टोलीले तोके अनुसार हुनेछ ।

**क्वारेन्टाईन कार्यालयहरुले निम्नानुसारका कार्यहरु गर्नेछन् :**

- पैठारी हुने पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको निरिक्षण गरी क्वारेन्टाईन प्रमाण पत्र प्रदान गर्ने ।
- निकाशी हुने पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरूको आवश्यकता अनुसार स्वास्थ्य/सेनेटरी प्रमाणपत्रहरूको जांच गरी निर्यात गर्न सहयोग पुर्‍याउने ।
- रोगी भएको शंका लागेमा वा अस्वस्थकर पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री सिमानामा वा कुनै निश्चित ठांउमा आईसोलेसन गरी रोग मुक्त वा स्वस्थकर भएको अवस्थामा मात्र पैठारी निकाशी गर्न प्रमाण पत्र प्रदान गर्ने ।
- क्वारेन्टाईनसम्वन्धि कार्यक्रम तथा ऐन नियम लागू गर्ने तथा उलंघन गर्ने व्यक्ति उपर मुद्धा दायर गर्ने ।
- संक्रामक पशु रोगबाट ग्रसित वस्तुको तह लगाउने र उक्त स्थल र पारवहनको साधनको नि:संक्रमण गर्ने ।
- स्थानीय स्तरमा भंसार, प्रहरी, स्थानीय जनप्रतिनिधी, जनता र व्यापारी आदिसंग समन्वय गरी क्वारेन्टाईन कार्यक्रम संचालन गर्ने ।
- ऐन नियम तथा मार्गदर्शन अनुरूप तोकिएको क्वारेन्टाईन क्षेत्रमा पशु क्वारेन्टाईनको व्यवस्थापन गर्ने ।

पशु सेवा विभाग अन्तर्गत हरेक विकास क्षेत्रको लागि १/१ वटा क्षेत्रीय निर्देशनालय रहेका छन् । यी निर्देशनालय र तिनका कार्यहरू निम्न प्रकारका छन् ।

क्षेत्रीय पशु सेवा निर्देशनालय, विराटनगर
क्षेत्रीय पशु सेवा निर्देशनालय, हरिहरभवन
क्षेत्रीय पशु सेवा निर्देशनालय, पोखरा
क्षेत्रीय पशु सेवा निर्देशनालय, सुर्खेत
क्षेत्रीय पशु सेवा निर्देशनालय, दिपायल

## क्षेत्रीय निर्देशनालयका कार्यहरु

- क्षेत्र अन्तरगत संचालीत पशु सेवा इकाइहरूको कार्यक्रम संचालनमा समन्वय तथा सहजता ल्याउने ।
- नियमीत विषय विशेषज्ञतायूक्त सूपरिवेक्षण अनुगमन तथा प्राविधिक निर्देशन दिने ।
- अन्तरगतका निकायहरू (जिल्ला पशु सेवा कार्यालयहरू)मा प्रशासनिक तथा आर्थिक प्रशासनसम्वन्धि नियन्त्रण तथा अनुशासन पालना गराउने ।
- पशु सेवा सम्बन्धी विभिन्न निकायहरू विच सम्पर्क तथा समन्वय स्थापीत गरी (पशु विमा, ऐन नियम कार्यान्वयन, साधन श्रोतको साझेदारी इत्यादि) लक्षित वर्गलाई स्तरीय सेवा टेवा प्रदान गर्ने ।
- क्षेत्र अन्तरगत पशु सेवा कार्यक्रम संचालनको क्रममा आवश्यक उन्नत पशुपंक्षी, वीउ, भ्याक्सीन, औषधि आदिको माग आपूर्ति एवं श्रोत मिलान (Resource Matching) गरी कार्यक्रम संचालनमा सहजता प्रदान (Facilitate) गर्ने ।

प्रत्येक क्षेत्रीय पशु सेवा निर्देशनालय अन्तर्गत सम्बन्धीत क्षेत्रका जिल्ला पशु सेवा कार्यालयहरू रहनेछन् यस विभागको संगठन चार्ट अनुसूची २१ मा दिईएको छ ।

# केन्द्रीयस्तरका महत्वपूर्ण आयोजनाहरू

## वैदेशिक सहयोगबाट संचालित आयोजनाहरु
## सामुदायिक पशु विकास आयोजना

सामुदायिक पशु विकास आयोजना ग्रामिण क्षेत्रमा गरिबी न्यूनिकरण गर्ने मुख्य उद्धेश्य लिएको सामुदाय केन्द्रीत आयोजना हो । ए.डि.बि.को ऋण सहयोगमा आ.ब. २०६१/६२ को श्रावण महिनादेखि लागु गर्ने तय भएतापनि ए.डि.बि.बाट ऋण प्रभावकारी हुन नसकी आ.ब. २०६२/६३ मात्र शुरू भएको थियो । बजारमूखि, लैंगिक समानता, सरकारी निजी साझेदारी, लचिलो आयोजना व्यवस्थापन, स्थानिय निकायको क्षमता अभिबृद्धि र वातावणीय व्यवस्थापन यस आयोजनाका सिद्धान्तहरू हुन । यस आयोजना संचालन निम्न तीन मोड्यूलमा आधारित थिए ।

१. सघन पशु उत्पादन:

तनहूं, लमजुङ्ग, बागलुङ्ग, गुल्मी, अर्घाखांची, पाल्पा, नवलपरासी, बांके, बर्दिया, सुर्खेत, प्यूठान, सल्यान, दैलेख, रोल्पा, रूकुम, जाजरकोट, कैलाली, कन्चनपुर, डंडेलधुरा, डोटी, बैतडी र अछाम जिल्ला गरी २२ जिल्लाहरूमा सघन पशु बिकास कार्यक्रम लागू भएका थिए ।

२. प्रशोधन,बजारीकरण र व्यापारिकरण:

झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, महोत्तरी, धनुषा, सर्लाही, बारा, पर्सा, रौतहट, चितवन, नवलपरासी, काठमाण्डौ, ललितपुर, नुवाकोट, काभ्रे, कास्की, रूपन्देही, कपिलबस्तु र दाङ्ग गरी २१ जिल्लाहरूमा पशुजन्य पदार्थको प्रशोधन र बजार बिकाससम्बन्धि कार्यक्रम संचालन गरीएका थिए ।

३. बहुक्षेत्रिय उच्च पाइलट आयोजना:

जुम्ला, मुगु हुम्ला, दार्चुला र बझाङ्ग गरी ५ जिल्लामा Multi-Sectors लाई समाबेश गरी उपयुक्त Livestock based प्रबिधि प्याकेज तयार गर्न Action Research शुरूवात गरीएको थियो ।

## आयोजनाको उद्देश्य

यस आयोजनाले १६४००० परिवारहरूको खाद्य सुरक्षा, पोषण, आयस्तर र रोजगारीको अवसरहरूमा सुधार ल्याउने उद्धेश्य राखिएको थियो ।

## अपेक्षित उपलव्धी र फाइदाहरु

- पशु उत्पादकत्वमा बृद्धि,पशुजन्य पदार्थको प्रशोधन र बजारीकरणका क्रियाकलापहरूबाट जम्मा १६४००० घरपरिवारहरू प्रत्यक्षरूपमा लाभान्वित हुने
- आयोजनाको अन्ततिर गरिव परिवारहरूको प्रति व्यक्ति आय रू २९२५ मा ५० प्रतिशतले बृद्धि हुने
- आयोजना लागु भएका क्षेत्रहरूमा ६ बर्ष मुनिका बालबालिकाको पोषणमा २० प्रतिशतले बृद्धि हुने ।
- ५००० देखि ६००० सम्मका नयां रोजगारीका अवशरहरू सृजना हुने १७०० पशु व्यवसायहरूको बिकास हुने ।

## आयोजनाको संभागहरु

### १. संस्थागत विकास र क्षमता अभिबृद्धि

स्थानिय गैर सरकारी संस्थाहरू/सामुदायिक संस्थाहरूसंग साझेदारीमा कार्यक्रम कार्यान्वयनका लागि पशुको पकेट क्षेत्र पहिचान, आयोजनाहरको सम्पुर्ण क्रियाकलापहरूमा महिला सहभागिता न्यूततम ३५ प्रतिशतसम्म बृद्धि, सामुदायिक पशु सहायकरूको विकास र परिचालन, पशु सेवा विभागका कर्मचारी/कृषक समुह/साझेदारी गैर सरकारी संस्थाहरू/सामुदायिक संस्थाहरू/निजी पशु व्यवसायिहरूको क्षमता अभिबृद्धि

### २. पशुको उत्पादकत्वमा सुधार

घासेबालीको आपुर्तिमा बृद्धि, ठेक्कमा घासेबाली बीउ उत्पादकहरूको पहिचान र परिचालन, लघु बित्त प्रवाह गर्ने मुख्य संस्थाहरू र लघु बित्त संस्थाहरूद्धारा कृषकहरूमा लघु ऋणको प्रवाह

### ३. पशु जन्य पदार्थको प्रशोधन र बजारिकरण

खुद्रा दुध केन्द्रहरू/चिस्यान केन्द्रहरू/बधशालाहरू। बधस्थलहरू/मासुपसलहरू/जिउंदो पशुको बजारमा सुधार तथा निर्माण/कुशल पशु स्वास्थ्य सेवाहरूको लागि भेटेनरी र पारा भेटेनरीहरूको क्षमता अभिबृद्धि

### ४. उच्च पहाड जिबिकोपार्जन पाइलट प्रोजेक्ट

पहिलो दुई बर्षमा उच्च पहाडी जिल्लाहरूको लागि बहुपक्षिय आयोजना संचालनका निम्ति मेडेल तयार गर्ने र बाकी चार बर्षमा उक्त मोडेल पांच जिल्लामा कार्यान्वयन गर्ने ।

### ५. आयोजना व्यवस्थापन सेवाहरु

प्रोजेक्ट मैनेजर र नेपाल सरकारका कर्मचारीहरू रहेको केन्द्रीय कार्यालयको स्थापना साथै आयोजनाका क्रियाकलापहरू संचालन र पशु क्षेत्रका नीतिहरू बिश्लेषण गर्न सक्षम दक्ष कन्सल्टेन्टहरूको नियुक्तीद्धारा आयोजना व्यवसापन गर्नुको साथै २१ पशुजन्य पदार्थ प्रशोधन तथा बजारीकरणको कार्यक्रम संचालन गर्ने ।

## आयोजनाको बिशेषताहरु

पशु सेवा कार्यक्रम संचालन गर्नुभन्दा अगाडि सामाजिक परिचालनलाई महत्व दिइएको थियो । तेश्रो पशु विकास आयोजनामा उत्कृष्ट रहेका चारवटा जिल्लाहरू: लमजुङ, तनहुं, पाल्पा र नवलपरासीका सफल कामहरूलाई नमुनाको रूपमा लन्य आयोजना लागु भएका जिल्लाहरले अनुशरण गरिएको थियो । पशु पकेटहरू बस्तुमा आधारित भन्दा क्षेत्रमा आधारित भएका थिए जसले गर्दा पशुको पकेट क्षेत्रहरूको छनौटमा समाजका गरिव समुहरूले बढि समाबेश र सहभागी भएका थिए । पशु विकासका कार्यक्रमहरू आवश्यकता अनुसार अन्य निकायहरूसंग समन्वय गरी संचालन भएको थियो ।

## बितिय श्रोत व्यवस्थापन

गरिबी न्यूनिकरण गर्ने मुख्य लक्ष्य रहेको यस आयोजना अवधिमा ३३ मिलीएन अमेरिकन डलर खर्च हुने अनुमान गरिएको थियो । जस मध्ये ए.डी.बी.बाट २० मिलियन डलर ऋण प्राप्त हुनेछ । बाकी रकम

मध्ये नेपाल सरकारले ५ मिलियन, ग्रामिण लघु बित्त विकास केन्द्रले र अन्य लघु बित्त प्रबाह गर्ने संस्थाहरले ६.५ मिलियन खर्च र अन्य लाभान्बित कृषहरूले १.५ मिलियन व्यहोर्ने ।

## कार्यान्वयन निकाय

पशु सेवा विभागले पशु सेवा प्रसार कार्यक्रमहरू र रूलर माइको फाइनान्स डेभलपमेन्ट सेन्टरले लघु बित्त ऋण प्रबाह गर्ने कार्यकारी संस्था रहेको थियो ।

## मूख्य मूख्य कार्य

आ.व. ०६२/६३ मा २२ जिल्लाहरूमा ३८२ कृषक समितिमा आबद्ध १८७७ कृषक समूहरूमा कुल २१४३२ कृषक परिवारहरू कार्यक्रममा प्रत्यक्ष सहभागी भएका थिए । कृषक समुहमा महिला सहभागिता ६४ प्रतिशत रहेको थियो । बाखा पैंचो कार्यक्रमबाट २१ जिल्लाका मुक्त मकेया ( बांके, कैलाली र कंचानपुर ) दलित महिला तथा बिपन्न परिवारहरू (रोल्पा बाहेक ) प्रत्यक्ष लाभान्वित भएका छन् । GIS based गरिबी तथा सामाजिक मानचित्र तयार २७ जिल्लाको संपन्न भएको छ साथै सघन पशु उत्पादन कार्यक्रम लागु हुने १४ जिल्लाको Base-line Survey भएको थियो। High Altitude Livelihood Pilot project अन्तरगत कर्णालीका तीन जिल्ला सहित कुल ५ जिल्ला ( जुम्ला, हुम्ला, मुगु, दार्चुला, बभ्काङ ) मा समस्या तथा अवसर पहिचान अध्ययनको चालनी भएको थियो ।

आ.व. ०६३/६४ मा ३६७ वटा पशुपालन कृषक समिती गठन भई २०२७९ कृषक परिवार प्रत्यक्ष लाभान्वित भएका थिए । यसमा महिला कृषको सहभागिता ६० प्रतिशत रहेको छ । त्यस्तैगरी आ.व.०६४।६५ मा ४१६ कृषक समिती अन्तरगत २०९९ कृषक समुह गठन तथा ११४ वटा **NGO** लाई कार्यक्रममा सहभागी गराइएको थियो । १२ वटा **Bottom up Planning** गरिएको थियो ।

आ.व.०६५।६६ मा ९३३ कृषक समिती अन्तरगत २९६० कृषक समुग गठन भई ३२९४५ कृषक परिवार प्रत्यक्ष लाभान्वित भएका थिए । यसमा महिला कृषको सहभागिता ६६.५ प्रतिशत रहेको साथै दलित घरपरिवारको सहभागिता २७.१ र जनजातिको २८.६ रहेको छ । २७१ जना **CLA** लाई तालिम दिई २७१ जनालाई परिचालन गरिएको थियो । २२ जिल्लामा **d-LATs** गठन भएका छन् । ५५ वटा **Bottom up Planning** गरिएको थियो । १८८ जनालाई बाखा श्रोत बिकास तालिम दिइएको थियो । त्यस्तेगरी ८१ वटा घांस श्रोत बिकास केन्द्रको बिकास भएको थियो ।

आ.व.०६६।६७ मा ४३६ कृषक समिती अन्तरगत १६४७ कृषक समुह गठन भई २१८७४ कृषक परिवार प्रत्यक्ष लाभान्वित भएका थिए । यसमा महिला कृषको सहभागिता ६६.५ प्रतिशत रहेको साथै दलित घरपरिवारको सहभागिता सहभागी २३.८ प्रतिशत, जनजातिको २७.३ प्रतिशत र अन्य ४८.८ प्रतिशत रहेको थियो । २७१ जना **CLA** लाई तालिम दिई २७१ जनालाई परिचालन गरिएको थियो । २२ जिल्लामा **d-LATs** गठन भएका छन् । ९१ वटा **Bottom up Planning,** गरिएको थियो १४ **Model Dairy farm** लाई सहयोग गरिएको थियो जसअनुसार झापा, मोरङ र दाङमा १/१, चितवन, नवलपरासी, रूपन्देहीमा र तनहुमा २/२ र कास्कीमा ३ रहेका छन् ।

अन्तमा यस आयोजनाको ५ बर्ष अवधिलाई नियाल्दा २५३४ पकेट/कृषक समिती, १०४२९ कृषक समूह गठन भई ११८७८९ घरपरिवार लाभान्वीत भएका थिए जसमा ६१.९ प्रतिशत महिला सहभागिता भएको थियो । जसमा २६.९ प्रतिशत दलित, २७.४ प्रतिशत जनजाती र बाकी अन्यको सहभागिता भएको थियो । ३१२ जना **CLA** लाई तालिम दिइ २७२ जनालाई परिचलन गरिएको थियो । जसमा तालिम प्राप्त गर्ने कुल संख्यामा महिलाको सहभागिता ६३ प्रतिशत थियो भने परिचालन हुनेमा ५८ प्रतिशत महिला थिए । २२ जिल्लामा **d-LATs** गठन भएका थिए । १५८ वटा **Bottom up Planning,** गरिएको थियो । नवलपरासी, अर्घाखाचि, तनहु र बाके गरी ४ जिल्लामा ५४६ जना कृषकलाई बाखा श्रोत केन्द्र व्यवस्थापनको तालिम प्रदान गरिएको थियो जसमा ७८ जना महिलाको सहभागी थियो । ११३ जनाले श्रोत व्यक्तिको रूपमा तालिम लिने मौका पाए । पशुपालन कार्यमा सहकारीताको बिकासको लागि २४८ जनालाई सहकारी संबन्धी तालिम प्रदान गरिएको थियो । ४१६ मासु पसल सुधार/स्थापना को लागि, ४६ बध्यस्थल सुधार/स्थापनाको लागि सहयोग प्रदान आयोजनाबाट भएको थियो । १४ **Model Dairy farm** ले सहयोग पाएका थिए ६४ वटा पशु हाट बजार सुधारमामा सहयोग आयोजनाबाट भएको थियो । आयोजना अवधिमा नेपाल सरकार तर्फ ४४८३१७५४ हजार र ए.डि.बि. तर्फ ९८८८७४.०९ हजार गरी कुल १४३७१९१.६३ हजार खर्च भएको रेकर्डबाट देखिन्छ ।

# कवुलियती वन तथा पशु विकास कार्यक्रम (पशु सेवा तर्फ)

## पृष्ठभुमि

यस कार्यक्रम शूरूहुनु भन्दा पहिला पहाडी कबुलियती वन तथा चरन विकास आयोजनाको रूपमा सन् १९९० देखि सन् २००० सम्म १० बर्षको लागि संझौता भई सन् १९९२ देखि कृषि विकासको लागि अन्तरराष्ट्रिय कोषको (IFAD) को २ करोड ४ लाख अमेरिकी डलरको अनुदान सहयोगमा संचालन भएको थियो । यो आयोजना सन् २००१ को जुन महिनासम्म विस्तार भएको थियो । यसले काभ्रे, मकबानपुर, सिन्धुपाल्चोक, रामेछाप, धादिङ्ग, दोलखा, सिन्धुली, तनहुं, चितवन र गोरखा गरी १० जिल्लाहरूमा कार्यक्रम संचालन गरेको थियो । वन विभाग, कृषि विकास बैक, नेपाल कृषि अनुसन्धान परिषदसंग सवन्वय गरी एकृकित रूपमा कार्य सन्चालन भएको थियो । आ.ब ०५८/०५९ मा यस आयोजना समाप्त भयो र आ.व. २०५९/६० मा १६ जिल्ला र आ.ब.०६०/६१ देखि अधिराज्यको पांचथर, भोजपुर, तेह्रथुम, ओखलढुङ्गा, खोटाङ्ग, सिंधुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रे, धदिङ्ग, चितवन, मकवानपुर, गोरखा, तनहूं, लमजुङ्ग, सल्यान, रूकुम, रोल्पा, प्यूठान, जाजरकोट, दैलेख, आछाम, डोटी, बैतडी र डडेधुरा गरी २६ जिल्लाहरूमा नेपाल सरकारको श्रोतबाट संचालन भएको थियो ।

आ.व. ०६२/६३ देखि पहाडी कबुलियती बन तथा चरन बिकास आयोजनाको बिस्तारित तथा निरन्तरताको रूपमा कबुलियती वन तथा पशु विकास कार्यक्रम सन् २००५/६ देखि २०१२/१३ सम्म गरी ८ बर्षको लागि आएको छ ।

## कार्यक्रमका लक्ष्य तथा उद्देश्य

कार्यक्रमको समग्र लक्ष्य २२ जिल्लाका ४४३०० गरिब घरधुरीलाई कबुलियती बन क्षेत्र उपलव्ध गराई त्यस मार्फत बन पैदावार र पशुधनमा बृद्धिल्याई गरिवी न्यूनिकरण गर्ने रहेको छ ।

## कार्यक्रमका क्षेत्र

पूबान्चल बिकास क्षेत्र: पांचथर, तेह्रथुम,भोजपुर, खोटाङ र ओखलढुङ्गा ।
मध्यमान्चल बिकास क्षेत्र: सिन्धुली, मकवानपुर, चितवन, धादिङ, सिन्धुपाल्चोक, काभ्रे, दोलखा र रामेछाप ।
पशि्चमान्चल बिकास क्षेत्र: लमजुङ, तनहुं र गोर्खा ।
मध्यपशि्चमान्चल बिकास क्षेत्र: प्युठान र सल्यान
सुदुर मध्यपशि्चमान्चल बिकास क्षेत्र: अछाम, डोटी, डडेलधुरा र बैतेडी

## लक्षित समूह

कार्यक्रम लागु हुने २२ जिल्लामा बसोबास गर्ने ५३ लाख १० हजार जनसंख्या मध्ये २० लाख ५५ हजार जनसंख्या (४८००००घरधुरी) यस कार्यक्रमका लक्षित समुदाय हुन्। लक्षित समेदायलाई खाद्यन्नको अभाव,जमिन र पशु धनका आधारमा मूख्यतय ३ बर्गमा छुट्टाइएको छ । १. अति गरिव: बर्ष दिनमा २-३ महिना खान पुग्ने, २. कम गरिव: बर्ष दिनमा ४-५ महिना खान पुग्ने, र ३. गरिव: बर्ष दिनमा ६-८ महिना खान पुग्ने । उल्लेखित बर्ग भित्र पर्ने आश्रित परिवार सहितका महिला घरमुली भएका तथा पिछडिएका जनजाती तथा दलित बर्गलाई बिशेष प्राथमिक्ता साथ कार्यक्रममा सहभागी गराइने छ ।

## कार्यक्रमको लागत र लगानी व्यवस्था

IFAD को ऋण सहयोग: १ करोड ४ लाख ९० हजार अमेरिकी डलर (८२.१%)
IFAD को अनुदान सहयोग: १२ लाख २० हजार अमेरिकी डलर (९.६%)
नेपाल सरकारको योगदान: १० लाख ५० हजार अमेरिकी डलर (८.२%)

लाभान्वित समूहको योगदान: १४ हजार अमेरिकी डलर (०.१%)
कार्यक्रमको जम्मा लागत: १ करोड २७ लाख ७० हजार अमेरिकी डलर ( ब्याजदर ०.७५% प्रति बर्ष र EIRR: १६.३% )

### कार्यक्रमका संभागहरु

कबुलियति वन तथा समूह गठन, पशु विकास, ग्रामिण बितिय सेवा, कार्यक्रम व्यवस्थापन र समन्वय

### पशु विकास संभाग

यस संभाग पशु सेवा विभाग अन्तरगत पर्दछ र यसका तीन उप-संभाग छन्।
१. बाखा उत्पादन: निश्चीत मापदण्ड पुरा गर्ने कबुलियती वन समूहका घरधुरीले २ वटा बयस्क पाठी र उपयुक्त समूहले १ वटा बोका प्राप्त गर्नेछन् ।
२. पशु विकास तालिम र सेवा
३. पशु सेवा कार्यक्रम कार्यान्वयमा सहयोग
आ.व. ०६२/६३ मा समाज परिचालन तालिम ९९ जना, कबुलियती बनमा पशुपालन तालिम २२ पटक र स्टाइलो घांसको बिउ बितरण ४११५ के.जि भएको थियो ।
आ.व. ०६३/६४ मा ५६१९ वटा बोका बाखा बितरण गर्ने लक्ष्य रहेकोमना ५५९० वटा बोका बाखा बितरण भएको थियो । कबुलियती बनमा पशुपालन तालिम १६५५ पटक, घासेबाली बिउ उत्पादन तालिम १०० जना कृषकहरूलाई दिएको दिई स्टाइलो घांसको बिउ ४६५० के.जि बितरण भएको थियो ।

त्यस्तैगरी आ.व ०६५।६६ मा बाखा बितरण गर्ने लक्ष्य ११८०६ रहेकोमा ११६७६ वटा बाखा बितरण भएको थियो भने बोका ७३९ मा ६९७ वटा मात्र बितरण भएको थियो । कबुलियती बनमा पशुपालन तालिम १६८० पटक, भएको थियो । ४६ हजार बोका बाखा तथा पाठापाठीमा बिभिन्न खोप लगाइएको थियो । ।

आ.व ०६६।६७ यस कार्यक्रम अन्तरगत १६६० पटक कबुलियति समुहमा पशुपालन तालिम १ दिने, १५३७५ वटा बाखा बितरण, ७७२ वटा बोका बितरण, ४४ हजार बोका बाखामा खोप र ३० हजार १ सय बोका बाखालाई आकस्मिक उपचार गरिएको थियो ।

## एभियन इन्फलुएन्जा नियन्त्रण आयोजना

यस कार्यक्रम आ.ब ०६३/०६४ देखि २०६७/६८ सम्म ४ बर्षको लागि विश्व बैंकको सहयोग अनुदानमा संचालन हुनेछ ।

### कार्यक्रमका लक्ष्य तथा उद्देश्य

एभियन इन्पलुएन्जा रोगका रोगथाम तथा नियन्त्रण गरि घरपालुवा कुखुरा तथा अन्य चराचुरीबाट मानिसमा सर्न सक्ने संक्रमणलाई न्यून गर्न तथा रोगको संक्रमण वा संक्रमणको आशंका उत्पन्न स्थितिबाट हुने पशुजन्य तथा मानव क्षती नियन्त्रण गर्न ।

### मूख्य मूख्य कियाकलाप

Surveillance and Epidemiological Investigation

- प्रत्येक बर्ष ४००० ग्रामिण र ६००० व्यवसायिक कुखुराबाट नमुना संकलन गरी परिक्षण गर्ने छन्
- त्यस्तै गरी जंगली तथा माइग्रेटरी पंक्षीहरूमा प्रति महिना अनुगमन र नमुना संकलन हुनेछ ।

Strengthening of Animal Quarantine Services

- क्वारेन्टाइन सुदृढिकरण कार्यक्रम अन्तरगत ९ वटा क्वारेन्टाइन कार्यालय

- ❖ २५ वटा क्वारेन्टाइन चेकपोष्टहरूलाई सुदृढिकरण गरिनेछ ।
- ❖ यसबाट सिमाना पारीबाट आयात हुने पंक्षी, पंक्षीजन्य पदार्थबाट नेपालमा एभिएन इन्फ्लुएन्जा रोग प्रवेश हुने संभावान न्यून हुनेछ ।

## Strengthening Capacity of the Veterinary Laboratory Net work

- ❖ नेपालमै OIE को Standerd अनुसार BSL-3 प्रयोगशाला निर्माण हुनेछ ।
- ❖ RVL, NADIL, TADs Lab, CVL BSL-2 सुदृढिकरण गरिनेछ ।
- ❖ त्यहांका कर्मचारी तथा बैज्ञानीकहरूलाई तालिम सेवा उपलव्ध गराई स्वदेशमै स्तरिय प्रयोगशाला सेवा उपलव्ध भै HPAI को सब टाइप H5N1निदान हुनेछ

## Control and Containment of HPAI and Strengthening field Veterinary Services

- ❖ ७५ जिल्लामै Rapid Response Team खडा गरी Containment Plan अनुसार कार्य गर्न पूर्ण तयारमा राखिने छ ।
- ❖ RRT Team संग आवध १२०० जनालाई तालिम उपलब्ध गरमइने छ ।
- ❖ दैकिब प्रकोप नियन्त्रण अन्तरगत पर्ने हुंदा स्थानीय विकास मन्त्रालय, गृह र स्वास्थ्य मन्त्रालय समेतको उतिकै दायित्व भएकोले जिल्लास्तरका ७५ वटै जिल्ला दैबी उधार समितीको सबै सदस्यलाई तालिम प्रदान गरीने छ ।
- ❖ जोखिमको आधारमा ३ भागमा बर्गीकरण गरी सोही अनुरूपको RRT गठन गरिने छ ।

  १) २६ जिल्लालाई अति जोखिम यसमा २० जना टिम हुनेछ ।
  २) ३४ जिल्लालाई मध्यम जोखिम यसमा १० जना टिम हुनेछ ।
  ३) १५ जिल्लालाई कम जोखिम यसमा ५ जना टिम हुनेछ ।

- ❖ नेपालमा H5N1 सब टाइप BSL-3 प्रयोगशालाबाट प्रमाणित भएको खण्डमा नेपाल सरकारले संकटकालको कार्य अगाडी बढाई अबिलम्व जिल्ला पशु सेवा कार्यालय सजग भई Control Containment/Stamping Out लगायतका कार्यहरू संचालन गर्ने छ ।

## Public Awareness, Information and Communication

- ❖ ग्रा.प.स्वा.का. ६००० तथा १०००० कृषक समूहलाइ्र तालिम दिई ग्रामिण तथा जंगली चराहरू बारे जानकारी गराई Participatory Disease Intelligence Consituency गठन हुनेछ ।
- ❖ त्यस्तैगरी ५०० भेटेनरी/लाइभस्टकका अधिकृत स्तरका ३००० पाराभेट तथा १०० बन्यजन्तुमा काम गर्ने प्राबिधिकहरूलाई एभिएन इन्फ्लुएन्जा रोग बारे तालिम प्रदान गरिनेछ ।

आ.व ०६५/६६ बिभिन्न प्रयोगशालको लागि ९ वटा जेनेटर खरिद, गाडी खरिद १२, मोटरसाइकल ५१ वटा, ग्रामिण कुखुरा सर्भिलेन्स ४४७ पटक, व्यवसायिक कुखुरा सर्भिलेन्स ४१६ पटक, जंगली चराको सर्भिलेन्स ८१ पटक, नमुना संकलन तथा परिक्षण क्रमश ५१११, ४७९३ र १४१७ संख्यामा भएको थियो । त्यस्तै क्वारेन्टाइन सुदृडिकरण कार्यक्रम, प्रयोगशाला सेवा सुदृडिकरण कार्यक्रम, फिल्ड भेटेनरी सेवा सुदृडिकरण कार्यक्रम संचालन भएको थियो । साथै झापा जिल्लामा रोग देखापरेकोले रोग नियन्त्रणको लागि स्टयाम्पीङ आउट कार्य भएको थियो ।

आ.व ०६६/६७ मा उच्च जोखिम २६ जिल्ला र मध्य जोखिम १८ जिल्लामा एक्टीभ सर्भिलेन्स १२ महिना भरीनै संचालन भएको थियो । १२५४० संख्यामा पंक्षीहरूको ल्यावमा नमुना परिक्षण भएको थियो । १ पटक क्षतिपूर्ति कोषको व्यवस्थापन भएको थियो ।

यस आयोजनाको Annual Report 2009/10 मा उल्लेख भएअनुसार Nov 16, 2008 देखि May 31, 2010 सम्मको प्रगति विवरण तल तालिकामा दिइएको छ ।

<table>
<tr><th rowspan="2">Indicators</th><th colspan="2">Baseline Value</th><th rowspan="2">Progress till May 31, 2010</th><th colspan="2">End-of-Project Target Value</th></tr>
<tr><th>Number/ Text</th><th>Date</th><th>Number/Text</th><th>Date</th></tr>
<tr><td>PDO Indicators</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>National capacity enhanced for the prevention and early detection of Highly Pathogenic Avian Influenza (HPAI)</td><td>Inadequate capacity</td><td>11/07/2007</td><td>In country trainings<br>Officer level: 835<br>Paravet: 3377<br>VAHW: 5791<br>PDIC: 9914<br>RRT: 225<br>Overseas<br>• Training/Tour: 72 persons<br>• Lab capacity development BSL2 & upgrading of other lab are in final stage of completion.<br>• Diagnosis of HPAI in Central and regional labs are 90% consistent with OIE reference lab.<br>• Logistics and operational supports for quarantine are about to be completed.<br>• Surveillance based on revised mode is going on and is found to be effective.<br>• Successful control and containment of two outbreaks in 2009 and seven in 2010.<br>• All above activities and necessary revisit of SOP, Order related to HPAI are the facts that indicate that national capacity has been enhanced for the prevention and early detection of Highly Pathogenic Avian Influenza.</td><td>100%</td><td>07/21/2011</td></tr>
<tr><td>Intermediate Outcome Indicators</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>1. Surveillance and Epidemiological Investigation: Regular flow of samples according to National Surveillance Plan</td><td>200 samples tested per year</td><td>11/07/2007</td><td>• 39078 samples were received in CVL and RVLs (FY 2064/65- 9265, FY 2065/66- 11321 and FY 2066/67 May 31-18551)<br>• 33059 received samples were tested in CVL & RVLs.</td><td>50160 samples will be tested</td><td>07/21/2011</td></tr>
<tr><td>2. Animal Quarantine Service: 24 functional check posts and 8</td><td>0</td><td>11/07/2007</td><td>100 percent functional.<br>Improvement of physical structure as well as capacity building is on going.</td><td>100 percent functional</td><td>07/21/2011</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| patrolling teams active across Nepal-India border checking on poultry movement. | | | | | |
| **3. Laboratory Service:** The results of the samples tested are 90 percent consistent with OIE Reference Laboratory results. | 0% | 11/07/2011 | Total 171 positive samples (FY 065/66- 95 and FY 066/67- 76) were sent to OIE Reference lab for confirmation. Consistency of the result from CVL is found to be 90% with that from OIE Reference lab. | 90% | 07/21/2011 |
| **4. Communication Activities:** Positive behavior change among poultry farmers, and general population | | 11/07/2007 | • Knowledge on washing hands after touching poultry increased from 43% in baseline to 51%<br>• Knowledge about modes of transmission like not washing hands with soap and water after handling poultry increased from 29% in baseline to 36%.<br>• Hand washing with soap and water after slaughtering poultry has increased from 83% in baseline to 87%.<br>• Practice of keeping poultry behind the fence has increased to 66% as compared to only 44% in the baseline.<br>• Only 9% reported that children are allowed to play with the poultry as compared to 17% in the baseline.<br>• Practice of proper disposal of dead poultry has increased from 1.6% in baseline to 15%.<br>• Reporting practice for sick or dead poultry has increased from 67% to 71%.<br>• 72.8% increase among household members who reported that they recall hearing/seeing messages on poultry.<br>• 44.6% mentioned hearing the messages on AHI on radio and 70.7% on TV. However, only 13.2% (5.5% urban and 22% rural) reported seeing IEC materials.<br>(Formative vs. Mid term Assessments- Key findings by UNICEF). | 80% | 07/21/2011 |
| **5. Compensation:** 100% farmers received the promised compensation amount within ten days of | 0 | 11/07/2007 | • 100% compensation was disbursed in two outbreaks in Jhapa as per Bird Flu Control Order.<br>• 100% compensation was disbursed as per new amendment of Bird Flu Control Order in 2010 except in Pokhara and Fattepur outbreaks. | 100% | 07/21/2011 |

| | | | | | |
|---|---|---|---|---|---|
| culling (for backyard flocks) & within 35 days (for commercial farms) according to Bird Flu Control Order 2007. | | | | | |
| **6. Project Management and Coordination Activities:** All project implementation progress reports and annual financial audit reports prepared & submitted in timely. | 0 | 11/07/2007 | Project implementation report for the first, second and third trimester 2009/2010 was already submitted. Annual financial audited reports for 2008/09 submitted in timely manner. | Yes | 07/21/2011 |

## उच्च पहाड कृषि व्यवशाय तथा जिबिकोपार्जन सुधार आयोजना (HIMALI)

पशु बिकास, कृषि बिकास तथा जडिबुटीमा आधारित उच्च पहाडमा हुने बिशेष उत्पादन (Niche Products) को Value Chain Development द्धारा त्यहाका बासिन्दाहरूको आय आर्जन तथा जिबिकोपार्जनमा सुधार ल्याई गरिबी न्यूनिकरण गर्ने उद्धेह्यले ए.डि.बि. को अनुदान सहयोगमा उच्च पहाड कृषि व्यवशाय तथा जिबिकोपमर्जन सुधार आयोजनाको PPTA अन्तरगत डिजाइन तथा कार्यान्वयन प्लान गर्ने कार्य शूरू भएको छ । यस कार्यमा ३ वटा कम्पोनेन्ट हुनेछन् । १. बिशेष उत्पादन Niche Products को Value Chain Development 2. Rangeland Management तथा Orchad लगायत जलाधार व्यवस्थापन तथा उपयुक्त भू उपायोगद्धारा त्यहांका बासिन्दाहरूको जिबिकोपार्जनमा दिगो सुधार गर्ने । ३. आयोजनाको डिजाइन तथा कार्यान्वयन गर्ने । आयोजनाले Inception Workshop पुरा गरेको छ । आयोजनाले १० जिल्ला जुम्ला, मुगु, हुम्ला, डोल्पा, मुस्ताङ, मनाङ, रसुवा, दोलखा, सोलुखुम्बु तथा संखुवासभा जिल्लाहरू समेट्ने छ ।

# नेपाल सरकारको श्रोतबाट संचालित आयोजनाहरु

## गरिबी निवारण : व्यवसायोन्मुख बाख्रापालन कार्यक्रम

आ.व. २०५७/५८ देखि ७ वर्षे कार्यक्रमको रूपमा ग्रामिण क्षेत्रको गरिवी निवारणको लागि व्यवसायोन्मुख बाख्रापालन कार्यक्रम आयोजनाको रूपमा संचालन भइरहेको छ । यस आयोजनाको उद्धेश्य २४,२०० परिवारको गरिवी निवारण गर्ने, ४८,४०० रोजगारीको अवसर श्रृजना गर्ने, ८० वटा निजी फार्ममा बाख्राको स्रोत विकास गर्ने र वर्षेनी ५ लाख बाख्रा बोकाको छिमेकी राष्ट्रवाट हुने आयातलाई प्रतिस्थापन गर्ने रहेको छ । आयोजनाको प्रथम चरण आ.व. २०५७/५८ देखि शुरू भई २२ जिल्लाहरू (सिराहा, सप्तरी, उदयपुर, सर्लाही, काभ्रे, मकवानपुर, अर्घाखांची, बाग्लुङ्ग, नवलपरासी, दाङ्ग, सुर्खेत, बांके, जाजरकोट, रूकुम, रोल्पा, प्यूठान, सल्यान, कैलाली, कन्चनपुर, बझाङ्ग, बाजुरा र डंडेलधुरा) मा यो सन्चालन भएको छ भने दोस्रो चरण अन्तर्गत आ.व. २०५९/६० देखि थप १३ जिल्लाहरू (मोरङ्ग, झापा, महोत्तरी, धनुषा, रौतहट, बारा, धादिङ्ग, सिन्धुपाल्चोक, लमजुङ्ग, गुल्मी, स्याङ्जा, म्याग्दी र बर्दिया) मा आयोजनाको कार्यक्रम विस्तार गर्ने लक्ष्य रहे तापनि सो हुन सकेन । आ.ब. ०६०/६१ मा धनकुटा र आ.ब. ०६१/६२ मा ९ जिल्ला थप भई आ.ब. ०६३/६४ सम्म ३२ जिल्लाहरूमा कार्यक्रम संचालनमा रहेकोमा थियो ।

### मुख्य मुख्य कार्यहरु

- गरिव/निर्धन परिवार छनौट गरी बाख्रा साटासाट कार्यक्रम अन्तर्गत प्रजनन् योग्य बाख्री र बोका प्रजनन्को लागि अनुदानको रूपमा वितरण गर्ने र २ वर्षको अवधि पछि वितरित परिवारबाट वितरण गरिएको संख्या, जात र उमेरको बाख्रा अन्य परिवारमा साटासाट गर्ने ।
- आयोजना अवधिमा प्रत्येक जिल्लाहरूमा ५ वटा व्यावसायीक बाख्रा फार्म खडा गर्ने ।
- बैंकको व्यावसायीक ऋण लगानीमा प्रथम चरणमा ४० वटा र दोस्रो चरणमा ४० वटा बाख्रा स्रोत विकास फार्महरू स्थापना गर्ने ।
- कार्यक्रममा संलग्न प्राविधिकहरूलाई बाख्रापालनसम्वन्धि तालीम गराई दक्ष जनशक्ति तयार गर्ने ।

### मुख्य उपलब्धीहरु

आ.व. २०५७/५८ मा २१५३४ बाख्रा वितरण भयो भने आ.व. २०५८/५९ मा अघिल्लो आ.व.मा वितरीत बोका बाख्राको क्षतीपूर्ति स्वरूप ९९० वटा बोका बाख्रा वितरण गरिएको रेकर्ड उत्पादन निर्देशनालयबाट प्राप्त भएको छ । आ.व. २०५९/६० मा ७५३३ बाख्रा वितरण भएको देखिन्छ । त्यस्तै गरी आ.ब. ०५९/६० मा १७३०० बाख्रा/बोका बितरण गर्ने लक्ष्य रहेकोमा ७५३३ वटा र आ.व. ०६०/६१ मा १५६० वटा बाख्रा/बोका बितरण गर्ने लक्ष्य रहेकोमा १३५७ वटा बाख्रा/बोका मात्र बितरण भएको देखिन्छ । त्यस्तैगरी आ.व. ०६१/६२ मा ११७२ वटा बाख्रा/बोका बितरण गर्ने लक्ष्य रहेकोमा ११२४ वटा बाख्रा/बोका मात्र बितरण भने ०६२/६३ मा १७१८ वटा बाख्रा/बोका बितरण गर्ने लक्ष्य रहेकोमा १५८४ वटा बाख्रा/बोका मात्र बितरण मा भएको उत्पादन निर्देशनालयको रेकर्डबाट देखिन्छ । ०६३/६४ मा १६०६ वटा बाख्रा/बोका बितरण गर्ने लक्ष्य रहेकोमा १६०६ वटा बाख्रा/बोका मात्र बितरण मा भएको उत्पादन निर्देशनालयको रेकर्डबाट देखिन्छ । हाल यस कार्यक्रम निक्षेपित कार्यक्रम अन्तरगत संचालमा रहेको छ ।

## राष्ट्रिय पि.पि.आर. नियन्त्रण आयोजना

देशमा वर्षेनी बढ्दै गई रहेको भेडा तथा बाख्राहरूमा लाग्ने पि.पि.आर. रोगको महामारीलाई नियन्त्रण गर्न नेपाल सरकारले आफ्नै श्रोतबाट आ.व. २०५८/५९ देखि २०६४ आषाढ मसान्तसम्म राष्ट्रिय पि.पि.आर. नियन्त्रण आयोजना संचालनमा रहेको थियो । यस आयोजनाको प्रमुख उद्धेश्य देशमा महामारीको रूपमा रहेको पि.पि.आर. रोगलाई नियन्त्रण गरी यसबाट भेडाबाख्रापालन व्यवसायमा परेको नकारात्मक असरलाई नियन्त्रण गर्ने, आयात प्रतिस्थापन तथा देशमा बढीरहेको मासुको माग आन्तरीक श्रोतबाटै आपुर्ती गर्न सहयोग गर्नु रहेको छ । यस आयोजनाको लागि पशु सेवा विभाग अन्तर्गतको पशु स्वास्थ्य निर्देशनालयले सम्पुर्ण जिम्मेवारी लिएको छ र केन्द्रीय इपिडेमियोलोजी एकाई (C.E.U.) त्रिपुरेश्वरले आवश्यक सहयोग गर्ने,

औषधि उत्पादन शाखाद्वारा पि.पि.आर. भ्याक्सिन उत्पादन गराई सो रोग बिरूद्ध भ्याक्सीनेशन भइरहेको छ । आयोजनाबाट Mass Vaccination कार्यको लागि नि:शुल्क भ्याक्सिन उपलव्ध गराइने छ भने पशु क्वारेन्टाइन चेकपोष्टहरूलाई सशुल्क भ्याक्सिन उपलव्ध गराइने छ । पशु क्वारेन्टाइन चेकपोष्टहरूले आवतजावत गर्ने सम्पूर्ण भेंडावाखाहरूलाई अनिवार्यरूपले शशुल्क पि.पि.आर. बिरूद्ध भ्याक्सिनेसन गर्ने छ र सो वापत प्राप्त रकम राजस्वमा दाखिला गर्ने छ ।

यस भ्याक्सस्नेशन कार्यक्रम ३/४ चरणमा कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ, जसअनुसार पि.पि.आर. महामारीको रूपमा देखा परिसकेका जिल्लाहरूमध्ये तराईका २५ जिल्लाहरू प्रथम चरण, मध्य–पहाडी २५ जिल्लाहरू द्धितिय चरण, उच्च–पहाडी ८ जिल्लाहरू तेश्रो चरण र बांकी रोग नफैलिएका १४ जिल्लाहरूमा जोखिमको आधारमा चौथौ चरणमा रोग बिरूद्ध भ्याक्सीनेशन गर्ने ब्यबस्था मिलाईएको छ। भ्याक्सीनेशन कार्यको लागि आबश्यक पर्ने भ्याक्सीनेटरको काम निजी क्षेत्रमा कार्यरत ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता, प्राबिधिक सहायक, नायब प्राबिधिक सहायकहरूलाई परिचालन गर्ने नीति लिइएको छ । तराई र चुरे पहाडी भागमा पर्ने जिल्लाहरूका सम्पूर्ण भेडा/बाखामा, मध्य पहाडी जिल्लाहरूमा भने बिगतको रेकर्ड हेरी पूरै वा आशिंक र उच्च पहाडी जिल्लाहरूमा बिगतमा रोग फैलिएको जिल्लामा पूरै र अन्य जिल्लाहरूमा आंशिकरूपमा पि.पि.आर बिरूद्ध भ्याकसीनेशन गरिने छ । भारतबाट बिभिन्न प्रयोजनको लागि आयात हुने सम्पूर्ण भेडा/बाखामा परिक्षण गर्ने र यससंबन्धि शंका लागेमा प्रबेशमा रोग लगाउने र शारिरिक परिक्षणबाट स्वस्थ देखिएको भेडा बाखामा पि.पि.आर. विरूद्ध भ्याक्सिनेसन गरेर मात्र आयात हुन दिने ब्यबस्था गरिएको छ ।

पि.पि.आर. नियन्त्रण आयोजनाबाट आ.व. २०५८/५९ को वार्षिक कार्य लक्ष्य अनुसार ५६ लाख डोज पि.पि.आर. भ्याक्सिन उत्पादन तथा ५४ लाख भेडा बाखामा पि.पि.आर. विरूद्ध भ्याक्सिनेशन गर्ने लक्ष्य राखिएकोमा २१ लाख डोज भ्याक्सिन उत्पादन र ३० लाख भेडा बाखामा पि.पि.आर. विरूद्ध भ्याक्सिनेसन भएको छ भने आ.ब. ०५९/६० मा ३१.७४ लाख भेडा बाखामा पि.पि.आर. विरूद्ध भ्याक्सिनेसन भएको थियो त्यस्तैगरी आ.ब. ०६०/६१ मा ३२ लाख भेडा बाखामा पि.पि.आर. विरूद्ध भ्याक्सिनेसन भएको थियो भने आ.ब. ०६१/६२ मा १६ लाख ५५ हजार भेडा बाखामा पि.पि.आर. विरूद्ध भ्याक्सिनेसन भएको , आ.व. ०६२/६३ मा १० लाख भेडा बाखामा पि.पि.आर. विरूद्ध भ्याक्सिनेसन भएको पशु स्वास्थ्य निर्देशनालयको रेकर्डबाट देखिन्छ । आ.व. ०६३/६४ मा १३ लाख ७५ हजार भेडा बाखामा ०६५/६६ मा १२ लाख भेडा बाखामा पि.पि.आर. विरूद्ध भ्याक्सिनेसन भएको थियो भने आ.व. ०६६/६७ मा १५ लाखमा भएको पशु स्वास्थ्य निर्देशनालयको रेकर्डबाट देखिन्छ। । हाल यस कार्यक्रम ६८ जिल्लामा संचालित छ ।

## कर्णाली अंचल बिशेष कृषि बिकास कार्यक्रम

कर्णाली अन्चलमा बिभिन्न पशु बिकास संबन्धी कार्यक्रमहरूको संचालनबाट उत्पादन एबं कृषकहरूको आय तथा रोजगारीमा टेवा पुयाउने उद्धेश्यले यस कार्यक्रम संचालनमा रहेको छ । बाखा पैंचौ कार्यक्रम, भेडा बिकास कार्यक्रम, पशु प्रजनन कार्यक्रम, चरन खर्क व्यवस्थापन कार्यक्रम आदि संचालनमा रहेका छन् । पशु प्रजनन कार्यक्रम अन्तरगत जर्सी साढेको बहर ५ र याक/चौरीको बहर ३ वटा, बोका २० वटा बितरण भएका थिए । त्यस्तैगरी गधा बितरण ९ वटा र चल्ला बितरण ५००० हजार भएका थिए ।

८६ लाख बजेट बिनियोजन भएको यस कार्यक्रममा ९६ प्रतिशत भारित प्रगति र खर्च ८८ लाख ५३ हजार खर्च भई ९९ प्रतिशत खर्च भएको थियो । । बाखा पैचौ कार्यक्रम, भेडा बिकास कार्यक्रम, पशु प्रजनन कार्यक्रम संचालन भएको छ । ३१० वटा बाखा तथा बोका छनौट, खरिद र बितरण भएका छन् । ४६५ वटा भेडा तथा थुमा छनौट, खरिद र बितरण भएका छन् । ९ पटक स्थलगत तालिम संचालन भएका छन् ।

## सहकारी खेति कार्यक्रम

नयां नेपाल निर्माण अभियान कार्यक्रम अन्तरगत अधिराज्यका सप्तरी, बाके, बर्दिया, दाङ, कैलाली, झापा, मोरङ, उदयपुर, सर्लाही, रामेछाप, सिन्धुपाल्चोक, दोलखा, धादिङ, रसुवा, स्याङ्जा र चितवन गरी १६ जिल्लामा उक्त आ.व.मा बंगुर तथा कुखुरापालन कार्यक्रम सहकारी खेतिको सिद्धान्त अनुरूप संचालन भएको थियो । जिल्लामा संचालित यस कार्यक्रमको समन्वय केन्द्रिय बंगुर तथा कुखुरा प्रबर्द्धन कार्यालयले गरेको थियो । यस कार्यक्रम तर्फ एकमुष्ठ ९९ प्रतिशत भारित प्रगति भएको थियो साथै बार्षिक बजेट ३ करोड ४० लाख बिनियोजन भएकोमा ३ करोड ३७ लाख ९४ हजार खर्च भई ९९ प्रतिशत खर्च भयो । बंगुरको पाठापाठी बितरण १९००, कुखुराको चल्ला बितरण ५०००, बंगुर तथा कुखुराको खोर निर्माण अनुदान २४, बिमा कोष स्थापना २४ तालिम २ पटक र बिभिन्न सामाग्री १४० संख्यामा विवरण भएको थियो । कूल वजेट रू. २ करोड ८४ लाख ६७ हजार मध्ये २ करोड ८३ लाख १७ हजार निकासा भई २ करोड ८० लाख ९२ हजार खर्च भएको देखिन्छ जुन निकासाको तुलनामा ९९.२ प्रतिशत र बजेटको तुलनाम ९९.७ प्रतिशत खर्च भएको देखिन्छ ।

# दीर्घकालीन कृषि योजनाको हालसम्म भएका मूख्य उपलब्धीहरू

दिर्घकालिन कृषि बिकास योजना आ.ब. ०५५/०५६ बाट शुरू भई १३ बर्ष पुरा गरीसकेको छ । यस अबधिमां योजनाले परिकल्पना गरेझैं दुध, फुल र मासुको उत्पादनको बृद्धि दर हासिल हुन सकने स्थिति देखिदैन । यस अबधिमा दुध, मासु र फुलको उत्पादनको बार्षिक वृद्धिदर क्रमश: ५.५६, ६.२२ र ७.२२ प्रतिशत लक्ष्य रहेकोमा हाल बार्षिक वृद्धिदर ३.६, ५.५ र २.८ प्रतिशत मात्र रहेको देखिन्छ ।

उन्नत नश्लका पशुहरूको संख्यामा बृद्धि भई पशुजन्य पदार्थ: दुध, मासु र फुलको उत्पादन गत बर्षको तुलनामा क्रमश: ३.६, ३.५ र २.८ बृद्धि भएको देखिन्छ । दुध उत्पादन आ.व. ०५५/५६ मा १०७२.९ हजार मे.टन बाट १४९७.४ हजार मे.टन, मासु उत्पादन १८५.० हजार मे.टनबाट २५०.२ हजार मे.टन, फुल उत्पादन ४६.० करोड गोटाबाट ६४.८१ करोड गोटा पुगेको छ ।

आ.व. २०५५/५६ बाट पशु बस्तुहरूका २३ वटा पकेटबाट पकेट प्याकेज कार्यक्रम शुरू भएकोमा आ.ब ०६६/०६७ सम्ममा २३२० पुगेको छ । त्यस्तै गरी दिर्घकालीन कृषि बिकास योजनाको शुरूको बर्षमा पशुपालन संबन्धी समुह ४९०० रहेकोमा हाल १५२६६ पुगेको छ भने हितकोष रकम ३ करोड ३९ लाखबाट १४ करोड ६८ लाख १४ हजार पुगेको छ । पशु औषधि पसल १९९०, दाना पसल ९२९ र सक्रिय ग्रा.प.स्वा.का. ३०५४ जना रहेकोमा हाल क्रमश: २९५९, १४९१, ५२०९ पुगेको छ । त्यस्तैगरी कृत्रिम गर्भाधान ३२६३७ संख्या रहेकोमा बृद्धि भई हाल १४९२६१ संख्यामा पुगेको छ ।

यस अबधिमा पशु सेवा बिभाग मार्फत् पशु सेवा कार्यमा ९ अर्ब ९४ करोड ७५ लाख ८८ हजार लगानी भएको देखिन्छ । जनशक्तिको हकमा भने कूल दरबन्दी ४२३३ बाट घटेर ४०६० मा पुगेको छ । पशु सेवा कार्यालयको संगठन स्वरूपमा केही परिबर्तन भई पशुपंक्षी बजार प्रबर्द्धन निर्देशनालय, विभागमा

कानून शाखा, केन्द्रीय इपियोडेमियोलोजिकल इकाई, भेटेनरी जनस्वास्थ्य कार्यालय, भेटेनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालय, लाइभष्टक गुण व्यवस्थापन प्रयोगशाला तथा भएका केही कार्यालयको नाम परिवर्तन भएको छ । नबौं योजना पूरै अबधिभर बैदेशिक सहयोगमा आधारित आयोजनाको रूपमा तेश्रो पशु बिकास आयोजना, पशु स्वास्थ्य सुदृढीकरण आयोजना, पहाडी कबुलियती बन तथा चरन बिकास आयोजनाहरू मार्फत् पशु सेवा कार्यक्रम संचालनमा महत्वपूर्ण योगदान पुगेको थियो भने योजनाको प्रथम बर्षमा पि.एल.बि.पि. तथा मेचि पहाडी बिकास आयोजना र योजनाको प्रथम दुई बर्षको लागि माथिल्लो सगरमाथा आयोजना, मार्ड आयोजनाहरूले आ-आफना क्षेत्रमा कार्यक्रम संचालनमा टेवा पु-याएका थिए । त्यस्तैगरी दशौं योजनामा बैदेशिक सहयोगमा आधारित आयोजनाको रूपमा तेश्रो पशु बिकास आयोजना, पशु स्वास्थ्य सुदृढीकरण आयोजना, कबुलियती बन तथा चरन बिकास कार्यक्रम, सामुदायिक पशु बिकास आयोजनाले सहयोग पु-याएका छन् । त्यस्तैगरी बिबर्षिय योजनामा पनि कबुलियती बन तथा चरन बिकास कार्यक्रम, सामुदायिक पशु बिकास आयोजना, एभियन इन्फ्लुन्जा नियन्त्रण आयोजना रहेका छन् ।

# आ.व. २०६६/२०६७ को वार्षिक प्रगति प्रतिवेदन सारांश

## १. भारित प्रगति प्रतिशत सारांशः

### १.१ जिल्लास्तर

आ.व. २०६६/६७ मा जिल्लास्तरमा पशु सेवा प्रसार कार्यक्रम ७५ जिल्लामा र कर्णाली अंचल पशु विकास कार्यक्रम ५ जिल्लामा गरी सबै पशु सेवा कार्यालयहरूमा पहिलो प्राथमिकताको रूपमा पशु सेवा कार्यक्रम संचालन भएको थियो । उक्त अवधिमा जिल्लास्तरमा ९७ प्रतिशत एक मुष्ठ भारित प्रगति भएको देखिन्छ । पशु सेवा प्रसार कार्यक्रम र कर्णाली अंचल पशु विकास कार्यक्रममा क्रमश: ९८.०, र १०० प्रतिशत लक्ष्य हासिल भएको थियो । ३५ वटा जिल्ला पशु सेवा कार्यालयले शत प्रतिशत, ४० वटा कार्यालयले ८० देखि ९० प्रतिशत भारित प्रगति हासिल गरेका थिए ।

### १.१ केन्द्रीयस्तर

आ.व. २०६६/६७ मा केन्द्रीयस्तरमा ९ वटा कार्यक्रम मध्ये ७ वटा कार्यक्रम पहिलो प्राथमिकता परेका थिए । यी कार्यक्रम अन्तरगत कूल २६१ वटा उपआयोजना संचालन भएका थिए । उक्त अवधिमा केन्द्रीयस्तरमा ८७.० प्रतिशत एकमुष्ठ भारित प्रगति भएको देखिन्छ । १७८ वटा उपआयोजनाले शत प्रतिशत, १२७ वटा उपआयोजनाले ८० देखि ९० प्रतिशत भारित प्रगति हासिल गरेका थिए भने १ वटा उपआयोजनाले ५० देखि ७९ प्रतिशत र ५ वटा उपआयोजनाको प्रगति प्राप्त भएन ।

नयां नेपाल निर्माण कार्यक्रम अन्तरगत सप्तरी, बांके, बर्दिया, दाङ., कैलाली, झापा, मोरङ, उदयपुर, सर्लाही, रामेछाप, सिन्धुपालचोक, दोलखा, धादिङ, रसुवा, स्याङजा, चितवन गरी १६ जिल्लनामा कुखुरा तथा बंगुरपालन सहकारी खेति कार्यक्रम र उक्त कार्यक्रमको समन्वय केन्द्रीय बंगुर कुखुरा प्रबर्द्धन कार्यालयले गरेको थियो । यस कार्यक्रमको प्रगति ९९.६ प्रतिशत रहेको थियो ।

## २. भौतिक प्रगति

### १.२ जिल्लास्तर

आ.व. २०६६/६७ मा यस विभाग अन्तर्गत ७५ वटा जिल्ला पशु सेवा कार्यालयहरू मार्फत् व्यवसायीक, व्यवसायोन्मुख, आयआर्जन र व्यवसायीक सुदृढीकरण कार्यक्रम गरी जम्मा ४ मुख्य कार्यक्रमहरू सञ्चालन गरिए । अघिल्ला ३ कार्यक्रमहरू पकेट प्याकेजको रूपमा सञ्चालन गरिएको थियो भने पछिल्लो कार्यक्रम साधारण कार्यक्रम जस्तै जिल्लाभर नै सञ्चालन गरिएको थियो । आयआर्जन कार्यक्रम अन्तर्गत महिला विकास, गरिवी निवारण र दलित जनजाती कार्यक्रम सञ्चालन गरिएको थियो ।

यस अवधिमा कृषकहरूमा ४८१ उन्नत पशुहरू तथा ७२९८१ चल्ला बितरण गरियो । ४४९ हेक्टरमा एकबर्षे घांस लगाइयो, ८७८२५ पशुमा कृत्रिम गर्भाधान, पशु स्वास्थ्य शिबिर ८५ पटक, सेवाकेन्द्रस्तरीय कृषक तालीम ७३१ पटक (एक पटकमा २० देखि २५ जवान कृषक समावेश हुने) सञ्चालन गरियो भने ३८५ जवान कृषकहरूलाई विभिन्न विषयमा क्षेत्रीयस्तरको तालीम प्रदान गरियो । त्यस्तैगरी ९४८ हजार पशुहरूमा खोप, ११७९ हजार पशुहरूमा उपचार सेवा तथा १७० हजार संख्यामा प्रयोगशाला सेवा पुऱ्याइएको थियो ।

जिल्लास्तर आयोजनाको प्रगति प्रतिवेदनको सारांश तालिका नं. ३ मा दिइएको छ भने विस्तृत प्रगति प्रतिवेदन अनुसूचि २६ मा दिईएको छ ।

### तालिका नं. ३
### आ.व. २०६६/६७ को वार्षिक प्रगति सारांश जिल्लास्तर

| सि.नं. | कार्यक्रम विवरण | इकाई | वार्षिक लक्ष | वार्षिक प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | उन्नत पशु वितरण | संख्या | ४५० | ३९८ | ८८.४ |
| २ | चल्ला वितरण | संख्या | ८०००० | ७८००० | ९७ |
| ३ | पशु प्रजनन सेवा | | | | |
| ३.१ | कृत्रिम गर्भाधान | संख्या | १४०००० | १४९२६१ | १०६.६ |
| ४ | पशु स्वास्थ्य कार्यक्रम | | | | |
| ४.१ | प्रयोगशाला परिक्षण | हजार | १०५ | १०५ | १०० |
| ४.२ | उपचार सेवा | हजार | ८५९.७ | ८५९.७ | १०० |
| ४.३ | रोग निरोधक खोप कार्यक्रम | हजार | ५१२.२ | ५१२.२ | १०० |
| ५ | तालिम कार्यक्रम | | | | |
| ५.१ | अधिकृतस्तर | ज्वान | ५५ | ५५ | १०० |
| ५.२ | प्रा.स./ना.प्रा.स. | जवान | १३७ | १३७ | १०० |
| ५.३ | अगुवा कृषक/उद्यमी क्षेत्रियस्तर (७ दिने) | जवान | ५६१ | ५६१ | १०० |
| ५.३ | सेवाकेन्द्रस्तरीय अगुवा कृषक | पटक | ६५२ | ६५२ | १०० |
| ६ | वार्षिक पुस्तिका प्रकाशन | पटक | ७५ | ७० | ९३ |

## २.२ केन्द्रीयस्तर

आ.ब. २०६६/६७ मा संचालन भएका केन्द्रीयस्तर आयोजनाका मुख्य मुख्य कार्यक्रम तथा प्रगति स्थिति निम्न अनुसार रहेको छ ।

तालिका नं. ४: आ.व. २०६६/६७ वार्षिक प्रगति सारांश (केन्द्रीयस्तर)

| सि.नं | कार्यक्रम | इकाई | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | बाच्छा/बाच्छी उत्पादन | संख्या | ३१ | ३६ | ११६ |
| २ | याक/नाक उत्पादन | संख्या | १५ | २२ | १४७ |
| ३ | मुर्रा भैसीको पाडापाडी उत्पादन | संख्या | ३५ | ४३ | १२३ |
| ४ | बाखाको पाठापाठी उत्पादन | संख्या | २६० | ३१२ | १२० |
| ५ | भेडाको पाठापाठी उत्पादन | संख्या | १०० | १५० | १५० |
| ६ | बंगुरको पाठापाठी उत्पादन | संख्या | ७८० | १०२८ | १३२ |
| ७ | चल्ला उत्पादन | हजार | १७० | २१०.४ | १२४ |
| ८ | इनोकुलम उत्पादन | के.जि | १०० | १७५ | १७५ |
| ९ | रांगो/सांढेको बिर्य उत्पादन | डोज हजार | १५० | १६१.३ | १०८ |
| १० | रेबिज बिरूद्ध भ्याक्सीन उत्पादन | डोज | २२००० | २२३२६ | १०१ |
| ११ | अन्य बिभिन्न भ्याक्सीन उत्पादन | हजार मात्रा | १७०८५ | २४१८० | १४२ |
| १२ | पि. पि.आर.भ्याक्सीनेशन गरेको | हजार | १५०० | १५०० | १०० |
| १३ | खोरेत भाइरस सिरोटाइपिङ. | संख्या | १०० | १४७ | १४७ |
| १४ | बाखा/बोका खरिद तथा बितरण (ग.नि.व्य.बा.कार्यक्रमबाट) | संख्या | १७९९२ | १६१४७ | ९० |
| १५ | बजार सूचना संकलन तथा व्यवस्थापन | पटक | १२ | १२ | १०० |
| १६ | संस्थागत मासु पसल सुधार | संख्या | ५ | ५ | १०० |
| १७ | डेरी उद्योग प्रबर्द्धन | पटक | ४ | ४ | १०० |
| १८ | अधिकृतस्तर तालिम | पटक | ३ | ३ | १०० |
| १९ | प्रा.स/ना.प्रा.स.स्तर तालिम | पटक | १७ | १७ | १०० |
| २० | कृषकस्तर तालिम | पटक | ३५ | ३५ | १०० |
| २१ | बाखा/बोका खरिद तथा बितरण (कबुलियती कार्यक्रमबाट) | संख्या | १७९९२ | १६१४७ | ९८.६ |

# ३. मुख्य मुख्य सूचकहरुमा भएका परिवर्तन

आ.ब. ०६६/०६७ मा गत आ.व. ०६५/६६ को तुलनामा पशु सेवामा संलग्न रहेका समुहमा रहेका संख्यामा ६.३ प्रतिशतले वृद्धि भई १५२६६ पुगेको छ । यी समुहका हितकोष रकम यस आ.व.को अन्तमा रू. १४ करोड ६८ लाख १४ हजार पुगेको देखिन्छ, जुन गत वर्षको तुलनामा ६.० प्रतिशतले बृद्धि भएको छ । त्यस्तैगरी औषधि पसलमा १.५७ प्रतिशतले बृद्धि भई २९५९ पुगेको छ । त्यस्तैगरी सक्रीय ग्रा.प.स्वा.का.को संख्यामा पनि ३.९ प्रतिशतले बृद्धि भई ५२०९ जवान पुगेको देखिन्छ । पशु औषधि पसल र

सक्रिय ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको संख्यामा वृद्धि हुनुमा पशुपालनमा भएको व्यवसायीकरणलाई लिन सकिन्छ ।

त्यस्तैगरी पशु प्रजनन् सेवातर्फ कृतिम गर्भाधान सेवा पुऱ्याइएका पशु संख्या भने गत बर्ष भन्दा ५१.९ प्रतिशत बढि ९८२६५ बाट १४९२६१ मा पुगेको देखिन्छ । उन्नत नश्लका पशुहरूको संख्यामा बृद्धि भई पशुजन्य पदार्थ: दुध, मासु र फुलको उत्पादन गत बर्षको तुलनामा क्रमश: ३.६, ३.५ र २.८ बृद्धि भएको देखिन्छ । दुध उत्पादन १४४५.४ हजार मे.टन बाट १४९७.४ हजार मे.टन, मासु उत्पादन २४१.६ हजार मे.टनबाट २५०.२ हजार मे.टन, फुल उत्पादन ६२.९९ करोड गोटाबाट ६४.८१ करोड गोटा पुगेको छ । तर ऊन ०.२२ प्रतिशतले घटी ५८३.७ मे.टन बाट ५८२.४ मे.टन पुगेको देखिन्छ । अनुसूची २, ३ र ४ मा बिस्तृत बिबरण रहेको छ ।

दूध, फुल र मासुको उत्पादन गत बर्षको तुलनामा बृद्धि भएतापनि पशुजन्य पदार्थको प्रति ब्यक्ति प्रति बर्ष चाहिने आबश्यकताको सन्दर्भमा हालको उत्पादन अपुग देखिन्छ । मासु १४ के.जि, दूध ५७ लिटर र फुल ४८ गोटा प्रति ब्यक्ति प्रति बर्ष आबश्यकतालाई आधार मान्दा आ.ब. ०६६/६७ मा दूध १५९८ हजार मे.टन, मासु ३९३ हजार मे.टन र फुल १३५ करोड आबश्यकता देखिन्छ । उक्त बर्षको उत्पादनमा दूध १०१ हजार मे.टन, मासु १४२ हजार मे.टन र फुल ७० करोडले अपुग भएको देखिन्छ ।

यहां दूधको आवश्यक्ता ५७ लिटर प्रति व्यक्ति प्रति बर्ष ( १५६ ग्राम प्रति व्यक्ति प्रति दिनको दरले राखिएको छ जबकी छिमेकी मुलुक भारतमा २४५ ग्राम प्रति व्यक्ति प्रति दिन, International recommendation २८५ ग्राम प्रति व्यक्ति प्रति दिन, FAo recommendation २५० ग्राम प्रति व्यक्ति प्रति दिन र Developed countries ४०० ग्राम प्रति व्यक्ति प्रति दिन रहेको छ । यसको अतिरिक्त देशमा हाल संचालनामा रहेका बिराटनगर स्थित DDC को धूलो दूध कारखाना, निजि क्षेत्रबाट संचालित चितवन धूलो दूध कारखाना र कास्की जिल्लाको पोखरा औधोगिक क्षेत्रमा अवस्थित सुजल डेरी प्रा.लि. को धूलो दूध कारखाना र निकट भबिश्यमानै संचालन हून गइरहेका सर्लाहीको सहकारी धुलो दूध कारखानाको आवश्यक्तालाई समेत मध्यनजर राख्दा हालको तरल दूध उत्पादनमा निक्कै बृद्धि गर्नु जरूरी भइसकेको छ ।

## ४. आर्थिक प्रगति

आ.ब. ०६६/०६७ मा पचहत्तरै वटा जिल्ला पशु सेवा कार्यालयहरूको कूल वजेट रू. ७५ करोड १० लाख १८ हजार मध्ये ६९ करोड ६४ लाख ४३ हजार निकासा भई ५२ करोड ६० लाख २२ हजार खर्च भएको देखिन्छ जुन निकासाको तुलनामा ९९.४ प्रतिशत र बजेटको तुलनामा ९८ प्रतिशत खर्च भएको देखिन्छ र कर्णाली अंचल पशु बिकास कार्यक्रम अन्तरगत ९० लाख मध्ये ८८ लाख ५१ हजार निकासा भई ८८ लाख ५१ हजार खर्च भएको देखिन्छ जुन निकासाको तुलनामा १०० प्रतिशत र बजेटको तुलनामा ९८.३ प्रतिशत खर्च भएको देखिन्छ। कर्णाली अंचलका पशु बिकास कार्यक्रम तर्फ ८६ लाख बजेट बिनियाजन भएकोमा ८५ लाख ५४ हजार निकासा तथा खर्च भई निकासाको तुलनामा शत प्रतिशत र बजेटको तुलनामा ९९ प्रतिशत खर्च भएको देखिनछ ।

त्यस्तैगरी केन्द्रीयस्तरका कार्यालयहरूमा सहकारी खेति सहित कूल वजेट रू. १ अरब ३४ करोड ८१ लाख ५८ हजार मध्ये ८५ करोड ५ लाख ३२ हजार निकासा भई ८२ करोड ५ लाख ४६ हजार खर्च भएको देखिन्छ जुन निकासाको तुलनामा ९७ प्रतिशत र बजेटको तुलनामा ६१.२ प्रतिशत खर्च भएको देखिन्छ

सहकारी खेति अन्तरगत कूल वजेट रू. २ करोड ८४ लाख ६७ हजार मध्ये २ करोड ८३ लाख १७ हजार निकासा भई २ करोड ८० लाख ९२ हजार खर्च भएको देखिन्छ जुन निकासाको तुलनामा ९९.२ प्रतिशत र बजेटको तुलनाम ९९.७ प्रतिशत खर्च भएको देखिन्छ । अनुसूचि नं. २३ र २४ मा यस सम्बन्धि बिस्तृत विवरण दिइएको छ ।

# आ.व. २०६६/०६७ मा संचालित कार्यक्रमका मुख्य मुख्य उपलब्धिहरु

## १. पशु स्वास्थ्य सेवा कार्यक्रम ४०/३/४ ५००

पशु स्वास्थ्य सेवा संबन्धी औषधी उत्पादन, खोप व्यवस्थापन, गुणस्तर नियमन, क्वारेन्टाइन सेवा संचालन तथा स्थानीय तहमा प्राबिधिक सेवाटेवा उपलब्ध गराउने जस्ता कार्यक्रम संचालन गरी पशु धन सुरक्षामा टेवा पुयाइएको थियो । WTO/SPS Agreement लाई मध्यनजर राखी प्रयोगशाला सुदृडिकरण तथा रोग निदान कार्यलाई प्राथमिक्ता दिइएको थियो।
देशमा बर्डफलु रोग परेका सन्दर्भमा जिल्लाहरूबाट प्राप्त नमुना परिक्षण गर्दा कुन रोगका कारण पंक्षीहरूको मृत्यु भएको हो सो संबन्धमा कृषकहरूलाई सूसुचित गराउन तथा रोग छुट्टाउन परिक्षण गर्ने संबन्धीत कार्यक्रम संचालन भएको थियो ।
आर्थिक दृष्टीकोणले महत्वपूर्ण पशु रोगहरूको रोकथाम, नियन्त्रण, उन्मुलन र आकस्मिक रूपमा तथा प्राकृतिक प्रकोपको बेला फैलन सक्ने पशु रोगहरूको अन्वेषण, नियन्त्रण, उन्मुलन तथा व्यवस्थापन गर्ने कार्य संचालन भएको थियो।
बाखापालनमा पि.पि.आर. रोगको कारण हुने ठुलो आर्थिक नोक्सानीलाई कम गरी आय आर्जनमा बृद्धि गर्न रोग नियन्त्रणको लागि पि.पि.आर.को २४ लाख १७ हजार ९ सय डोज भ्याक्सीन उत्पादन गरी १५ लाख भेडा बाखामा राष्ट्रिय पि.पि.आर. रोग नियन्त्रण कार्यक्रमबाट भ्याक्सीनेशन कार्य संचालन भएको थियो।
स्वस्थ र सुरक्षित पशुजन्य पदार्थ उत्पादन गरी जनस्वास्थ्यको समेत संरक्षण गर्न आवश्यक गुणस्तर नियमन तथा रोग अन्वेषण कार्यलाई निरन्तरता दिइएको थियो ।
क्वारेन्टाइन कार्यक्रम, रोग सर्भिलेन्स कार्यक्रम, खोरेत तथा अन्य महामारी नियन्त्रण कार्यक्रम, पशु स्वास्थ्य तथा पशु सेवा ऐन नियम कार्यान्वयन, पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामाग्रीको स्वस्थता, गुणस्तर निर्धारण, नियमन, प्रमाणीकरण कार्यक्रम संपन्न गरिएको थियो । रेबिज भ्याक्सीन उत्पादन कार्यक्रम अन्तरगत २० हजार १ सय २६ डोज खोप उत्पादन भएको र मानव प्रयोजनाको लागि Tissue Culture Rabies खोपको २२०० मात्रा परिक्षण उत्पादन गरिएको थियो ।

## २. पशु बिकास कार्यक्रम ४०/३/४ ५१०

उन्नत पशुपालन व्यवस्थापनको लागि कृत्रिम गर्भाधान, पशुपालन व्यवस्थापन, पशु आहार तथा पोषण बिकास, पशुपंक्षीजन्य बस्तुको गुणस्तर नियमन र बजार प्रबर्द्धन, जातिय श्रोत संरक्षण संमन्वय जस्ता उन्नत सेवाहरू संचालन गरी पशुहरूको उत्पादकत्व बृद्धि गराउने दृष्टिले यो कार्यक्रम संचालन हुदै आएको छ । १ लाख २ हजार १ सय २६ वटा पशु हरूमा कृत्रिम गर्भाधान भएको, १६१ हजार डोज रागो। साढेको जमेको बिर्य उत्पादन भएको र ६७३ पशुजन्य पदार्थको गुण संबन्धी प्रयोगशाला परिक्षण भएको थियो ।

## ३. पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम ४०/३/४ ५११

पशुपंक्षी तथा पशुपंक्षीजन्य उत्पादनको बजार प्रबर्द्धनको गर्ने उद्धेश्यले यस कार्यक्रम संचालन हुदै आएको छ । यस कार्यक्रम अन्तरगत १२ पटक बजार सूचना संकलन तथा व्यवस्थापन, ५ वटा मासु पसल सुधार, ५ वटा डेरी पसल सुधार भएको थियो ।

## ४. पशु बिकास फार्महरू ४०/३/४ ५२०

फार्मको प्रभाव क्षेत्रमा रहेका बिभिन्न पशुपंक्षीहरूको जातिय श्रोत पहिचान, बिश्लेक्षण तथा संरक्षण र अनुसन्धानबाट सिफारिस गरिएका उन्नत पशुपंक्षीहरू एबं घांसको बिउको क्षोत संबर्धन गरी स्थानिय नश्ल सुधारकर्त्ता एबं उद्यमी कृषकहरूलाई सामग्रीको श्रोत केन्द्रको रूपमा बिकसित गराई उन्नत नश्ल र प्राबिधिक टेवा पुयाउने दृष्ट्रिकोणबाट यी फारमहरू संचालन भएका छन् । यि फार्महरूबाट प्रजननको लागि उन्नत पशुपंक्षी उत्पादन गर्ने, उन्नत घांसको बिउ उत्पादन गर्ने, राइजोबियम उत्पादन गर्ने, प्रभाव क्षेत्रमा प्राबिधिक सेवा पुयाउने, फार्मको श्रोतको अधिकतम उपयोग गर्ने कार्यक्रम संचालन गरिएको छन् । जसअनुसार ३६ वटा बाच्छाबाच्छी उत्पादन, २२ वटा याक नाक उत्पादन, ४३ वटा पाडापाडी उत्पादन, ३१२ वटा बाखाका पाठापाठी उत्पादन, १५० वटा भेडाको पाठापाठी उत्पादन १०२८ वटा बंगुरको पाठापाठी उत्पादन, २१० हजार कुखराको चल्ला उत्पादन, २०० के.जि जैबिक  मल उत्पादन र घांसको बिउ उत्पादन ३५.१३ मे. टन भएको थियो

## ५. कबुलियति बन तथा पशु बिकास कार्यक्रम ४०/३/४ ५५०

गरिब तथा बिपन्न किसानहरूलाई हैसियत बिग्रीएको बन क्षेत्र कबुलियतिमा उपलब्ध गराई बनको हैसियत सुधार गर्ने र पशुपालन तथा घांस बिकासको माध्यमबाट गरिब बर्गको आय तथा रोजगार प्रबर्द्धन गरी गरिवी घटाउने उद्धेश्यले यस कार्यक्रम २२ जिल्लामा संचालन भएका छन् । यस कार्यक्रम अन्तरगत १६६० पटक कबुलियति समुहमा पशुपालन तालिम १ दिने, १५३७५ वटा बाखा बितरण, ७७२ वटा बोका बितरण, ४४ हजार बोका बाखामा खोप र ३० हजार १ सय बोका बाखालाई आकस्मिक उपचार गरिएको थियो ।

## ६. पशु सेवा तालिम ४०/३/४  ५७०

पशु स्वास्थ्य, पशु व्यवस्थापन र पशुजन्य पदार्थहरूको गुणस्तर सुधार र नियमन सबद्ध क्षेत्रको जनशक्तिको क्षमता बिकास गराउने तथा ग्रामिण पशु स्वास्थ्य कार्यकर्त्ता अगुवा कृषक तालिम संचालन गरी स्थानीय क्षेत्रमा पशु सेवा प्रबिधि बिकास गर्दै जाने दृष्टिकोणले तालिम कार्यक्रम संचालन हुदै आएका छन् । यस आ.व.मा क्षमता बिकासको लागि बिभिन्न तहका तालिम संचालन भएकोले अधिकृतस्तर, सहायकस्तर र उद्यमीस्तर। कृषकस्तर जवानलाई पशु स्वास्थ्य, पशु व्यवस्थापन र पशुजन्य पदार्थको गुणस्तर सुधार र नियमन सम्बद्ध क्षेत्रमा जनशक्तिको क्षमता अधिबृद्धि भएको छ । बिभिन्न कार्यक्रम संचालन भएकोले अधिकृतस्तर तालिम ५५ जना, सहायकस्तर तालिम १३७ जना, कृषक।उद्यमीस्तर तालिम ५६१ जनाले प्राप्त गरेका छन् ।

## ७. सामुदायिक पशु बिकास आयोजना ४०।३।४ ५९१

पशुपंक्षीहरूको उत्पादकत्व मार्फत आर्थिक बृद्धिमा योगदान पुयाउन साथै आय तथा रोजगारीको अवशर बढाई गरिबी घटाउने दृष्टीकोणले सामुदायिक पशु बिकास आयोजना संचालन भएको छ । पशु बधशाला सुधार १ वटा, नमुना पशुबधस्थल तथा बिक्री केन्द्रमा सुधार १०, सहकार्यमा चिलिङ सेन्टर स्थापना ७ वटा, नमुना पशु हाट बजार स्थापनाको लागि ५ वटा कार्य भएका थियो । डेरी उपकरण मर्मत तालिम १ पटक, सहकारी व्यवस्थापन तालिम १ पटक, Goat Resources Management तालिम ७ पटक स्थापना भएको थियो ।

## ८. बर्ड फल्यू नियन्त्रण आयोजना ४०/३/४ ५९२

पंक्षीहरूमा फैलिने बर्ड फल्यू रोगको रोकथाम तथा नियन्त्रणको लागि यस आयोजनाबाट कार्यक्रम संचालन हुदै आएका छन् । बिगत केहि बर्ष देखि नै बिश्व भरी नै हाइली प्याथोजनिक एभियन इन्फलून्जा (HPAI) को प्रकोप देखापरेको सन्दर्भमा बिश्व बैकको अनुदान सहयोगमा नेपालमा पनि यस कार्यक्रम संचालन हुदै आएको छ । आयोजनाको प्रमुख उद्धेश्य  अनुरूप पंक्षीहरूमा बर्ड फल्यू रोग भित्रन नदिन सतर्कता अपनाउने, नमुनाहरूको नियमित जाच, अनुगमन तथा प्रचार प्रसारका कामहरू संचालन भइआएका छन् । उच्च जोखिम २६ जिल्ला र मध्य जोखिम १८ जिल्लामा एक्टीभ सर्भिलेन्स १२ महिना भरीनै संचालन भएको थियो । १२५४० संख्यामा पंक्षीहरूको ल्यावमा नमुना परिक्षण भएको थियो । १ पटक क्षतिपूर्ति कोषको व्यवस्थापन भएको थियो

## ९. कर्णाली अंचल पशु बिकास कार्यक्रम ४०/३/४ ८०१

कर्णाली अंचलमा बिभिन्न पशु बिकास संबन्धी कार्यक्रम संचालनबाट उत्पादन एबं कृषकहरूको आय तथा रोजगारीमा टेवा पुयाउने उद्धेश्य यस कार्यक्रमको हुदै आएको छ । बाखा पैचौ कार्यक्रम, भेडा बिकास कार्यक्रम, पशु प्रजनन कार्यक्रम संचालन भएको छ । ३१० वटा बाखा तथा बोका छनौट, खरिद र बितरण भएका छन् । ४६५ वटा भेडा तथा थुमा छनौट, खरिद र बितरण भएका छन् । ९ पटक स्थलगत तालिम संचालन भएका छन् । पशु प्रजननको लागि ३ वटा रांगा , ५ वटा जर्सि बहर, ३ वटा याकानाक र ९ वटा गधा बितरण भएका छन् साथै ५००० कुखुराको चल्ला बितरण भएका छन् । २४१२ भेडाबाखामा खोप कार्यक्रम संचालन भएको थियो ।

## १०. पशु सेवा प्रसार कार्यक्रम ४०/३/४ ४१३

यस कार्यक्रम अनतरगत पशु प्रजनन् पशु सेवा तालिम, पशु स्वास्थ्य, चरन बिकास, पशुपालन व्यवस्थापन, बजार बिकास जस्ता कार्यक्रम ७५ वटै जिल्लामा संचालन हुदै आएका छन् । यी कार्यक्रमहरू स्थानिय जिल्ला बिकास समितीबाट स्विकृत भई कार्यान्वयन भइरहेका छन् । यस अन्तरगत ३९८ उन्नत नश्लका पशु बितरण, ७८ हजार कुखुराको चल्ला बितरण, १ लाख २ हजार १ सय २६ वटा पशु हरूमा कृत्रिम गर्भाधान, ६५२ पटक सेवाकेन्द्र स्तर तालिम, ५७१ जना कृषकले क्षेत्रियस्तर कृषक तालिम, १०५ हजार पशुपंक्षीका प्रयोगशाला परिक्षण, ८५९ हजार पशुपंक्षीको उपचार र ५१२ हजार पशुपंक्षीमा खोप कार्यक्रम संचालन भएको थियो ।

## ११. सहकारी खेति कार्यक्रम ४०/३/४६४

नयां नेपाल निर्माण अभियान कार्यक्रम अन्तरगत अधिराज्यका सप्तरी, बाके, बर्दिया, दाङ, कैलाली, झापा, मोरङ, उदयपुर, सर्लाही, रामेछाप, सिन्धुपाल्चोक, दोलखा, धादिङ, रसुवा, स्याङजा र चितवन गरी १६ जिल्लामा उक्त आ.व.मा बंगुर तथा कुखुरापालन कार्यक्रम सहकारी खेतिको सिद्धान्त अनुरूप संचालन भएको थियो । जिल्लामा संचालित यस कार्यक्रमको समन्वय केन्द्रिय बंगुर तथा कुखुरा प्रबर्द्धन कार्यालयले गरेको थियो बंगुरको पाठापाठी बितरण १९००, कुखुराको चल्ला बितरण ५०००, बंगुर तथा कुखुराको खोर निर्माण अनुदान २४, बिमा कोष स्थापना २४ तालिम २ पटक र बिभिन्न सामाग्री १४० संख्यामा विवरण भएको थियो ।

# पशु सेव कार्यक्रममा देखिएका प्रमुख चुनौतिहरु

- भौतिक पूर्वाधारको कमी तथा बिभिन्न निकायहरू बीच समन्वयको अभावले गर्दा "पशु स्वास्थ्य तथा पशु सेबा ऐन २०५५" र "मासु जांच तथा बधशाला ऐन २०५५" प्रभावकारी रूपमा लागू हुन नसकेको ।
- पशु बिकासको लक्षित प्रगति दर कायम हुन समानुपातिक बजेट नपाइएको ।
- पशुजन्य उद्योगलाई कृषिजन्य उद्योगसरह सुबिधा/सहुलीयत नभएकोले पशुजन्य उद्योगको प्रबर्द्धनमा समस्या यथाबत नै रहेको ।
- स्थानीय निकायहरूले बिभिन्न करहरू पशु तथा पशुजन्य पदार्थको उत्पादन तथा ढुवानीमा लिने गरेकोले उक्त बस्तुहरूको उत्पादन लागतमा बृद्धि भई बजारमा प्रतिस्पर्धा गर्न देखिएको कठिनाई पनि यथाबत नै रहेको ।
- बिभाग अन्तरगत रहेका बिभिन्न निकायहरू: फार्म, तालीम केन्द्र पशु क्वारेन्टाईन कार्यालय, जि.प.से.का., सेवा केन्द्र/उपकेन्द्रहरूमा बेला बेलामा भएको भौतिक संरचानको क्षतीले गर्दा गुणस्तरीय बीउ, बेर्ना, पशुपंक्षी उत्पादन तथा बितरणको साथै कृषकहरूमा सेवा पुर्‍याउन असुबिधा भएको ।
- यस बिभाग अन्तरगत त्रिपुरेश्वर हातामा रहेको जग्गाको बिबाद कायमै रहेकोले हालसम्म पनि लालपुर्जा प्राप्त हुन नसकेको ।
- चरन तथा घांसेबाली बीउ बृद्धि फार्म धनुषालाई गुठी संस्थानबाट भू बहाल तथा मुअव्जा संबन्धी भनी रू १,०१,४२,०७,६६० रकम फार्मसंग माग भएको र सो भू स्वामित्व फार्ममा हस्तानतरण हुननसकेको ।
- मध्य तथा सुदुर पश्चिमान्चल बिकास क्षेत्र लगायत देश बिभिन्न भागबाट भैसी देश बाहिर लगिने क्रम यथाबत रहेको ।
- दैनिक करिव ५ लाख लिटर Lean Season मा र २ लाख ५० हजार लिटर Flush Season मा तरल दुधको अभाब
- हालसम्म पशुपंक्षी गणना नभएको ।
- नेपाली पशुजन्य उत्पादनहरू छिमेकी मुलुका उत्पादन सरह Competitive बनाउनको लागि कमजोर Budgetary Support
- हालको बदलिदो परिप्रेक्षमा सेवाग्राहीको माग अनुसार सेवा बिस्तारमा हालको जनशक्ति ४०५०, सेवाकेनद्र/उपकेन्द ९९९ अप्रयाप्त भएको ।

# पशुपालन व्यवसायमा लिङ्ग  बिभेदी बिबरण

## तालिका नं.- ४

## (क) पशु पालन व्यावसायमा संलग्न कृषक समुह/सदस्य

| आ.ब. | कृषक समुह संख्या | | | | कृषक सदस्य संख्या | | | सदस्य प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | मिश्रित | जम्मा | पुरूष | महिला | जम्मा | पुरूष | महिला |
| २०६६/६७ | २७१२ | ५१८८ | ७३६६ | १५२६६ | ७१६६९ | ९८१२७ | १६९८९७ | ४२.२ | ५७ .८ |
| २०६५/६६ | २७३६ | ५०४६ | ६५७८ | १४३६० | ८०८८१ | ९४२६३ | १७५१४४ | ४६.१ | ५३.८ |
| २०६४/६५ | २७५९ | ४७७७ | ५७२९ | १३२६५ | ८३५१९ | ७७३१६ | १६०८३५ | ५१.९३ | ४८.०७ |
| २०६३/६४ | २८९८ | ३७३८ | ४६८३ | ११३१९ | ७१६८१ | ६४२०२ | १३५८८३ | ५२.८ | ४७.२ |
| २०६२/६३ | २८४० | ३०८६ | ३८९६ | ९८२२ | ६५२६८ | ५४३४५ | ११९६१३ | ५४.६ | ४५.४ |
| २०६१/६२ | २८१३ | २१२९ | २६०१ | ७५४३ | ५१२०७ | ३९५४२ | ९०७४९ | ५७ | ४३ |
| २०६०/६१ | २८१२ | १८८९ | २२६४ | ६९६५ | ४६४४९ | ३१७१५ | ७७८९९ | ६० | ४० |

## तालिका नं - ५

## (ख) पशु पालन व्यावसायमा संलग्न कृषक समुहको हित कोष रकम र लगानी रु ०००

| आ.ब. | समुह अनुसार हितकोष रकम | | | | समुह अनुसार हितकोष लगानी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | मिश्रित | जम्मा | पुरूष | महिला | मिश्रित | जम्मा |
| २०६६/६७ | ३४५९३ | ५७५०५ | ५४७१७ | १४६८१५ | २४४८६ | २९१६६ | ३९५९० | ९३२४२ |
| २०६५/६६ | ३७८५० | ४४९७८ | ५५६८८ | १३८५१५ | २५०६३ | २०९८५ | २८९४० | ७४९८७ |
| २०६४/६५ | ३५८९९ | ४३०४० | ४६३०० | १२५२३९ | २४५२४ | १६६४१ | २२२८४ | ६३४४९ |
| २०६३/६४ | ३५२२९ | ३३९४६ | ३९६५२ | १०८८२७ | २४३३७ | १४७७३ | २१६११ | ६०७२१ |
| २०६२/६३ | ३४३७३ | २९०६९ | २९७३१ | ९३१७३ | २२४८३ | १४५०६ | २०५६२ | ५७५५१ |
| २०६१/६२ | ३१११८ | २३५६८ | २५५२२ | ८१६९५ | १९४३७ | १२२९१ | १८०५९ | ४९७८७ |
| २०६०/६१ | ३२३४० | २४७५९ | २०८०१ | ७७८९९ | १८७३४ | १३७०४ | १४३९९ | ४६८३७ |

## तालिका नं. - ५.क

## (ग) पशु पालन व्यावसायमा संलग्न ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता

| आ.ब. | पुरूष | महिला | जम्मा | महिला (%) |
|---|---|---|---|---|
| २०६५/६६ | ४३९९ | ६१३ | ५०१२ | १२.२ |
| २०६४/६५ | ४४०८ | ५५३ | ४९६१ | ११.१ |
| २०६३/६४ | ४१३८ | ५३१ | ४६६९ | १२.८ |
| २०६२/६३ | ३९२१ | ५०१ | ४४२२ | ११.३ |
| २०६१/६२ | ३७२० | ४५६ | ४१८५ | १०.८ |
| २०६०/६१ | ३५३३ | ३९६ | ३९२९ | १० |

## (३) आ.ब.२०६५/६६ संचालित तालीम कार्यक्रममा महिला सहभागिता

### तालिका नं.- ६ (क) उद्यमी/कृषकस्तर तालीम

| सि.नं. | तालीम कार्यक्रमहरू | जम्मा | महिला | पुरूष | महिला % |
|---|---|---|---|---|---|
| १. | गाइ/भैंसि पालन (७ दिने) | ९२ | २७ | ६५ | २९.३ |
| २. | चरन तथा आहार (७ दिने) | ७४ | १३ | ३४ | १७.५६ |
| ३. | समुह व्यवस्थापन (७ दिने) | २५ | १२ | १३ | ४८ |
| ४. | बंगुरपालन (७ दिने) | २५ | १९ | १६ | ७६ |
| ५. | बजार व्यवस्थापन | १२ | ९ | ३ | ७५ |
| ६. | स्वच्छ मासु उत्पादन | ३८ | १ | ३७ | २.६ |
| ७. | ग्रा.प.स्वा.का. पूनतार्जकी | १५ | ७ | ८ | ४६.६ |
| ८. | डेरी उद्यमी तालिम (७ दिने) | ३० | ४ | २६ | १३.३ |
| ९. | बाखापालन तालिम (७ दिन ) | १४० | ७५ | ६५ | ५३.५ |
| | जम्मा | ४४४ | १७४ | २७० | ३९.१ |

### तालिका नं.- ६(ख) अधिकृत स्तर

| सि.नं. | तालीम कार्यक्रमहरू | जम्मा | महिला | पुरूष | महिला % |
|---|---|---|---|---|---|
| १ | विश्व व्यापार संगठन र पशु विकास (७ दिने) | २२ | २ | २० | ९ |
| २. | इपिडेमियोलोजिकल एण्ड क्वारेन्टाइन म्यानेजमेन्ट (७ दिने) | २० | २ | १८ | १० |
| ३ | मसु निरिक्षण | २० | २ | १८ | १० |
| ४ | आधारभुत सेवाकालिन तालिम ३५ दिने | २० | १ | १९ | ५ |
| | जम्मा | ८३ | ८ | ७५ | ९.६ |

तालिका नं. 6: (ग) प्रा.स./ना.प्रा.स.स्तर

| सि.नं. | तालीम कार्यक्रमहरू | जम्मा | महिला | पुरूष | महिला % |
|---|---|---|---|---|---|
| १. | पशु प्रजनन् तथा कृ.ग. (१४ दिने) | ३६ | ० | ३६ | ० |
| २. | योजना तर्जूमा तथा व्यवस्थापन (१४ दिने) | २७ | ० | २७ | ० |
| ३. | बजार व्यवस्थापन | २१ | ० | २१ | ० |
| ४. | समाज परिचालन (७ दिने) | १७ | २ | १५ | ११.७ |
| | जम्मा | १०१ | २ | ९९ | १.९ |

## (४) आ.ब.२०६६/६७ संचालित नियमित तालीम कार्यक्रममा महिला सहभागिता

| क.श | तलिमस्तर | सहभागी | | |
|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा |
| १ | अधिकृतस्तर | ७ | ४८ | ५५ |
| २ | सहायकस्तर | ३ | १३४ | १३७ |
| ३ | कृषक/व्यवसायीस्तर | १२० | २६३ | ३८३ |
| ४ | कृषक/उद्यमी | १६ | १४४ | १६० |
| ५ | ग्रा.प.स्वा.का. पूनर्ताजगी | ३ | १५ | १८ |
| | **जम्मा** | **१४९** | **६०४** | **७५३** |

## (५) आ.ब.२०६६/६७ संचालित  सामुदायिक पशु बिकास आयोजना तर्फ महिला सहभागिता

| क.श | तलिमस्तर | सहभागी | | |
|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा |
| १ | अधिकृतस्तर | ६ | ७४ | ८० |
| २ | सहायकस्तर | ७ | १९२ | १९९ |
| ३ | कृषक/व्यवसायीस्तर | १४ | ८४ | ९८ |
| ४ | ग्रा.प.स्वा.का. ३५ दिन | ११ | १३ | २४ |
| ५ | पशु औषधी व्यवसायी ३५ दिने | ७ | ७१ | ७८ |
| | **जम्मा** | **४५** | **४३४** | **४७९** |

# पशुपंक्षी तथा पशुजन्य पदार्थको बजार व्यवस्थापन

ग्रामीण क्षेत्रमा उत्पादन हुने पशुजन्य पदार्थहरूले भरपर्दो वजार पाउन नसकेको कारणले गर्दा एकातर्फ उत्पादनमा आसातित रूपमा बृद्धि हुन सकेको छैन भने अर्को तर्फ यस क्षेत्रमा सुनिश्चित वजारको अभावले गर्दा कृषकहरूको मनोवल घटिराखेको छ । नेपालले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गरिसकेको परिप्रेक्षमा देशमा उचित प्रविधिको प्रयोगको साथसाथै उत्पादन र उत्पादकत्वमा गुणात्मक तथा परिमाणात्मक बृद्धि ल्याउन पशुजन्य उत्पादनको आन्तरीक तथा बाह्य वजार प्रणालीलाई खुला तथा प्रतिस्पर्धात्मक वजार व्यवस्थापनको माध्यमवाट व्यवसायीकरण गर्दै लानु जरूरी छ । विशेष गरी पशुजन्य पदार्थले प्रभावकारी वजार पाउन नसक्नुमा भौतिक पूर्वाधारको बिकास नहुनु, बजार सूचनाको अभाब, जनचेतनाको कमी, उत्पादन लागत बढी हुनु आदि कारण रहेका छन् । यसको अलावा पशुजन्य बजारलाई प्रभाबकारीरूपमा प्रबद्धन गर्न शसक्त निकायहरूको अभाब पनि खड्कीएको छ । यस सन्दर्भमा निजि क्षेत्रको भूमिका अहम हुन सक्ने कुरामा दुई मत छैन, साथै सरकारी स्तरमा पनि यससंबन्धि कार्य हेर्ने निकायको आवश्यकता महशुस भएको थियो ।

कृषि क्षेत्रको अभिन्न अंगको रूपमा रहेको पशुपंक्षीपालन पेशाबाट उत्पादित पशुपंक्षी तथा पशुजन्य पदार्थहरूको व्यबस्थित बजार तथा उद्योग व्यापारको प्रवर्द्धनबाट दीर्घकालिन कृषी योजनाले परिलक्षती गरे अनुसार पशुजन्य पदार्थको उत्पादकत्वमा उच्चतम बृद्धिदर हासिल गरी सर्वसाधरणको आय आर्जनमा टेवा पुऱ्याउन तत्कालिन नेपाल सरकारको मिति २०५७।३।२६ को निर्णय अनुसार कृषि तथा सहकारी मन्त्रालय, पशु सेवा बिभाग अन्तरगत एउटा छुट्टै पशुपंक्षी बजार निर्देशनालय, हरिहरभवनमा खडा भएको छ । पशुजन्य उद्योग व्यवसाय प्रवर्द्धन तथा बजार बिकास गरी पशुपालन पेशाबाट सर्बसाधारणको आय तथा रोजगारका अवसर बढाउने यस निर्देशनालयको प्रमुख उद्धेश्य रहेको छ । उपर्युक्त उद्धेश्य परिपूर्ति गर्नको लागि स्थानीय सरकारी तथा गैह्रसरकारी निकाय तथा अन्य संघ संस्थाहरूको सहभागीतामा जिल्लास्तरदेखि नगरपालीका, गा.बि.स. र वडास्तरसम्म पशुपंक्षी बजार बिकास तथा उद्योग व्यापार प्रवर्द्धनका कार्यनीति तय गरी पशुपंक्षी बजार प्रवर्द्धनका कार्यक्रमहरू संचालन गर्दै जाने यस निर्देशनालयको प्रमुख दायीत्व रहने छ ।

आ.व. ०६१/६२ मा पाल्पाको मैनादी र सुनसरीको धरानमा पशुपंक्षी संकलन केन्द्र, इनरूवामा पशु हाट बजारको सुधार, काठमाण्डौमा बधस्थल तथा मासु पसल सुधार , कृषि मेला आदि कार्यक्रम संबन्धीत निकायहरूको सहकार्यमा संचालन भएका थियो । त्यस्तैगरी आ.व. ०६२/६३ मा बजार आपूर्ति स्थिति विवरण संकलन तथा प्रेषण, बजार सूचना व्यवस्थापन, सहकार्यमा हाट बजार सुधार, पशु संकलन केन्द्र स्थापना, मासु बजार सुधार ( ठीमी, ललितपुर, चन्द्रगढी, बिर्तामोड, काठमाण्डौ) आदि कार्य संपन्न भएका थिए । आ.व ०६३ /६४ मा पशु पूर्बाधार निर्माण सुधार २, पशु हाट बजार व्यवस्थापन सुधार ४, पशु बधस्थल सुधार १, मासु पसल सुधार २, पशु बजार संबन्धी अध्ययन १, मौजुदा पशु हाट बजार स्थलगत अध्ययन १ स्थानमा भएको थियो। त्यस्तेगरी आ.व ०६४/६५ मा छाला संबन्धी अध्ययन १ पटक, दाना तथा कच्चा पदार्थ आपुर्ति अध्ययन १ पटक, पशु बधस्थल सुधार २, मासु पसल सुधार ४, मौजुदा पशु हाट बजार स्थलगत अध्ययन ९ स्थानमा भएको थियो।

आ. व. ०६५।६६ मा बजार सूचना संकलन तथा प्रबाह, पशु हाट बजार सुधार, उद्योग, मासु व्यवसाय प्रबर्द्धन, दुग्ध व्यवसाय प्रबर्द्धन, जनचेतना अभिबृद्धि, मेला प्रदर्शनी व्यवस्थापन, तथा क्षमता बिकास, बजार प्रबर्द्धन गोष्ठी, अध्ययन, साझेदारी कार्यकमको अनुगमन, बजार संबन्धी बिबिध प्रकाशन गर्ने कार्यक्रमहरू संचालन गरिएका थिए । यस कार्यकमबाट ५ वटा थप मासु पसल सुधार, ४ डेरी उद्योग प्रबर्द्धन तथा नियमित रूपमा बजार सूचना संकलन तथा व्यवस्थापन भएका थिए । बिभिन्न बधशाला स्थापनाको लागि संबन्धीत नगरपालीकाहरूसंग सहकार्य भइरहेका छन् ।

त्यस्तैगरी आ.व. ०६६।६७ यस कार्यक्रम अन्तरगत १२ पटक बजार सूचना संकलन तथा व्यवस्थापन, ५ वटा मासु पसल सुधार, ५ वटा डेरी पसल सुधार भएको थियो ।

पशुजन्य पदार्थको कारोबारमा संलग्न निकायहरूको विवरण तल दिइएको छ ।

## पशु हाट बजार

हालसम्म अधिराज्यमा ६६ वटा संगठित पशु हाट बजारहरू संचालनमा रहेका छन् । केहि पशु हाट बजारहरू व्यवस्थित भएतापनि धेरै जसो हाट बजारलाई व्यवस्थित गर्नु पर्ने स्थिति रहेको छ । नगरपालिका, गा.बि.स, सहकारी संस्था र निजीरूपमा संचालनमा आएका छन् भने कुनै स्कुलबाट समेत संचालनमा आएका छन् । पशु हाट बजारहरू तराईका जिल्लामा केद्रिकृत रहेका छन् र जति पश्चिम गयो उति पशुपंक्षी बजार संख्या कम हुदै गएको छ ।संचालनमा रहेका प्रमुख हाट बजार अनुसूचि १६ मा दिइएको छ ।

## दुग्ध उत्पादन सहकारी संस्था

दुग्ध उत्पादन सहकारी संस्थाहरूको गठन कार्य सन् १९८० देखि शुरू भएको थियो । यस्ता संस्थाहरू दुग्ध उत्पादन संकलन र केही हदसम्म प्रशोधन कार्यमा समेत संलग्न हुनेक्रम बढ्दो छ । हाल अधिराज्यभर १६५७ यस्ता संस्थाहरू पुगेको देखिन्छ ।

## धुलो दुध कारखाना

दुग्ध बिकास संस्थान अन्तरगत मोरङ जिल्लाको बिराटनगरमा देशको पहिलो धुलो दुध कारखानाको स्थापना भएको थियो । हाल उक्त संस्थाबाट ५०० मे.टन धूलो दुध उत्पादन भइरहेको छ ।

चितवन धुलो दुध कारखाना निजी क्षेत्रमा चितवन जिल्लामा संचालनमा आएको छ । कच्चा दुधको अभावमा यस संस्थाले कुल क्षमताको ५० प्रतिशत क्षमता मात्र प्रयोग भइरहेको छ ।

सुजल डेरी प्रा.ली ले कास्की जिल्लाको पोखरा औद्योगिक क्षेत्रमा २५ करोडको लगानीमा ७ मे. टन क्षमतामा धुलो दुध कारखाना स्थापना गरी २०६४ सालदेखि संचालनमा आएको छ । यस संस्थालाई पनि पूर्ण क्षमता उपयोगको लागि दैनिक १ लाख लिटर दुध को आवश्यकता पर्दछ ।

## चिज तथा अन्य दुग्धजन्य पदार्थहरूको उत्पादन स्थिति आ. व. ०६५/६६

| उत्पादक संस्था | दुग्ध उत्पादन | के.जि | | |
|---|---|---|---|---|
| | याक चिज | कंचन चिज | मोजरेल्ला चिज | पनिर |
| दुग्ध बिकास संस्थान | ४८६१७ | १२४०७४ | ३४०४६ | ९०४०८ |
| निजी डेरी उद्योगहरू | ६५५०० | २८५५७५ | प्राप्त हुन नसकेको | प्राप्त हुन नसकेको |
| जम्मा | ११३८१७ | ४०९६४९ | ३४०४६ | ९०४०८ |

## पशु बधशाला/बधस्थल/मासु प्रशोधनकर्ताहरू

मकवानपुर जिल्लाको हेटौडा औधोगिक क्षेत्रमा सन् १९७८ मा संचालित पहिलो बधशाला बिबिध कारणले संचालन हुने र बन्द हुने क्रममा रह्यो । ककनी र थानकोट बधशाला पनि संचालनमा आउन सकेन । हाल नेपाल सरकारले काठमाण्डौ उपत्यका भित्र १३ स्थानमा स्थानिय निकायको सहयोगमा सहकारी मार्फत पशु बधशाला/बधस्थल स्थापना तथा संचालनको लागि पहल गरेको छ । त्यस्तैगरी बिभिन्न नगरपालिकाहरू बिशेषगरी  बिराटनगर, बुटवल, बनेपा तथा गुलरियासंग सहकार्यमा बधशाला निर्माणका लागि कार्य अघि बढेको छ ।

मासु निर्यात गर्ने उद्धेश्यले निजी क्षेत्रबाट पनि यस क्षेत्रमा लगानी भई बधशाला संचालनमा आएका छन् ।

१. पशु बधशाला दुहबी, सांग्रिला फुड इन्टरनेशनल प्रा.लि

१५ करोडको लगानीमा संचालित यस संस्थाबाट प्रति दिन करिब १०० रांगा तथा भैंसी बध गर्ने क्षमता भएतापनि कच्चा पदार्थको अभावमा नियमित रूपमा मासु उत्पादन हुन सकेको छैन । प्रथम पटक करिब ६० टन फ्रोजन मिट भियतनाम निर्यात गरेको थियो ।

२. पशु बधशाला नरसिं, सुनसरी सिम्याक्स फुड इन्टरनेशनल प्रा.लि

२५ करोडको लगानीमा चिनिया व्यवसायीहरूबाट संचालित यस संस्थाबाट परिक्षण उत्पादन संचालनमा आएको छ । यो देशमा संचालित भएको अत्याधुनिक बधशाला हो  र यस संस्थाबाट प्रति दिन करिब २०० रांगा तथा भैंसी बध गर्ने क्षमता रहेको छ । अनुसूचि १७ मा मासु प्रशोधन संबन्धी बिबरण दिइएको छ ।

### छाला उधोग

पशुजन्य पदार्थको निर्यातमा छालाको स्थान अग्रणी रहेको छ । हाल देशमा १२ संगठित उद्योगहरू छाला प्रशोधन कार्यमा संलग्न छन् । Narayani Leather Manufacturing Industry, Asian Leather industry  जस्ता छाला उद्योगहरूले रोजगारी तथा बैदेशिक मुद्रा आर्जनमा टेवा प-याएका छन् ।

# सूचनामूलक लेखहरू:

## प्यारेण्ट स्टक चल्ला आयात स्थिती एक झलक

**अनुगमन तथा मूल्याङ्कन शाखा, प.से.बि.**

नेपालको अर्थतन्त्रमा पशुपालनको छुट्टै महत्व रहेको छ । पशु पालनका बिभिन्न बिधाहरू मध्ये कुखुरापालन पनि एउटा मुख्य व्यवसायको रूपमा रहँदै आएको छ । अन्य प्रमुख बिधाहरूको तुलनामा कुखुरापालनमा कमश व्यवसायीकरण हुदै आएका पाईन्छ तर हालसम्म पनि नेपालमा व्यवसायिक कुखुरापालनको लागि आवश्यक प्यारेण्ट स्टकका चल्लाहरू बिदेशबाट आयात गर्नुपर्ने स्थिती छ । यसै सन्दर्भमा आ.ब. २०६६/६७ मा बिभिन्न देशबाट गरी ७८३१८० प्यारेण्ट स्टकका चल्ला आयतका लागी पशु सेवा सेवा बिभागबाट सिफारिश भएको थियो। । यी चल्लाहरू मलेशिया, अष्टेलिया, न्यूजिल्याण्ड, जर्मनी, इटाली, फिलिपिन्स, श्रीलंका, भारत, थाइल्याण्ड र फ्रान्सबाट आयात भएको देखिन्छ । आयात भएका चल्ला मध्ये कब ५०० जातका चल्लाहरू सबभन्दा बढी आयात भएको देखिन्छ

आ.व ०६५/६६ मा १२ देशबाट आयातको लागि सिफारिस भएकोमा आ.व. ०६६/६७ मा १० देशबाट मात्र आयातको लागि सिफारिस भएको देखिन्छ । आ.व. ०६६/६७ मा नेदरल्याण्ड, पोल्याण्ड, संयुक्त अधिराज्य, हंगेरी, चेक रिपब्लीकबाट आयतको लागि सिफारिस भएन भने इटाली, थाइल्याण्ड र भारतबाट थप देशको रूपमा सिफारिस भएको थियो ।

आ.व ०६५/६६ मा मलेशियाबाट २९९३८ चल्ला आयतको लागि सिफारिस भएकोमा ०६६/६७ मा २४२०३६ चल्ला आयतको लागि सिफारिस भएको थियो जुन ७०८.४६ प्रतिशतले बृद्धि भएको देखिन्छ ।

आयातको लागि सिफारिस भएको मध्ये सबभन्दा बढी ३०.९० प्रतिशत मलेश्यिा आयात आएको थियो र त्यसपछि न्यूजिल्याण्ड, फिलिपिन्स, अष्ट्रेलियाबाट कमश १९.८६, १७.८० र १० प्रतिशत आयातको लागि सिफासिस भएको थियो भने सबभन्दा कम १.१२ प्रतिशत जर्मनीबाट आयातको लागि सिफारिश भएको रेकर्डबाट देखिन्छ

आ.व. ०६६/६७ मा गत आ.व ०६५/६६ भन्दा ६२.६९ प्रतिशतले बढि चल्ला आयतको लागि सिफारिस भएको थियो । उक्त आ.व. मा चल्ला आयतको लागि सिफरिस भएको ४८१३९१ मध्ये २२.९४ प्रतिशत न्यूजिल्याण्ड र सबभन्दा कम ०.२२ प्रतिशत चेक रिपब्लिकबाट ल्याउन सिफारिस भएको रेकर्डबाट देखिन्छ ।

प्यारेण्ट स्टक चल्ला बाह्र जिल्लाहरू चितवन, काठमाण्डौ, काभ्रे, ललितपुर, मोरङ, सुनसरी, बारा, रौतहट, दाङ, सर्लाही, नवलपरासी, रूपन्देही, सुनसरी, झापा, नुवाकोट, भक्तपुर र कास्कीमा आयात भएको देखिन्छ । यी मध्येमा चितवनमा सबभन्दा बढि आयात भएको देखिन्छ । देश अनुसार आयातित चल्लाको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं ७

## देश अनुसार चल्ला आयातको लागि सिफारिस स्थिती आ.व. ०६६/६७

| सिं.न | देश | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मलेशिया | २४२०३६ | ३०.९० |
| २ | न्युजिल्याण्ड | १५५५७२ | १९.८६ |
| ३ | फिलिपिन्स | १३९४२४ | १७.८० |
| ४ | अष्ट्रेलिया | ७८३५६ | १०.०० |
| ५ | फ्रान्स | ४४४०१ | ५.६७ |
| ६ | इटाली | ४००३७ | ५.११ |
| ७ | थाइल्याण्ड | ३६७९६ | ४.७० |
| ८ | श्रीलंका | २४१५५ | ३.०८ |
| ९ | भारत | १३६२७ | १.७४ |
| १० | जर्मनी | ८७७६ | १.१२ |
| | **जम्मा** | **७८३१८०** | **१००** |

# पशु सेवा कार्यक्रममा सुशासन

**सुशासन इकाई, प.से.बि.**

सार्बजनिक प्रशासनमा कर्मचारी प्रशासनलाई जति चुस्त र सक्षम बनाउन सकियो सोही अनुपातमा उपलब्धी र परिणाम हासिल हुने कुरा निर्बिबादनै छ । यसै सन्दर्भमा पशु सेवा विभाग र अन्तरगतका निकायहरू पशु सेवा प्रवाहलाई पारदर्शि, उत्तरदायि तथा जबाफदेही, गुणस्तरिय तथा प्रभावकारी बनाई सेवाग्राहीलाई सन्तुष्टी दिलाउन व्यवस्थापकिय र सुशासन पक्षलाई बिशेष जोड दिइ कार्य गर्दै आएका छन् । पशु सेवा विभाग र अन्तरगतका निकायहरूबाट सुशासन पक्षमा भएका केहि कार्यहरू तल उल्लेख गरिएको छ ।

बिभागका महानिर्देशकको संयोजकत्वमा उपमहानिर्देशकहरू, प्रशासन शाखाका उपसचिब, आर्थिक प्रशासन शाखाका लेखा नियन्त्रक, अनुगमन तथा मूल्याकंन शाखा तथा कानुन शाखाका अधिकृत सदस्य रहेको सुशासन इकाई गठन भई नियमित रूपमा प्रत्येक महिनाको १८ गते बैठक बसी सुशासन संबन्धी कार्य हुदै आएको छ ।
विभागमा हुने खरिद कार्यलाई योजनाबद्ध, पारदर्शि तथा व्यवस्थित गर्न खरिद बैदेशीक शाखाका अधिकृतको संयोजकत्वमा आर्थिक प्रशासन र कर्मचारी प्रशासन शाखाका प्रतिनिधि रहेको खरिद इकाई गठन भई उक्त संबन्धमा कार्य हुदै आएको छ । यस व्यवस्थालाई बिभाग अन्तरगतका सबै निकायमा लागु गर्ने व्यवस्था मिलाइएको छ ।

सेबाग्राहीलाई सेवा लिन सजिलो र सुबिधा होस भन्ने अभिप्रायले बिभाग र अन्तरगतका सबै निकायहरूमा नागरिक बडापत्र टांस गरिएको छ । यसमा प्रदान गरिने सेवा, समय, दस्तुर आदि विवरणहरू उल्लेख गरी सबैले देख्ने स्थानमा राख्ने व्यवस्था मिलाइएको छ । Help Desk को व्यवस्था गरी पहिले सेवा लिन आउनेलाई पहिले सेवा First come, first service को लागि टोकन प्रणाली लागु गरिएको छ ।

बजेट तथा कार्यक्रम र खर्चको फाटबारीलाई सार्बजनिक गरिने व्यवस्था मिलाइएको छ । उजुरी पेटीका राखी गुनासोलाई व्यवस्थापन गर्ने परिपाटीको बिकास भएको छ ।

विभाग र अन्तरगतका निकायहरूका काम कारबाही पारदर्शी बनाई सेवाग्राही प्रति जवाफदेहि र जिम्मेवार बनाउन साथै नागरिकको सुसूचित हुने हकलाई मध्यनजर गरी सूचना अधिकृतको व्यवस्था गरी माग भएका सुचना प्रवाह गर्ने गरिएको छ ।

भ्रष्टाचारबिरूद्धको रणनीति तथा कार्य योजना, २०६५ को कार्यान्वयनको व्यवस्थाको लागि विभागमा आर्थिक प्रशासन शाखाका प्रमुखको संयोजकत्वमा सबै शाखा प्रमुख रहको समिती गठन गरिएको छ ।मातहतका सबै निकायलाई कार्य योजना कार्यान्वयनको लागि अनुरोध गरिएको छ ।

पशुपंक्षीपालक कृषक तथा व्यवशायीहरू लगायत सर्बसाधारणको गुनासो व्यवस्थापनलाई अझ बढि प्रभावकारी बनाउने सन्दर्भमा यस पशु सेवा विभाग र अन्तरगतका कार्यक्रम निर्देशनालय तथा आयोजनाहरूका प्रमुखसंग सेवाग्राहीको सोझै नियमित अन्तरकृया गर्न तालिकामा उल्लेख अनुसारको व्यवस्था मिलाई सार्वजनिक गरिएको छ ।

## तालिका नं ८

| सि.न | कार्यालय | संपर्क हुने पद | संपर्कको लागि छुट्टाइएको दिन | समय | संपर्क फोन न. |
|---|---|---|---|---|---|
| १ | पशु सेवा विभाग, हरिहरभवन | महानिर्देशक | प्रत्येक महिनाको ३ र १८ गते | १०.३० देखि ११.३० | ५५२२०५६ |
| २ | पशु उत्पादन निर्देशनालय, हरिहरभवन | कार्यक्रम निर्देशक | प्रत्येक आइतबार | १०.३० देखि ११.३० | ५५४८३५६, ५५४२९१४ |
| ३ | पशु स्वास्थ्य निर्देशनालय, त्रिपुरेश्वर | कार्यक्रम निर्देशक | प्रत्येक बुधबार | १२.०० देखि १.०० | ४२६११६५ |
| ४ | पशु पंक्षी बजार प्रबर्द्धन निर्देशनालय, हरिहरभवन | कार्यक्रम निर्देशक | प्रत्येक बिहिबार | ११.०० देखि १२.०० | ५५५४११०, ५५५४११२ |
| ५ | पशु सेवा तालिम तथा प्रसार निर्देशनालय, हरिहरभवन | कार्यक्रम निर्देशक | प्रत्येक सुकबार | ११.०० देखि १२.०० | ५५२२०५९ |
| ६ | सामुदायिक पशु बिकास आयोजना, हरिहरभवन | आयोजना प्रमुख | प्रत्येक आइतबार | १०.३० देखि ११.३० | ५५२६२३४ |
| ७ | कबुलियति बन तथा पशु बिकास कार्यक्रम, हरिहरभवन | प्रोजेक्ट कोअर्डिनेटर | प्रत्येक आइतबार | ११.०० देखि १२.०० | ५०१००५६ |
| ८ | एभियन इनफ्लुन्जा नियन्त्रण आयोजना, बुढानिलकण्ठ | प्रोजेक्ट कोअर्डिनेटर | प्रत्येक सुकबार | ११.०० देखि १२.०० | ४६५०१२७ |

विभागको कार्यबिधि तयार भई प्रत्येक कर्मचारीको कार्य विवरण तथा अधिकार प्रत्यायोजन, दण्ड तथा पुरस्कारको व्यवस्थामा गरिएको छ भने साधन र श्रोतको मितव्ययिता, आर्थिक अनुशासन र सरकारी संपत्तिको संरक्षणमा जोड दिइएको छ । बेरूजु फर्छौट गर्ने कार्यलाई प्राथमिकता दिइएको छ ।

# **कृत्रिम गर्भाधान कार्यक्रम** : एक विवेचना

**अनुगमन तथा मूल्याङ्कन शाखा, प.से.बि.**

देशमा कृत्रिम गर्भाधान कार्यक्रम ४८ बर्ष पहिले देखिनै शुरू भएतापनि बिगत केहि बर्षदेखि मात्र यसलाई अभियानको रूपमा संचालन गरिएको छ । राष्ट्रिय पशु प्रजनन केन्द्र, पशु प्रजनन कार्यालयहरू, जिल्ला पशु सेवा कार्यालयहरू तथा निजी केन्द्रहरूबाट समेत यस कार्यक्रमलाई प्राथमिक्तामा राखी उत्पादन सामाग्री तथा प्राबिधिक सेवाटेवा पु-याउदै आएका छन् । हाल देशको ५० जिल्लाको १७८ वटा कृत्रिम गर्भाधान केन्द्रबाट यस कार्य अगाडी बढेको छ भने प्राइभेटरूपमा ६५ केन्द्र यस कार्यमा संलग्न छन् । कुल ४४२ जना यस कार्यमा कृत्रिम गर्भाधान सेवा प्रदायक (Inseminators ) को रूपमा कार्यरत छन् ।

आ.व. ०५०/५१ मा १८,८१५ कृत्रिम गर्भाधान भएकोमा आ.व. ०६५/६६ मा ९८,२६५ कृत्रिम गर्भाधान कार्य संपन्न भयो भने आ.व. ०६६/६७ मा १,४९,२६१ कृत्रिम गर्भाधान भएको छ जुन आ.व. ०६५/६६ को तुलनामा ५२ प्रतिशतले बृद्धि हो । कुल कृत्रिम गर्भाधान मध्ये भैसीमा ११८४९२ र गाईमा ३०७६९ कृत्रिम गर्भाधान भएको थियो । आ.व. ०६६/६७ कृत्रिम संपन्न भएका कृत्रिम गर्भाधान संबन्धी तथ्यहरू मध्यनजर गर्दा यस कार्यमा अग्रणी भूमिका निर्बाह गरेका जिल्लाहरू क्रमश: रूपन्देही १६८९७, चितवन १६२९६, मोरङ १२२९२, नवलपरासी, १०४८४, काठमाण्डौ ९७२९ र झापा ८१६३ रहेकाछन् भने कम कृत्रिम संपन्न भएका जिल्लाहरू लमजुङ ७७, अर्घाखाची ५५, रोल्पा २५, प्युठान २१, दैलेख ० रहेका छन् ।

बिकास क्षेत्रको रूपमा हेर्दा पूर्बान्चल बिकास क्षेत्रका ८ जिल्लाबाट ४०३३६, मध्यमान्चल बिकास क्षेत्रका १८ जिल्लाबाट ६२९६१, पश्चिमान्चल बिकास क्षेत्रका १३ जिल्लाबाट ३९१३२, मध्य पश्चिमान्चल बिकास क्षेत्रका ९ जिल्लबाट ४२४० र सुदुर पश्चिमान्चल बिकास क्षेत्रका २ जिल्लाबाट २५९२ कृत्रिम गर्भाधान कार्य भएको थियो ।
प्रति केन्द्र कृत्रिम गर्भाधान ६१४ र प्रति सेवा प्रदायक कृत्रिम गर्भाधान (Inseminators ) ३३८ रहेको छ । प्रति केन्द्र कृत्रिम गर्भाधान सबभन्दा बढि मध्यमान्चल बिकास क्षेत्रमा ७५० रहकोमा सबभन्दा कम मध्य पश्चिमान्चल बिकास क्षेत्रमा २६५ मात्र भएको थियो । त्यस्तैगरी प्रति सेवा प्रदायक कृत्रिम गर्भाधान ( Inseminators ) बढि मध्यमान्चल बिकास क्षेत्रमा ४२३ रहकोमा सबभन्दा कम मध्य पश्चिमान्चल बिकास क्षेत्रमा केबल १२४ मात्र रहेको थियो ।

कृत्रिम गर्भाधानको कभरेजलाई नियाल्दा भैसीको कभरेज साह्रै न्यून छ । केबल १.८ प्रतिशत मात्र दूधालु भैसीमा कृत्रिम गर्भाधान कार्य पुगेको छ भने गाईमा केहि बढि कभरेज भई १२.९ प्रतिशत रहेको छ । गाईमा पुगेको कृत्रिम गर्भाधान कभरेजलाई बिकास क्षेत्रको रूपमा हेर्दा पूर्बान्चल बिकास क्षेत्रको १८.२, मध्यमान्चल बिकास क्षेत्रका ३१.०, पश्चिमान्चल बिकास क्षेत्रको २३.६, मध्य पश्चिमान्चल बिकास क्षेत्रको २.७ र सुदुर पश्चिमान्चल बिकास क्षेत्रका ४.२ प्रतिशत मात्र कृत्रिम गर्भाधान कभरेज भएको थियो । त्यस्तैगरी भैसी तर्फ पूर्बान्चल बिकास क्षेत्रको ५.२, मध्यमान्चल बिकास क्षेत्रका ३.२, पश्चिमान्चल बिकास क्षेत्रको ४.३, मध्य पश्चिमान्चल बिकास क्षेत्रको १.५ र सुदुर पश्चिमान्चल बिकास क्षेत्रका १.३ प्रतिशत कभरेज रहेको छ

आ.व. ०६०/६१ मा गाईमा ५४.१९ र भैसीमा ४३.४४ गर्भाधान दर (Conception Rate) रहेकोमा क्रमिकरूपमा यसमा आएको सफलताको कारणले आ.व. ०६६/६७ मा गाईमा ५६.१५ र भैसीमा ४६.७६ गर्भाधान दर (Conception Rate) पुगेको छ । कृत्रिम गर्भाधान संबन्धित बिस्तृत विवरण अनुसूचि १० देखि १४ सम्म रहेको छ ।

# नेपालको सन्दर्भमा बर्ड फ्लू

**अनुगमन तथा मूल्याङ्कन शाखा, प.से.बि.**

बर्ड फ्लू विषाणुबाट कुखुरामा देखा पर्ने अति संक्रामक एवं घातक रोग हो जुन रोगी कुखुराको प्रत्यक्ष सर्म्पकबाट मानिसमा सर्न सक्दछ । बर्ड फ्लू पहिलो पटक इटालीमा इस्वी संवत १८७८ मा देखा परेको थियो भने हाल चर्चामा आएको एच ५ एन १ बर्ड फ्लू भाइरस पहिलो पटक दक्षिण अफ्रिकामा इस्वी संवत १९६१ मा फेला परेको थियो ।

नेपालमा यो रोग विक्रम संवत २०६५ सालमा पहिलो पटक देखा परेको हो । झापा जिल्लाको मेचिनगर नगरपालिका वडा नं १० मा देखिएको यो रोग दोश्रो पटक झापाकै शरणामति गा.वि.स.को वडा नं २ मा देखिएको हो । विक्रम संवत २०६६ सालमा यस रोग नेपाल राज्यको सात वटा विभिन्न जिल्लामा फैलिएको थियो । यसर्थ हाल सम्म यो रोग नेपालमा नौ ठाउंमा फैलिसकेको छ । यसरी फैलिएको बर्ड फ्लूले देशको कुखुरा व्यवसायलाइ सारै प्रभावित पारेको छ र करोडौको क्षति भएको सहजै अनुमान लगाउन सकिन्छ । तथापी हालसम्म नेपालमा कुनै पनि किसिमको मानवीय क्षती भएको छैन ।

नेपाल सरकारले प्राकृतिक प्रकोपको रूपमा घोषणा गरेको यस रोगलाई नियन्त्रणमा लिनको लागि बर्ड फ्लू आदेश, ०६४ (पहिलो संशोधन ०६५ र दोश्रो संशोधन ०६६) जारि गरिएको छ । यसै आदेशलाइ आधार मानि देशका बिभिन्न ठाउंमा फैलिएको यस घातक रोगलाइ नियन्त्रणमा लिएको छ । यो रोग नियन्त्रणमा लिनको लागि नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत पशु सेवा विभाग र स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्य विभागको समन्वयात्मक प्रयासको अत्यन्त जरूरत छ । नेपालमा बिभिन्न समयमा देखापरेका यस रोगको स्थान तथा क्षतिका विवरण तल प्रस्तुत गरिएको छ ।


AVIAN INFLUENZA OUTBREAK POINT
N
W
E
S
Legend
OUTBREAK POINT
Humla
Darchula
Bajhang
Baitadi
Bajura
Mugu
Dadeldhura
Doti
Achham
Kalikot
Jumla
Dolpa
Kanchanpur
Dailekh
Jajarkot
Mustang
Kailali
Rukum
Manang
Surkhet
Myagdi
Bardiya
Salyan
Rolpa
Baglung
Kaski
Lamjung
Gorkha
Rasuwa
Banke
Dang
Pyuthan
Gulmi
Syangja
Tanahun
Dhading
Nuwakot
Sindhupalchok
Dolakha
Arghakhanchi
Palpa
Kapilbastu
Rupandehi
Nawalparasi
Chitawan
Makwanpur
Bhaktapur
Lalitpur
Kavre
Ramechhap
Solukhumbu
Sankhuwasabha
Taplejung
Sindhuli
Parsa
Bara
Rautahat
Sarlahi
Mahottari
Dhanusa
Siraha
Udayapur
Khotang
Bhojpur
Terhathum
Panchthar
Dhankuta
Ilam
Saptari
Sunsari
Morang
Jhapa
Prepared By: Dr. Suvash Shiwakoti
Meters
0
35,500
71,000
142,000
213,000
284,000

# तालिका नं ९
## क्षति सम्वन्धि विवरण

| स्थान | घोषणा मिति | क्षति | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ब्रोइलर संख्या | लेयर्स संख्या | लोकल संख्या | चल्ला संख्या | हांस संख्या | अन्य चरा संख्या | अण्डा संख्या | मासु के.जी. | दाना के.जी. |
| झापा,मे.न.पा. १० | ०६५।१०।०२ | २६६१६ | | | | ४४६ | ३६१ | ५६२२ | ०.५ | ३४५ |
| झापा, शरणामति २ | ०६५।११।०९ | | | ३१५७ | | ४२ | ३५१ | ६४१ | | |
| कास्की,पोखरा उ.म.न.पा ७ | ०६६।१०।२० | ७६०६ | १९० | २७३९ | | ४९१ | १०२ | १९०२ | १४४.५ | १५१६ |
| चितवन, चैनपुर ८, | ०६६।११।७ | | | १९४ | | ०४ | १८ | | | |
| बाके, फत्येपुर ७ | ०६६।१०।२७ | | २०५ | ६९५ | ३५४ | | २४ | १६० | | १०० |
| रूपन्देही, दुधराक्ष ३ | ०६६।११।१२ | ८ | | २५५ | | ८५ | १० | ६० | | |
| दाङ, त्रिभुवन न.पा. १० | ०६६।११।१३ | | | | | | | | | |
| नवलपरासि, देउरालि ६ | ०६६।१२।४ | | | २१८५ | १९८० | ३०१ | २०३ | २९०२ | ०४ | |
| कैलाली,टिकापुर न.पा ९ | ०६६।१२।४ | | | ४० | ४३ | | | १६ | | |
